# १) पदमलाल प्रजा

मनहरी र लोथरको बिचको राप्तीको बगरमा १३ वर्ष र ६ वर्षकी २ वटा छोरीहरु रिता र सरिताका साथमा पदमलाल प्रजा सँग भलाकुसारी भयो । बगर माथी स -साना काठको खावाँमा खरले छाएको, काँसले बारेको सानो झुपडी छ झुपडी भित्र काठले बनाएको टाँड छ जहाँ उनिहरु सुत्दछन् रे ? झुपडीको दक्षिण पट्टि कुनामा ढुङ्गाले बनाएको चुलो छ भने टाडँमा नै २-४ वटा गिट्ठा र भ्याकुर छरिएका छन् । चुलो माथी सिल्भरको कालो कसौडी छ, तर न त चुलो बलेको छ न त कसौडी नै भरिएको छ । खाना खानु  भयो दाई । मैले औपचारीकता पुरा गरे तर त्यस प्रश्नले पदमलाललाई नै निकै अप्ठारो पारेको जस्तो महशुश मैले पछि गरे । छोरीहरु तर्फ फर्केर मसिनो स्वरमा ‘ खायो सर ! हामी त २ दिन देखि यहि गिट्ठा र भ्याकुर खाएको छ । काम छैन । चामल पिठो पनि छैन । जंगल तिर गयो गिट्ठा खोज्यो ल्यायो उसिनो खायो’ । जवाफ सिद्धाउछन् पदमलाल । छोरीहरु कहिले पदमलाललाई हेर्छन, कहिले टोलाउछन् । टाडँ माथीको गिट्ठाका डल्लाहरु पर सार्दै टाँड माथी बसी सके पछि क्रमशः पदमलाल प्रजा माथी प्रश्नहरु वर्षाउन थाल्दछु । उनि आफ्नै शैलीमा निरन्तर भन्दै जान्छन् ।  डायरीमा टिप्ने र उतार्ने प्रयास गरिरहेको छु । एउटा सजिव वास्तविकता एउटा कथा जुन यथार्थता प्रकोपले निम्ताएको दुर्दसा ‘म २००५ सालमा जन्मिएको हुँ, ५८ वर्ष लागे होइन र ? रासिराङ्ग गा.वि.स. वार्ड नं. ८ कटुसिङ्ग गाऊँ हो । हाम्रा बावु बराजु सबै त्यहि बसेका हुन । म जन्मिएको पनि त्यहि हो । मेरो ५ विघा जमिन थियो । घान मात्र ८० मुरी हुन्थ्यो । घर मानै मकै, कोदो पिस्ने घट्ट थियो । दिन रात भरि घट्ट चलिरहन्थ्यो । केहि कुराको अभाव थिएन । घान मनहरी लगेर बेचेर कपडा, नुन, तेल ल्याईन्थ्यो । तर आज जंगलबाट गिट्ठा भ्याकुर खोजेर खान परेको छ । त्यहि गिट्ठा भ्याकुर नपाएको दिनमा भोकै बस्नु पर्दछ के गर्नु यस्तो पनि हुदोरहेछ ‘पदमलालले छोटकरीमा विगत र वर्तमानलाई टुङ्गाए पनि जिवनका अरु पक्षहरुलाई उक्काउन मन लाग्यो । प्रजा जातिको प्रिय बस्तु जाँड कति खानु हुन्छ ? भन्न नपाँउदै पहिला त घरमा ८-९ पाथीको घैटोमा जाडँ राख्यो त्यत्रो जाँड १५-१६ दिनमा म र बुढी भएर सक्थ्यौ । अहिले त मकैको जाँड ५ रुपैया माना किनेर खान परेको छ त्यो पनि पैसा हुदाँ’ भन्दै विगत सम्झदा मात्र पनि निकै खुसी देखिन्छन । पदमलाल प्रजाको २ वटा श्रीमति बाट ११ वटा सन्तान जन्मिए रे ? जसमा कान्छिबाट ९ वटा र जेठीबाट २ वटा अहिले बाँचेका मा ७ वटा छोरी र १ वटा छोरा गरी ८ वटा ज्यूदैछन् । जेठीको मृत्यू खै के रोग लागेर हो भए पछि गाँऊकै १२ वर्षकी केटी सँग उनले विवाह गरे । उनलाई धनि देखेर घरमानै छोरी दिन आए पछि मैले विवाह गरे उनि गर्वका साथ भन्दछन् । १३ वर्ष देखि कान्छि श्रीमतिले लगातार ९ वटा बच्चा पाई सकिन अहिले भने ३ महिने सुई

लागएको उनले बताए । कान्छि श्रीमतिको उमेर ३४-३५ वर्ष भयो होला । यत्रो ठुलो १० जनाको परिवारलाई सजिलै पाल्ने, भरणपोषण गर्ने, पदमलाललाई धनि बनाउने सम्पूर्ण  कुरा १ रातको बाढी सँगै आएको पैह्रोले बगाईदियो । अर्थात ०५९ श्रावण ६ गते सोमबारको त्यो कालो रातले पदमलालका परिवारलाई विचल्ली बनाइदियो । घरबार विहिन एवं बेसाहारा बनायो । खोलामा बाढी आँएको छ भन्ने थाहा पाए पछि परिवारका साथ भागेर भाथी जंगलको छेऊमा गएर रात भरी विताएको पिडादायक क्षण सम्झनछन् । पदमलला प्रजा । उनि अगाडी भन्दछन् भोली पल्ट उज्यालो भए पछि बारी तिर हेरेको त बारी र खेतको त नाम निशाना नै छैन । बारी माथी त ४०-५० फिट अग्लो गेगर पुरै ढाकिएको छ । जिरखे खोलामा माथी पहाडबाट पैह्रो झरेर मिसिए पछि बाढि आयो । त्यहि बाढीले सम्पूर्ण खेलहरुलाई बगरमा परिणत गरिदियो । यसरी एक रातको प्रकोपले पदमलाल प्रजाको पुर्खा देखिको इज्जत मान प्रतिष्ठा जुन समाजमा गाँऊ भरीको धनि भएको कारणले प्राप्त भएको थियो त्यो सबै त्यही जिरखे खोलाको गेगर भित्र नै पुरियो । उनि सँग त्यति बेला के को अभाव थियो र । गोठमा १ वटा गाई, बाख्रा, ५ वटा कुखुराका पोथी, ११-१२ वटा भकारीमा १०-१२ मुरी घान, मकै, कोदो  थियो त्यी सबै बाढीमा बगेर कहाँ-कहाँ पुगे त्यसको जवाफ कसले दिन सक्छ र ?

उनि भन्दछन् ‘रात भरि रायौ, परिवार सारा रोए । हामी सँगै काखको १ वर्षको छोरी पनि रोई तर हामी जति रोए पनि केहि भएन । न त हाम्रो खेत बारी फर्कियो न त हामीलाई कसैले केहि गऱ्यो । २-३ दिन सम्म त भोकै बस्यौ । तर ज्यूदो मर्न सकिदोरहेनछ । न त भोक भोकै मर्न । ३ दिन पछि उनिहरु पनि अरु सँगै मनहरी बजार नजिकैको शिविरमा आएर बसे । त्यहाबाट पछि उनिहरुलाई यस बगरमा सारियो यस बगरमा पनि २०६१ आषाढ ७ गते यहाँ बनाएको सानो झुपडी राप्तीले बगाईदिए पछि फेरी अर्को झुपडी बनाए । जुन झुपडी अहिले उनि बसिरहेका छन् । यो बासस्थान पनि उनको लागी न त सुरक्षित नै छ न त  भरोसा लाग्दो नै कुन बेला फेरी राप्तीमा पानी बढदछ र यो झुपडी पनि बगाउँछ । उनि व्याकुलता र हैरानी व्यक्त गर्दछन् । प्रकृतिको  प्रकोपबाट उझाड भएका पदमलाल निकै सोझा छन् । उनलाई देशको नाम, राजधानीको नाम र राजा-रानीको नाम समेत थाहा छैन । उनलाई पढ्न लेख्न आउँदैन । उनि भन्दछन् बाढि पिडितको ऱ्यालीमा १ पटक हेटौडा गएको भन्दा पहिला उनि कहिल्यै पनि जिल्ला सदरमुकाम हेटौडा समेत गएका छैनन् । अब यस्ता सोझा प्रजाले खोई कसरी यत्रो जम्बु परिवार घान्नेहुन थाहा छैन ? त्यो कुरा स्वयं उनलाई पनि थाहा छैन । उनि मात्र यति जान्दछन् सरकारले कहि कतै ४-५ कट्ठा जमिन दिए हुन्थ्यो ।

‘यो रिता पनि १२ वर्ष पुगेर १३ लागी कोही माग्न आए दिन्थे । आफ्नी अन्तरी छोरी देखाउदै पदमलाल भन्दछन् । यदि प्रकोप नआएको भए मैले छोरीहरुलाई पढाउनको लागी भर्ना गरेको थिए । तर के गर्ने भाग्य नै यस्तै रहेछ । अहिले त परिवार ठुलो छ कमाई छैन त्यसैले परिवार घटाउनु पर्‍यो नि ? उनि यो भन्दा बढि के भन्न सक्दछन् र ? भन्नु पनि के ? अकस्मात सोच्दै नसोचेको बज्र प्रहार भए पछि उनि अब के गर्ने कसो गर्ने भन्ने दुविधामा नै छन् ।

यो प्रकोपले जग्गा-जमिन मात्र बगाउँदैन । प्रकोप सँग सँगै सयौ रिता जस्ता छोरी चेलीहरुको भविष्य पनि डुवाउछ । घरमा बाबुले पाल्न नसकेर आतिईरहेको देखेका रिता जस्ता सयौ छोरीहरु बाध्यता वश कहाँ-कहाँ पुग्ने हुन मात्र अनुमान गर्न सकिन्छ । प्रकोपले तहस-नहस बनाएको एउटा परिवारको पिडाले भोलीका दिनहरुमा के-के गणनालाई बढ्याउने हो त्यो त घाम जस्तै छलङ्ग छ । यहाँ पदमलालको कथालाई मात्र कोर्न सकिन्छ तर रिता र सरिता जस्ता छोरीको भविष्य एवं भोलीको संसार प्रति खोई को जिम्मेवार छ ?

पदमलाल प्रजाको छोरो हरि प्रजा त्यो प्रकोपको घटना हुदाँ ५ मा पढथ्यो । जब उनिहरु यस बगरमा आएर बसे त्यस पछि उसको पढाइलाई अप्ठारो भएको छ । रु४७०।- ऋण खोजेर मनहरीको स्कुलामा भर्ना गरिदिए । तर अहिले पढ्न गएको छैन । गुनासो गर्दछन् । किन ? भन्ने प्रश्नमा उनि भन्दछन् । त्यहाँ बाट हिडेर जादाँ मनहरी पुग्न २-३ घण्टा लाग्ने सधै स्कुल पुग्न ढिलो हुने ? ढिलो भए पछि मास्टरहरुले पिट्ने रे ? त्यसैले जादै जादैन डुलेर हिड्दछ खै के गर्ने ? डेरा लिएर राख भन्दछन् ? के को पैसाले डेरा लिने ? उनि म तर्फ फर्केर प्रश्न गर्दछन् ? म सँग पनि यसको जवाफ छैन । मात्र थाहा छ, हरि प्रजाले पढन् पाउनु पर्दछ किनकी मुलुकमा मा.वि. सम्म शिक्षा निशुल्क छ । तर यसको जवाफ सम्बन्धीत सरोकारहरुले अवश्य पनि दिनु पर्दछ । नत्र भोली हरि प्रजा जस्ता हजारौ छोराहरुको आक्रोस, क्रन्धन एवं यिनीहरुले लिने उपेक्षाको बदलापूर्ण अग्नी मुस्लोले थाहा छैन को- कस लाई कहाँ-कहाँ कसरी डढाएर खरानी बनाउने हो ?

# २) दिर्घमान घलाङ्ग (तामाङ्ग)

वैशाखको चर्को घाममा मनहरी बजार नजिक सुनाचुरी राप्ती बगरमा ठडिएको एउटा सानो झुप्रो भित्र गुन्द्री ओच्छ्याएर एउटा थकित शरिर लम्पसार परिरहेको छ । लाग्दछ बोझिलो जिन्दगीको ठक्कर र चोटहरुले ऊ निकै थाकेको छ । उसको शरिरबाट जोस जागँर ल्याउने सबै कुरा टाढिई सकेको छ । म कुनै काल्पनिक पात्र श्रृजना गरेर कथा लेखिरहेका छैन । एउटा सजिब र यथार्थ पात्र एउटा उजाडिएको अझै प्रकोपको थला-थला बनाएर झनै किनारा लगाई दिएको जिवनहरुको भोगाईहरुको भोगहरुलाई मात्र टिप्ने प्रयास गरिरहेको छु ।

दिर्घमान घलाङ्ग (तामाङ्ग) वर्ष ५९ को त्यो पात्र हो । जो बगर माथी आराम गरिरहेको छ । मकवानपुरको लोथर-मनहरि को विचमा राप्ती नदीले बनाएको बगर जहाँ बालुवा र गेगर बाहेक केहि छैन । वैशाखको गर्मीमा माटो-माटो भएको जमिन त कति तात्दछ कल्पना गर्नुहोस त त्यो बगर कति तातेको होला ? नदेखिने किसिमले बालुवा र गेगर पोलीएको कोइला जस्तो थियो । चप्पल हटाएर जमिनमा टेक्दा आगोको चुल्होमा गोडा लगे जस्तो अनुभव हुन्थ्यो । 'ए दाई ! दाई ...' बोलाहटले दिर्घमानको आखाँ खुल्यो । उनि जुरुक्क उठेर आखाँ मिच्दै छेऊ लागेर बसे । नौलो मान्छेको उपस्थितिले उनि भित्र अकस्मात आशा, जिज्ञाशा, कौतुहलता एकै चोटी जन्माएको महशुश हुन्थ्यो ।

केहि समयको औपचारीक चिनजान पछि कुराकानी अगाडी बढ्यो । दिर्घमान भन्दै थिए 'मनहरीबाट माथी काकँडा गा.वि.स. वार्ड नं. ४ मा थियो घर त्यस गा.वि.स.मा हामी २१ वर्ष अगाडी रासिराङ्ग गा.वि.स वार्ड नं.१ तोरसीकोरबाट आएको हो । हाम्रा पुर्खा त्यहि रासिराङ्गमा नै बस्दै आएका थिए' । जिवनमा ३ वटा श्रीमतिका लोग्ने बनेका दिर्घमान २ वटा छोरा ५ वटा छोरीका बाबु पनि हुन । आफ्नै जिल्लाको जिल्ला सदरमुकाम हेटौडामा पनि यो ५९ वर्षको उमेरमा उनि जम्मा ३ पटक पुगेका छन् । उनि हिडेर पनि हेटौडा गएका छन् । मनहरीबाट हेटौडा पुग्न उनलाई ठाक्कै १ दिन पुरै लागेको थियो । दिर्घमानका ५ जना दाजु-भाई थिए । ५ दाजु-भाईको बिचमा जम्मा २ विघा जमिन थियो । पछि छुट्टिदा पनि त्यहि जमिनमा उब्जने मकै र कोदोले उनिहरुलाई वर्ष दिन भरी खान भने पुग्दथ्यो । चामलको भात खान त चाँड आउनु पथ्यो सर ? नत्र कहाँ खाने चामल र ? वर्षमा माघे सक्रान्ति, दशै र तिहार मात्र चामलको भात खाइन्थ्यो र अछेताको लागी मात्र चामल हुन्थ्यो । नत्र चामल देख्न नै पाईन्थ्यो भन्दछन् दिर्घमान । त्यहि चामल पनि मकै बेचेर मनहरी बजारबाट किनेर लैजाने गरेको बताउछन् उनि तर पनि मकै र कोदोको भरमानै परिवार राम्रै सगँ पालिएको

थियो । सन्तोष नै थियो हाम्लाई 'लामो सुस्केरा काट्दछन दिर्घमान । गोठमा २ वटा बाखा १ हल गोरु, १ वटा गाई थिए । र एउटा राम्रै घर थियो तर त्यो रात ०५९ श्रावण ६ गते रातीको बाढी र पैह्रोले सबै एकै चोटी बगायो । धन्य हाम्रो परिवार त निस्कन भ्याईयो'। मलिन अनुहार बनाउदै दिर्घमान भन्दछन् उनि निरन्तर भन्दै जान्छन् । 'श्रावण ४ गते बाट नै ठुलो झरी परिरहेको थियो । तर त्यस्तो उत्पातै होला जस्तो त कहिले पनि लागेको थिएन । २१ वर्ष मैले नै त्यहि ठाँऊमा विताई सकेको थिए । त्यस अगाडी पनि कहिल्यै पनि त्यहाँ त्यस्तो नभएको भन्थे मान्छेहरु तर यस पटक अचम्म मै भयो । दैवको अगाडी कसको के लाग्दो रहेछ र ? ६ गते सोमबारको रात पाङ्गथली खोला माथीबाट आएको पैह्रो मिसिएर खोलात ३०-४० फिट माथी पो उठेर बग्न थाल्यो । खोला उठेर बारी-बारीबाट घरहरु भत्काउदै, प्राण धान्ने जमिनलाई बगर बनाउदै बग्न थाल्यो । खोला निर्दयी बनेर बग्यो । हाम्रो सारा बारी पनि बगायो) । रोकिन्छन् दिर्घमान उनि बर्णन गर्न सक्दैनन् त्यो रातको जुन रातले काँकडालाई उजाड बनाएको थियो । मानव बस्ति बाट खोलाको बगरमा परिणत गरिदिएको थियो । एउटा सुन्दर गाँऊको एकै रातको प्रकोपले इतिहासनै मेटाईदिएको थियो । युगौ लगाएर बनाएको मान्छेहरुको त्यो बाँस स्थानलाई प्रकोपको एउटा झोक्काले क्षत विक्षत बनाईदिन सक्छ भने विकास किन गर्ने ? किन श्रम बगाउने ? नविन निर्माण किन गर्ने ? प्रश्नहरु उठने गर्दछ । तर दिर्घमानको जिवनको यात्रा त्यो प्रकोप पछि झन अगाडी बढेको छ ।

दिर्घमानलाई भेट्दा त्यस्तै दिनको १२.३० बजेको हुनु पर्दछ । खाना खानु भयो ? भन्ने सोधाईलाई हल्का हास्दै उनि भन्दछन् । छोरीको घरबाट २ माना मकैको जाडँ ल्याएको थिए । २ कचौरा खाए । अरु राखेको छ अहिले खान पर्ला ? त्यतिले पुग्दछ र ? अरु खानु पर्दैन ? भन्न नपाउदै उनको जवाफ आउँछ के गर्ने कुनै दिन काम पाइन्छ कुनै दिन पाइदैन । काम पाएको दिनमा खाने नभएको दिनमा भोकै बस्ने । खाने दिन गए ? अझै उनि भन्दछन् गत साल यहि मकै रोपेको थिए (बगरलाई देखाउदै) ७ डोको त आयो । हेर्नुस न हात । हात देखाउछन् उनि हात भरी ठेला उठेको छ । अहिले पनि लगाएको छु । तर खडेरी पऱ्यो ? बगरलाई खनेर जोतेर बाच्ने आधार बनाउने कुरामा भने उनमा राम्रै अठोट देखियो । उत्साह फेला पऱ्यो तर क्षण भरमा फेरी निराश हुन्छन् र भन्दछन् ।

'गत ०६१ मंसीर मा राष्ट्रिय निकुञ्जबाट सुचना टाँसेर ७ दिन भित्रमा बगर छोडन भनिएको थियो । तर उनिहरु कसैले पनि नछोडे पछि अहिले सम्म कोही पनि नआएको बताउँछन् उनि । १० मिटर चौडाई र ८४ मिटर लम्बाईको लामो आकारको बगरको टुक्रा उनको भागमा परेको छ । त्यहि प्रकोपबाट खेदिएका ४२७ घर घुरीलाई भाग बण्डा गरिएको छ त्यो राप्तीको बगर । त्यो बगर सम्म पनि उनि सजिलै आइपुगेका भने होइनन् । त्यो कालो रातको भाग दौड पछि त्यहाँ

पुगेका संघ, संस्था, उद्‌ारकर्मीको पहलमा मनहरी बजारको नजिकै रहेको खाली स्थानमा अरु सँगै उनलाई पनि राखिएको थियो । 'थुप्रै समय सम्म प्लाष्टिकको पालको भरमा साँगुरो त्यो ठाउँमा बसि सके पछि ०६० चैत्र २ गते मन बहादुर थिङ्गले यस बगरमा ल्याएर राखेको हो । उनि भन्दछन् । ढुङ्गा, गिटी र बालुवाको त्यो बगर आखिर राप्तीको आफ्नै बाटो न हो फेरी आउँदो साल त्यहिबाट राप्ती नहिडला ? भनेर को ठोकुवा गर्न सक्छ ? उनि स्वयंमा त्यो विश्वास छैन । आखिर जे होला होला ? एक पटक मरि सकेको मानिस फेरी मर्ला ? के फरक पर्दछ । उनि बाहिरी रुपमा हिम्मत हार्दैनन् । थाहा छैन प्रत्येक मान्छेलाई मृत्यू त्यति सहज होला र ? के विवसताले मृत्यूलाई पनि ओजेलमा पार्ने गर्दछ । कति कठोर छ हगि प्रकोप प्रत्येक पाइला-पाइलामा मानिसको शिर माथि नाङ्गो र घारिलो तरबार झुण्डिए जस्तै खतरा मडारिरहने त्रास उब्जाई रहने । प्रश्न उठ्दछ 'दिर्घमानहरु निर्घक्क भएर बस्न पाउने व्यवस्था हुनु पर्ने होइन । त्यो स्वयं उसलाई नै थाहा छैन । केवल थाहा छ उसको भाग्य खोटो छ ।

४२७ परिवारको बिचमा २ वटा मात्र खानेपानीको हाते कल छ (घारा) छ त्यहाँ । न त स्वास्थ्य सुविधा न त शिक्षा कोही बाल-बालिका पनि पढ्न जादैनन् । पहिला पढदै् गरेकाले पनि छोडिसके । हामी त 'सिस्नेहारी खोलाको पानी खान्छौ' निर्घक्क सँग भन्दछन् दिर्घमान । तर पनि उनि त्यति निराश छैनन् । छोरीको घरबाट ल्याएको बाँकी जाँड सम्झेर हो कि ? नौला मानिस सँग मनको व्यथा खोल्न पाएर हो कि ? मुसुक्क मुस्कुराउछन् दिर्घमान घलाङ्ग ।

## ३) सिताराम अधिकारी

आमा भद्रलक्ष्मी सँगै १३ वर्षको उमेरमा गोरखा जिल्लाको मकैसिङ्ग गा.वि.स. बाट ०२३ सालमा सिताराम अधिकारी ७ वर्षका भाई दिल बहादुर लाई पनि लिएर चितवन झरेका हुन । भद्रलक्ष्मी सितारामको बुबाको साइली श्रीमति हुन । उनको बुबाको ४ वटा श्रीमति भए । सिताराम ०१२ सालमा जन्मिएका हुन । पहाडमा उनिहरुको आर्थिक अवस्था राम्रै थियो । तर धेरै श्रीमति भएका कारण सिताराम अधिकारीको बुबाले व्यवहार विर्गानु भयो । सिताराम आमा र भाई सँगै चितवन झेरेर शारदानगरका बखान सिंहको घरमा बस्नु भयो । २ वर्ष त्यहाँ बसे पछि ०२५ सालमा मधुपुरीमा बस्नु भयो । त्यहाँबाट जगतपुरको दराई टोलमा ५ वर्ष बसे पछि जगतपुरको विक्रमचोकमा केहि वर्ष बस्नु भयो । त्यस भन्दा अगाडी मुधुपुरीमा हुदैमा सितारामको बुबा पनि गोरखाबाट आउनु भयो र उनका अरु २ भाई र १ छोरी जन्मिए । अहिले सिताराम जुन ठाउँमा बस्नु भएको छ । जगतपुर-१ घैलाघारीमा त्यो स्थानमा ०३६ साल देखि बस्न थाल्नु भएको हो । त्यति बेला घैलाघारीमा एउटा ताल र पुरै चौर थियो । त्यहि चौरलाई  खनजोत गरेर सितारामको परिवारले ३ विघा जमिन खेति योग्य बनाएका थिए । आम्दानी राम्रै थियो । परिवारलाई खान पुग्दथ्यो । तर पछि त्यो जमिन विद्यालयलाई चाहिन्छ भनेर खोसिदिए पछि भने सितारामको परिवारलाई गाऱ्हो भयो । एउटा भाईको भागमा ०.४ कट्ठा मात्र जमिन पऱ्यो । तर जसरी भए पनि दुःख सुख परिवारको गुजारा हुदैं थियो । एउटा घर, भाडा कुडा, अन्नपात राम्रै थियो ।

राप्ती खोलाको किनारमा अवस्थित यो ठाउँ निकै मलिलो थियो । गाई, भैसी पालनको लागी घाँस चरणको व्यवस्था थियो । अर्थात दाउरा-घाँसको लागी कुनै समस्या थिएन । थोरै जमिनबाट पनि राम्रो आम्दानी हुन्थ्यो । जमिन पनि निकै महङ्गो हुदै गएको थियो । मुल बाटोको भित्र-भित्र पनि १ $^{1}/_{2}$ लाख कट्ठा विक्रि भई सकेको थियो । जनघनत्व एकदमै बाक्लो थियो । घैलाघारीमा मानिसहरुको चहल-पहल निकै बढेको थियो । झन ठोरी-नारायणगढ बाटोमा राप्तीको पुल निर्माण भए पछि त घैलाघारी नाका जस्तै भएको थियो ।

जिवनमा सानैबाट थुप्रै ठाऊँमा सर्दै अरुहरुको घर जमिनमा बस्दै आउनु भएको सितारामको लागी अहिले जे थियो । त्यो सन्तोष र धेरै राम्रो थियो । तर ०५९ श्रावण ६ गतेको त्यो रात यति निर्दयी भएर आयो कि जसको कल्पना सम्म पनि कहिल्यै सिताराम मात्र होइन घैलाघारीबासीहरु कसैले समेत गरेका थिएनन् । रातको अन्धकारमा एउटा प्रकोप उलियो जसले सितारामलाई पुनः घरबार विहिन तुल्यायो । हुनत यस अगाडी पनि ०४७ सालमा सानो पानी घैलाघारीमा पसेको थियो । तर त्यसले खासै केहि असर पुऱ्याएन । बाढी सलल् आयो र त्यसरी नै

गयो । तर ०५९ श्रावणको त्यो नरसंहारकारी बाढीले भने तहल्कानै मच्चायो । बाढीको त्यो रुपको वर्णन सिताराम आफै यसरी गर्दछन् 'हुन त दिउँसो १ बजे तिर नै मचान (निकुञ्ज भित्रको होटल, सुनाचुरी) बाट राप्ती बढेको छ । बाढी आउँदै छ भन्ने खबर आएको थियो तर त्यसलाई हामीले पत्याएनौ । 'सिताराम अझै अगाडी भन्नु हन्छ 'साँझ सम्म पनि बाढी घैलाघारीमा पसेको थिएन । तर साँझ पछि क्रमशः पानी बढदै गए पछि हाम्रो परिवार छिमेकीको घर बलियो छ भनेर प्रेम गुरुङ्गको घरमा बसेका थियौ । तर पछि बाढी बढ्दै गएर प्रेम बहादुरको घरको जगहल्लाउन थाले पछि हामीहरु त्यहाँबाट बिजुलीको तार समाउदै भाईको धन्सारमा आएर बस्यौ । यता हेर्दा हेर्दै घर विस्तारै लडाएर लग्यो । आमा त्यहि घरमा हुनुहुन्थ्यो । आमालाई बल्ल-बल्ल बचायौ । घर नै नभए पछि घर भित्रको भाडा-कुडा, कपडा लगायतका सामाग्रीको त सवालै आएन नी 'अझै पनि पिडित स्वरमा भन्नु हुन्छ सिताराम कति सपना सजाएर कति पसिना बगाएर निर्माण गरेको घर आफ्नै आखाँ अगाडी बग्दा र आफु केहि गर्न नसकि टुलु-टुलु हेरेर बस्नु पर्दाको पिडा कस्तो होला ? के जिवन भरी त्यो पिडाले छोडला ? र त्यहि पिडाहरु बोकेका मानिसहरुको मनस्थिति कसरी उठ्ला ? एउटा गम्भिर सवाल यो होला सायद ? त्यसैले प्रकोप केवल प्रकोप मात्र होइन यसले मानिसका हरेक पक्षमा प्रत्यक्ष एवं अप्रत्यक्षरुपमा प्रभावपारेको हुन्छ जसको असर सिङ्गो मानव पुस्तामा गएर पर्दछ ।

सिताराम भन्नु हुन्छ 'श्रावण ६ गते साँझबाट बाढीले हामीहरुलाई थुन्यो । त्यस दिन बेलुकाको खाना पाकेर पनि खान नै पाइएन । ज्यान जोखिममा परेको बेला सबै भन्दा त्यारो मान्छेलाई आफ्नै जिवन हुदोरहेछ । त्यो रात भरी मृत्यू सँगको अघोषित सघर्षमा बाच्न पऱ्यो । त्यो क्षण सम्झदा अहिले पनि सितारामको अनुहारमा मलिनता छाउँछ । 'रातको अन्धकारमा कति बेला सबैलाई एकै चोटी बडार्ने हो मात्र त्यसै क्षण पर्खे जस्तो लागिरहेको थियो । चारै तर्फ केवल मान्छेहरुको चिच्चाहट मात्र सुनिन्थ्यो ।

जिन्दगीकै त्यो पिडादायक रात काटेर मात्र पनि सुःख भएन भोली पल्ट ७ श्रावणमा पनि दिन भरी नै बाढी अझै घटेन , ७ गते करिब १० बजे छिमेकीको पक्कि घर जगैबाट उक्काएर लडाए पछि त झन बाच्ने आश नै हराएको थियो । सितारामको त्यो क्षणलाई सम्झादै सुनाउनु हुन्छ । भोलीपल्ट ७ गते करिब ५ बजे हामीहरुलाई डुङ्गाबाट पारी तारियो । पारी लक्ष्मी मा.वि.मा शिविर खोलेर राख्ने कार्य भयो । त्यस पछि १, १ १/२ महिना जति त्यहि बसी सके पछि कहि कतै बाट केहि नहुने छाँट देखि पुन पुरानो घरको डोब मात्र भएको उहि जमिनमा फकियौ । पुरानो ठाउँमानै साना-साना किला गाँडी प्लाष्टिकको पाल बनाएर बसेका थियौ । त्यहि बेला रुसेक संस्थाका सरहरु आउनु भयो र हामी सँग छलफल गरे पछि कारितास संस्थाको सहयोगमा पक्की घर, घारा र चर्पी बनाउन

सहयोग गर्नु भयो । त्यस सहयोग ले मरि सकेका हामीलाई पुन व्यूताउने काम भयो । हामीले धेरै दुःख गरेर खुसी हुर्दै घरहरु बनायौ । त्यस पछि झन रुसेक र कारितास भएर आय-आर्जन को लागी बाखा, कुखुरा तरकारी खेतिको तालिम र सहयोग गर्नु भयो । त्यसै गरी केरा खेति गर्न, बिरुवा पनि दिनु भयो । अहिले बाखा बाट पनि राम्रै आम्दानी भएको । छ केरा त झन राम्रो भएको छ । यस वर्ष बदाम लगाउने योजना छ 'नरोकिकन निरन्तर भन्दै हुनुहुन्छ । 'सिताराम अधिकारी' । यसरी पुनः निर्माण र स्थापित घैलाघारीमा फेरी पनि ०६० श्रावण १४, १५ गते फेरी ठुलो बाढी आयो । तर यस पटक भने पुर्व तयारी को चेतना र सजगता प्राप्त भएको ले खासै क्षति हुन भने पाएन । यस पटक भने २-३ दिनको बाढी पछि घरहरु सफा गरेर सिताराम अधिकारी आफ्नै घरमा बस्न थाल्नु भयो ।

यसरी जिवनमा थुप्रै उतार- चढाव भोगी सक्नु भएका सिताराम अधिकारीले ०५९ र ०६० श्रावणको २ वटा भिषण बाढी सँग जुघे पनि र संस्थाको सहयोगमा पुनः घरबार निर्माण भए पनि अझै ढुक्क र विश्वस्त हुन सक्नु भएको छैन र त्यसैले उराठ लाग्दो शैलीमा भन्नु हुन्छ 'फेरी कुन बर्ष आउने र के-के गर्ने हो ? खै के भन्न सकिन्छ र ? यसरी आफ्नै श्रमले सिर्जिएको भुमि र घरमा पनि सितारामलाई वर्षा लागे पछि पुरा निद्रानै पर्दैन रे ? एउटा त्रास र डरले सधैं सताइरहन्छ रे ? उहाँ डर मिश्रित मुस्कानमा मुस्कुराउनु हुन्छ । थाहा छैन प्रत्येक वर्षको आषाढ देखि भाद्र सम्मको प्रत्येक क्षण त्रासदी पूर्ण ठान्ने सिताराम भन्नुहुन्छ 'आषाढ, श्रावण, भाद्र त आउँदै नआए पनि हुने थियो' तर के गर्नु समय, बार र गतेलाई रोक्न न त सिताराम सम्नुहुन्छ न त वहाँले पुकार गर्दैमा समय रोकिन्छ । यो त प्रकृतिको सत्य हो जुन धरति रहे सम्म चलिरहन्छ र घुमिरहन्छ । मान्छेले त अवश्य एउटा कुरा भने गर्न सक्द्छ त्यो हो प्राकृतिक प्रकोपबाट बँच्न पूर्व तयारी एवं त्यसबाट हुने क्षतिको न्यूनिकरण नत्र प्रकोपलाई पूर्ण रुपमा रोक्न न त सिताराम अधिकारी सक्नुहुन्छ न त अरु कोही मानिस नै । त्यसकारण प्रकोपको पिडा र त्रासले मनोवैज्ञानिक रुपमा एवं मानसिक रुपमा पराजित सिताराम अधिकारी जस्ता मानिसको मनोवल उच्च पार्ने र जिवन नै प्रकृति सगँको लडाई हो भन्ने कुरामा मानसिक रुपमा नै तयार बनाउनु आजको आवश्यकता हो जस्तो लाग्दछ ।

# ४) शान्ति तमाङ्ग जगतपुर

मानिसले भोग्नु पर्ने दुःख पिडा समस्या मानिसको जन्म बाट नै शुरु हुन्छ  भन्ने भनाई सायद साँचो रहेछ क्यारे । त्यसेले त शान्तिको जिवनमा पनि उनको जन्मपश्चात पटक पटक अनेक समस्याहरुले उनलाई  टाढा राख्न सकेन । वि.स. २०२३ सालमा नुवाकोट, त्रिसुलीमा जब शान्ति जन्मिएकी थिइन उनको आमा सँग खानेकुरा सम्म पनि थिएन । शान्तिको बुबा आमाले कठोर परिश्रम गरेर अर्काको मेलापात दाउरा घाँस गरेर खाने कुरा जुटाउथे । आफ्नो भन्ने एउटा बस्नेवास पनि उनिहरु सँग थिएन । तर जे होस् दिन वित्दै गयो  शान्ति हुर्कदै गईन । शान्तिका बाबु आमाले २०२८ साल तिर आफ्नो बसाई चितवन जिल्लाको गंगानगर भन्ने ठाउँमा सारे ।

शान्तिको परिवार सुकुम्बासी थिए । उनिहरु सँग आफ्नो सम्पतिको नाममा आफ्नै शरिर बाहेक केहि थिएन । हामी गंगानगरमा एउटा अलि हुने खाने पहिलाको जिम्दार (धेरै जग्गा जमिन भएको) को घरमा काम गर्न बस्यौ । उनिहरु कडा परिश्रम गर्थे । जिम्दारले उनिहरुको भोक मेटाउन दुई छाक खाना दिन्थ्यो । बास दिएको थियो । यसै गरि उनिहरुको दिन वितिरहेको थियो ।

सायद २०३६ साल तिर हुनु पर्छ । सरकारले घैलाघारीको जंगल चौर फाडेर सुकुम्बासीलाई जमिन खुलाउने रे भन्ने हल्ला जता त तै फैलियो । शान्तिको परिवारले पनि त्यो कुरा थाहा पाए । यतिबेला शान्ति पनि ठुलै भैसकेकी थिइन् । उनिहरुको परिवार पनि जगतपुर गा.वि.स.-१, घैलाघारी आए जुनली रात होस् या दिनको चर्को घाम केही नमानी उनको परिवारले जंगल फाडेर चौर खनेर लगभग १५-१६ कठ्ठा जमिन  ओगटन सफल भए । खडाई जम्मा पारेर सानो घर बनाए । त्यसपछि बल्ल शान्तिको परिवारले आफ्नो घर आफ्नो जमिन अथवा आफ्नो केहि भएको महसुस गरेका थिए । तर सुकुम्बासी ले जमीन हडपेर  बसेको भनेर सरकारले बेलाबेलामा उनीहरुको घर भत्काई दिन्थ्यो । आगो लगाई दिथ्यो । उनीहरु पुर्ननिर्माण गरेर बस्थे ।

दिन बित्दै गयो । शान्तिको विवाह गर्ने उमेर भयो । उनलाई २०३८ सालमा पूर्वी चितवन कठार गा.वि.स.-१ खरखेट्टे भन्ने ठाउँमा वस्न छविलाल तमाङ्ग सँग शान्तिको विवाह भयो । तर विडम्बना उनको श्रीमानको त पहिला पनि विवाह भैसकेको रहेछ । छोरा छोरी पनि रहेछन् । शान्ति अन्योलमा परिछन् ।  आफु सानो छदा २-४ अक्षर पढेर केही जान्ने केही बुझ्ने इच्छा चाहाना भएर पनि समय र परिस्थीतीले भनौ या कमजोर आर्थिक अवस्था र धेरै भाई बहिनी हुदाँको कारण सो इच्छा पुरा हुनसकेन । पछि उमेर बढदै जादा राम्रो घरमा विवाह गर्ने एउटा सुखी परिवार बनाएर बस्ने सपना थियो उनको । तर उनको पाइला गलत ठाउँमा पुर्न गयो । सोचे जस्तो भएन । सपना नै

चकनाचुर भए जस्तो लाग्यो उनलाई । त्यसपछि उनलाई सोचेजस्तो जिवनमा नहुदो रहेछ, जस्तो पऱ्यो । त्यस्तै भोग्नु पर्दोरहेछ भन्ने कुरा सोच्न पुगिन त्यसबेला शान्तिले विवाह भैसके पछि जस्तो भए पनि आफ्नो जिवन बिताउने घर यहि हो भनि आफ्नो घर परिवार समेटेर बस्न थालिन । उनको श्रीमान पनि सुकुम्बासी नै थिए । पालै पालो शान्ति ले एक छोरा र एक छारीलाई जन्म दिईन । तर उनका श्रीमान ले पटक पटक श्रीमती ल्याउन छोडेन्न । ४ वटी त श्रीमती भए । सबैका छोरा छोरी गर्दा १७-१८ वटा पुगे, खान पनि पुगेन । घरमा सबै कुराको अभाव खड्किन थाल्यो । श्रीमानले पनि वास्ता गर्न छोडेपछि शान्ति आतिएर त्यहाँ बस्न नसकी आफ्नो छोरा छोरी बोकेर पुन २०४५ सालमा आफ्नो घर छोडेर माइति आइन् ।

शान्तिलाई आफ्नो जिन्दगी देखेर साह्रै चिन्ता लाग्यो । २ वटा छोरा छोरी थिए । यिनीहरुलाई पाल्नु पढाउन पर्छ । आफ्नो जिवन अध्यारोमा रहे पनि छोरा छोरीको भविष्यलाई उज्वल बनाउने सपना साँचेर उनले माइति मै बसेर परिश्रिम गर्न थालिन ।

उनि भन्छिन 'रातभरि नसुतिकन रक्सी पाथे विहानै लगेर होटलमा बेच्थे अर्काको अदिया भैसी पाल्थे । जमिन अदिया कमाउथे । भैसीको दुध बेच्थे । सानो भैसीको पाडी ल्याउथे । ब्याउने भएपछि बेच्थे । बाखा कुखुरा पाले । दाउरा, घाँस, मेलापात गरे । अर्काको काम गरे । यसरी नै अलि अलि एक-एक गरेर मैले केही पैसाको जगेडा गरे । यसरी जम्मा गरेको पैसाले मैले २०५० सालमा यही घैलाघारीमा ४ कठ्ठा जमिन किने र काँचो इट्टा, माटो, र खर जोडेर सानो घर बनाए र छोरा छोरी लिएर म मेरो आफ्नो कमाईको घरमा वस्न थाले ।

समय वित्दै गएको थियो । मैले पहिलाको झै काम गर्दै गए । अलि अलि पैसा जोडदै गए । छोरा छोरी पढाउदै गए । दुःख जिलो गरेर करिब ८ वर्ष त्यो घरमा विताए ९ वर्षको अथक प्रयास र परिश्रम पछि मैले पुग नपुग डेढलाख जति पैसा जम्मा पारेकी थिइ । एउटा अलि राम्रो घर बनाउने सपना थियो । राम्रो घरमा बस्ने इच्छाले गर्दा मैले घर बनाउने योजना पनि बनाए । र २०५८ साल फागुनमा घर बनाउन शुरु गरे । भएको पैसा खर्च गरेर ढलान घर बनाए । घर पुरै बनिसकेको पनि थिएन । झ्याल ढोका हाल्न भ्याइएको पनि थिएन । हामी कच्चा घरमा नै बस्थ्यौ ।

२०५९ साल श्रावणको महिना थियो । सिमसिम पानी परिनै रहेको थियो । घैलाघारीमा सानो तिनो पानीको भेल त वर्षा लागेपछि वगिरहन्थ्यो । यसले हामीलाई खासै असर पादैनथ्यो । खेत मकैबारी ले टन्न भरिएको थियो । २०५९ साल श्रावण ५ गतेको रात रातै भरि पानी पऱ्यो । तर भोलि पल्ट दिउँसो भने त्यति पानी परेन । घरिघरि सिम सिम पानी भने परेकै थियो । त्यसैले बाढी आईहाल्ला जस्तो पनि लागेन । बाढी आई हाले पनि यति ठुलो बाढी आएर बिनासै गर्ला जस्तो

लागेको थिएन । तर बिडम्बना हाम्रो सोचाई गलत साबित हुन पुग्यो । श्रावण ६ गते रातको झन्डै ९-१० वजेबाट घोलतिर पानी बढन थाल्यो । आकासमा कालो बादल मडारीरहेको थियो । रातको अन्धकार, मकैबारी बढेर टन्न थियो । कहि केहि देखिएको थिएन । आकासबाट एकोहोरो पानी वर्षि रहेको थियो । वरपर ठुलो खोला गडगडाएर बगेको जस्तो भान भयो 'सायद रातको १२ बजेको हुँदो हो । मध्य रात भए पनि म निदाउन सकेकि थिइन । छोरा छोरी अघिल्लो दिन नै जगतपुर गएर बसेका थिए । घरमा म एक्लै थिए । यसै समयमा एक्कासी समुन्द्र नै उल्टेर आएझै ठुलो पानीको भेल मेरो घर तर्फ पनि बग्न थाल्यो । घर भित्र पानी भरीयो । वरपर छरछिमेक गाउँ मा हाहाकार मच्चिन थाल्यो । मानिसहरु चिच्याउन थाले, रुन कराउन थाले । पानीको भेल बगिरहयो-बगिरहयो । घरको ढोकाबाट पसेको पानीको भेल घर नै समेटेर वारपार हुदै घरलाई लिएर बग्यो । मेरो आखाँ अगाडी नै मेरो सपना बगाएर लग्यो । घरको समानको त के कुरा घर यहि थियो भन्ने निसाना पनि पानी को त्यो भेलले छोडेन ।

त्यस पछि म सँग म र मेरै शरिरको लुगा बाहेक केहि रहेन । पानीको भेलले मलाई पनि धकेल्न थाल्यो । मैले सकि नसकि बनाएको पक्की घर भए तिर जाने कोसिर गरे । म सँगै मेरा छिमेकी ८-९ जना पनि आफ्ना ज्यान बचाउन मेरै नयाँ घर तिर आए । घरमा झ्याल ढोका नभएकोले घर भित्र पुरै पानी भरिदै थियो । हामी त्यस्तै ९ जना जति थियौ होला । तल भुईमा झ्याल ढाका बनाउन काठ फलेकहरु थियो । तल पानी बढेर बस्न नसेके पछि घरको भित्ता भित्तामा ईट्टाको प्वालमा काठ र फलेक राखेर चोटा बनायौ र त्यसै माथि चढेर बस्यौ । यति गर्दा सम्म सायद विहान पखको ३-४ बजि सकेको थियो होला । हामी आफ्नै जिउको आस मारेर रुँदै चिच्याउदै त्यही बसिरहयौ । पानीको बेग अझै बढदै थियो । पानीको भेलले हामी बसेको घरको जग पनि पगाले छ क्यारे घर हल्लन थाल्यो भित्ता भत्कन थाल्यो । र लडन थाल्यो । मत एक्कासि झ्यालबाट हाम्फाल्न पुगे छु । म सँग अन्य ४ जना पनि हाम्फाल्न भ्याएछन् भने । अन्य ४ जनालाई त भित्ता लडेर माथिको छतले किचेछ । अनि मलाई भने पानीको भेलले घरी उचाल्दै घरी पछारदै अलि तल सम्म पुऱ्यायो । अलि तल पुगे पछि मेरो भाई ले देखेछ । उसले चिच्चाएर एता एता भन्दै रहेछ । उसले मलाई एउटा समाउनको लागी लामो तारमा दाउरा बाधेर मतिर फ्याकिदियो । अकस्मात मैले त्यो तार समात्न पुगे । त्यस पछि भाईले मलाई तान्दै एउटा पक्कि घरको छत माथि पुऱ्यायो । त्यहाँ पनि रुवा बासी चलि रहेको थियो । यति बेला सम्म बिहानको झन्डै ९,-१० बजेको थियो होला । हामीले हेर्दा हेर्दै कयौ घर भत्कियो, बगायो, कैयौ गाई भैसीहरु, सरसमानहरु बगाउदै लग्यो । म सँगै आफ्नो ज्यान बचाउन मेरो घरमा आएका अन्य ४ जनालाई मेरै घरले पुऱ्यो त्यही पानीको भेलले बगायो

थाहा सम्म भएन करिब ३-४ दिन पछि १ जना छोरीको लास सम्म फेला परेको थियो । हामी रोयौ, करायौ, चिच्चायौ । तर त्यो रोदनको आवाज आवजमानै सिमित रहयो ।

दैवको लिला कस्ले टार्न सक्छ र ! भने झै लाग्यो । एउटा आफ्नो ज्यान सम्म बाचेको थियो । यसो सोचे यो ज्यान नै ठुलो रहेछ ज्यान रहेत अरु चिज फेरी जोडजाम गर्न सकिएला । कति पिर गर्नु । दुःख गरेर जोडेको थिए र पो लग्यो । यस्तो तहस नहस मान्छेले बनाई दिएको भए कति झगडा हुन्थ्यो होला ? कति मार पिट चल्थ्यो होला । कति विरोध गरिन्थ्यो होला । तर ईश्वरले नै यस्तो चाहे पछि कस्को के लाग्छ होला । उनै जन्माउने हुन उनै पाल्ने उनै खतम गर्ने । यो अधिकार मात्र उनलाई छ भनि चित्त बुझाउछिन दैविप्रकोपबाट पिडित शान्ति तमाङ्ग ।

त्यस पछि उनलाई डुङ्गा द्धारा उद्धार गरियो । जगतपुर गा.वि.स. स्थित लक्ष्मि मा.वि.स्कुलमा राखियो । उनी सँग आफ्नो शरिरको एक सरो लुगा बाहेका बाँकी केही थिएन । भोक प्यास ले भन्दा पनि आफ्नो १५-२० वर्षको अथक परिश्रमले जोडेको सम्पुर्ण चिजहरु क्षण भर मै नष्ट हुदाँ शोकमा डुवेकी थिइन । शान्ति तमाङ्ग । विभिन्न सँघ संस्थाले खाने कुराको व्यवस्था गरिदियो । करिब १६-१७ दिन त्यहि बसे अलि अलि पैसा बचाउन सक्नेहरुले कोठा खोजेर पनि बसे म सँग त केहि पनि थिएन । २ वटा लईनो भैसि ३ वटा बाख्रा कुखुरा समान सबै बगाएको थियो । स्कुलमै बस्दै गर्दा मेरो १ वटा भैसी धुर्व भन्ने ठाउँमा फेला परेछ । गएर ल्याए । खुवाउने पाल्ने ठाउँ थिएन । त्यसैले १५, १६ हजार पर्ने भैसी ८ हजार मोलेर आफन्तलाई बेचे ।

तर, पैसा अहिले सम्म पनि दिएको छैन । १६,-१७ दिन स्कुलमा बसे पछि हामी ५-६ महिना विभिन्न संस्थाले दिएको पाल टागेर बस्यौ । २०६० सालमा पनि बाढी आयो । त्यति बेला त हामी सँग केहि थिएन । एउटा ज्यान थियो । २०६१ जेठ देखि रेडक्रसले बनाई दिएको भवन मा बस्दै आएको छु । आजकल पनि पहिलेको जस्तै अर्काको अधिया जमिन कमाउने । भैसी, बाख्रा, कुखुरा अधिया पाल्ने रक्सी पार्ने मेलापात, दाउरा घाँस गर्ने काम गरि रहेको छु । आफ्नो जिवन निवार्ह गर्न काम गरि रहेको छु । प्रकृतीले नै निम्त्याएको पानीको भेलले हाम्रो गाउँ घर सार समेटेर सोरेर बगाएर मसान घाट जस्तो बनाई दिए पछि क्षेतविच्क्षत भएको मन लिएर उदास हुदै भन्छिन शान्ति तमाङ्ग "जिवन सङघर्ष हो" सङघर्ष गर्न सक्नु पर्छ जिउन जान्नु पर्छ जिन्दगीमा जे जस्तो आई पर्छ हार खानु हुदैन धैर्य लिनु पर्छ आँट गर्नु पर्छ समस्या टरदै जान्छ ' । छोरा छोरी पढदै थिए । छोरा छोरीलाई पढाएर आफ्नो खुट्टामा उभिन सक्ने बनाउन निक्कै कोशीस गरेकी थिए । तर त्यो पनि अहिले कोशिस मात्र बन्न पुगेको छ आर्थिक कमजोर भएकै कारण छोरा एस.एल.सी दिना साथ दिल्ली तिर गयो अहिले कहाँ छ के छ ? भोकै हिडेको पो छ कि कुनै काममा लागेको छ कि केहि

खबर छैन गएको ३ महिना भयो । छोरी अहिले ५ कक्षामा पढदै छ । पढाउन पनि गाह्रो भएको छ दु:ख गरेर दुईछाक खाने की छोरी पढाउने अलमल परेकी छन् 'शान्ति' । तर जे भए पनि उनको सपना अझै मरेको छैन उनि भन्छिन् आफुले त अनपढ भएर दु:ख पाईयो । आफ्नो भविष्य अन्धकार भए पनि जसोतसो छोराछोरीलाई पढाएर उनिहरुको भविष्य उज्जल बनाई दिने सपना छ ।

अहिले उनि रेडक्रसले बनाइदिएको घरमा बस्छिन् उनि यति मै पनि खुशी छिन् । उनि भन्छिन् यो बसाईले उनिलाई धेरै राहत दिएको छ । तर अलि फराकिलो भए एक दुई वटा बस्तु पालेर मल बनाउन पाए अर्काको खेत ठेक्का अदिया गर्नपाइन्थ्यो फलफुल लाउन पाइन्थ्यो । तर सबै कुरा भनेको कहाँ पुग्छ र । भनेको जस्तो कहाँ हुदोरहेछ र ?

# ५. विर बहादुर तामाङ्ग

आसाङ्ग बाजे भनेर चिनिने एक ६३ वर्षिय बृद्ध पिढीको डिलमा बसेर माछा मार्ने जाल बुन्दैछन् । उनको खासनाम विर बहादुर तमाङ्ग हो । उनको श्रीमती राममाया तमाङ्ग उमेरको हिसाबले विर बहादुर भन्दा जेठी छिन् । अथवा उनि ८० वर्ष पुगिसकिन । विर बहादुरलाई घुडा दुख्ने रोग छ भने राममायाले कान सुन्दिनन् । राम्ररी आँखाको पनि मेसो पाउदिनन् । उनिहरुको मुहारमा खुशी छैन । उनिहरु उदास देखिन्छन् । बुढेस कालमा उनिहरुको सहारा दिने न कोहि आफन्त छन् न घरमा भोक मेटाउने खानेकुरा छ । कति फरक छ उनिहरुको २ वर्ष अधि र अहिलेको दिनहरुमा जीवनको यत्रो यात्रामा कैयौ समस्या संघ जुधेका छन् यी दुई बृद्धले तर यिनीहरुलाई सबै भन्दा ठुलो संकटमा पारेको छ २०५९ सालको भिषण बाढी एवं प्राकृतिक प्रकोपले ।

वि.स. १९९९ तिर जन्मिएका यि बृद्धविर बहादुरको पहाड घर देउराली डुम्रे तनँहु हो । उनी २००७ साल अधि नै चितवन झरेका थिए र माडीको बनकट्टामा बस्थे उनि भन्छन् 'हामी सँग पहिला पनि केहि थिएन सम्पतिको नाममा पहाडबाट सानो तामाको ताउलो मात्र बोकेर आएका थियौ । चितवन आए पछि खानेकुरा नभएर त्यही ताउलो बेचेर किनेको खानेकुराले २-३ छाक पनि टारेको थियौ । त्यसपछि बुबा र दाईले माडीको गैडाँगस्तीमा काम गर्नु हुन्थ्यो । म पनि उनिहरु सँग बस्थे पछि बुबा को मृत्यु भयो । बुबा को मृत्यु भएको केहि समय पछि दाजुको पनि टि.बि रोगको कारण मृत्यु भएपछि माडी कै बनकट्टामा गोरु चराएर बस्न थाले । पछि २०११ साल तिर राममाया सँग मेरो विवाह भयो । त्यसको २ वर्ष पछि २०१३ सालमा सरकार ले चितवनमा जग्गा खुलायो भन्ने सुनेर फेरी माडीबाट भरतपुर गए । अहिलेको भ.न.पा. नौरङ्गे ढड्डी फाडेर करिब १० कट्टा जति जमिन बनाएको थिए । केहि समय पछि त्यहाँ छोडेर मैले त्यो बेला ४-५ सय रुपैयामा मकै पिध्ने घट्टा किनेर कविलासको सिमलढाप भन्ने ठाउँमा घट्टा थापेर बसे । घट्टाबाट आम्दानी ठिकै हुन्थ्यो हाम्रो परिवारलाई खान पुगेको थियो । खेति गर्न जमिन थिएन । त्यही एउटा घट्टाको कमाईले खानु पथ्यो । केहि समय पछि २ वटी छोरीहरु जन्मिए । घट्टा चलाएरै बसिरहेको थिए यसरी नै दिन वित्दै गयो ।

२०३६ सालतिरको कुरा चितवनकै घैलाघारी भन्ने ठाउँमा सुकुम्बासीलाई जग्गा खुलायो रे ? भन्ने सुनेर हामी परिवार घैलाघारी आयौ । त्यो बेला घैलाघारी जंगललै जंगल थियो । बाघ भालु लाग्थ्यो । हामी परिवारले पनि स-साना रुखहरु फाँडेर चौर खनेर ४-५ कट्ठा जमिन बनायौ । सानो घर बनाएर बस्यौ । हाम्रो परिवार पनि सानै थियो । घैलाघारी बन सिमानाको जग्गा थियो । यहाँ सुकुम्बासीहरुले जग्गा हडप्पेर बसे भनेर मानिसहरु बसोबास गर्न थालेको लगभग १ वर्ष पछि बन

विभागले बनाएको घर भत्काइदिन थाल्यो । उनिहरुले आएर भत्काईदिन्थे हामीले पुन निर्माण गर्थ्यो । उनिहरुले फेरी आगोलगाई दिन्थे हामी फेरी जस्ताको तस्तै बनाउथ्यौ । यस्तै क्रम चलिरहेको थियो । २०४५ सालमा यो जमिनको नापी भयो र सबैको भागमा ४-४ कट्ठा जमिन पाइयो । यति भएपछि हामी ढुक्कले आफ्नो जिवीका चलाएर बसिरहेको थियौ । छोरीहरुलाई पढाउन पाइएन । काम गर्न जानु पर्थ्यो । पढाउन त्यति चासो पनि लिइएन पछि छोरीहरुको विवाह भयो । हामी दुई जना बुढा बुढी मात्र रहयौ । हामीले मेहनेत गर्थ्यौ राम्रो अन्न उब्जाउथ्यौ । बाखा, भैसी पालेका थियौ । छोरा थिएन छोरीहरु आर्काको घर गइसकेको थिए । हामीलाई बुढेसकालमा के होला ? रोग लाग्ला ? काम गर्न नसक्दा खानु पर्ला ? भनि हामीले केहि अन्न पैसा साँचेर राख्यौ । हामी दुबैले बुढेस कालमा दु:ख नपाउ भन्ने विचारले धेरै नै मिहेनत र पसिनाले अलिअलि गर गहना पनि जोडेका थियौ । १० मुरी धान पोहोरको अहिले र अहिलेको आउँ गरेर खान्थ्यौ । हाम्रो दिनहरु पहिला बालक कालको भन्दा धेरै नै सुखमा विति रहेको थियो । हामीले बुढेसकालमा सुख सँग बस्ने इच्छाले मेहिनत पनि खुबै गरेका थियौ ।

घैलाघारी ठुलो नदि राप्तीको नजिकै भएकोले राप्ती नदिबाट वर्षा लाए पछि बेलाबेलामा सानो तिनो भेल बाढी आईरहन्थ्यो । तर घर खेत बगाउदैनथ्यौ । यति ठुलो बाढी आउला यति विधि क्षति पुऱ्याउला भन्ने हामीले सोचेका पनि थिएनौ । तर २०५९ सालमा आएको बाढीले हाम्रो घैलाघारी गाँउलाई नै सुनसान बनाएर लग्यो । त्यत्रो ठुलो बाढी आइहाल्ला जस्तो पनि लागेको थिएन । तर अचानक २०५९ श्रावण ६ गते रातको त्यस्तै ११ बजे बढेको बाढी एक तमासले बगिरहयो । बाढी र भेलको बेग ले कसैको घर भनेन् बाखा, भैसी, गोठ जमिन भनेन् सब सोहरेर कहाँ लग्यो लग्यो ? श्रावण ६ गते रातको ११ बजेबाट भोली पल्ट ७ गते विहान त्यस्तै १२-१ बजे सम्म आकाशबाट वर्षियको पानीको साथमा राप्ती खोला बौलाएझै मडारि रहऱ्यो ।

त्यो दृश्य जुन आज सम्झदा पनि उनि डराउछन् र बोल्दा बोल्दै ठप्प रोकिन्छन् जब बाढिको भेल उनको घर तिर पसेको थियो । त्यतिबेला सम्म उनिहरु निदाएका थिएनन् । बुढा बुढीको मन न हो कता साँच्चिकै बाढी आउने पो हो कि जस्तो त लागेको थियो । तर यत्रो भयकंरको बाढी आउला भन्ने त कल्पना पनि गरेको थिइन । घोल बाटो खेत खेतबाट बाटो बाटोबाट आँगन हुदै एक झोकमा बाढी उनको घर भित्र पस्यो । अनि घर खोलेर बार पार बाटो बनाउँदै गयो । घरमा घरको केहि समान रहेन हामी आतिएर हेरेको हेरै भएछौ । क्षण भर मै बाढीले घरको अस्तीत्व मेटाई दियो । भैसी, बाखा ३०/३५ वटा कुखुरा खोरै सहित लग्यो । १० मुरी अन्न भाडा कुडा पनि बाँकी छोडेन । हामी बुढा बुढी मात्रै थियौ । हेर्दा हेदै चिच्याउदा चिच्चाउदै हाम्रो घाँटी घाँटी सम्म पानी आइसक्यौ ।

र हामीलाई पनि पानीको भेलले बगाउन थाल्यो । हामीले बल्ल तल्ल गरेर घर नजिकै को पक्की घरमा शरण लिन पुग्यो ३-४ घण्टा त्यही बस्यौ । धेरै आत्तियौ रोयौ करायौ त्यसरी नै बसिरहेका थियौ । अचानक त्यो घरलाई पनि बाढी ले हल्लाउन थाल्यो त्यो देखिर राममायाले भनिन 'यो घरमा बसिरहऱ्यो भने यही घरको दलिन खसेर थिच्छ जस्तो छ दलिन खसेर किच्न भन्दा त बरु पानी खाएरै मर्छु' भनि त्यो घर बाट हाम्फालीन म पनि केहि नसोची उनको पछि हाम्फाले हामीलाई भेलले कहिल्यै यता कहिले उता उचाल्दै पछार्दै बगाइ रहयो । अलिपर मानिसहरुले डोरी फ्याकेर हामीलाई बचाउन सफल भए । बाँच्न लेखेको रहेछ क्यारे सायद ।

हामी घरको छतमाथी के पुगेका थियौ । हामी अन्यौलमा पऱ्यौ । हाम्रो मात्र नभएर २-४ वटा अलि ठुलो घर बाहेक अरु केही बाँकी थिएन । जताततै धमिलो पानी मात्रै देखिन्थ्यो । धन्न हामी बुढा बुढीको प्राण सम्म बच्यो । त्यसपछि हामी ७ गते बेलुका ६ बजे मात्र डुंगा तरेर जगतपुर को लक्ष्मी मा.वि.मा गएर बस्यौ । विभिन्न संस्थाहरुले सहयोग गरे । १५,१६ दिन बसे पछि रेडक्रस र अन्य संस्थाहरुले पाल दिएपछि फेरी हामी राप्ती नदी कै छेउ टापुमा पाल टागेर वस्यौं । पछि यहि आएर पनि केहि समय पाल टागेर बस्यौं । केहि समय पछि रुसेक, कारीतास भन्ने संस्थाले हामीलाई घर बनाईदियो । खाने रासन दियो । व्यवसाय गर्नको लागी बाख्रा, कुखुरा पाल्न दियो । घाँस, बाँस, केराहरु रोप्न दियो । हामीले पूर्नजिवन पाएको अनुभव गऱ्यौ । अहिले हामी सँग घर पनि छ । विभिन्न संस्थाहरुले दिएको सहयोगमा हामीले होस्तेमा हैसे गर्दै धेरै नै मेहेनेत गर्न थाल्यौ । यो संस्थाले हामीलाई ठुलो सहयोग गरेको छ । हामीले बाख्रा, कुखुरा अहिले पनि पालिरहेका छौ । उनि भन्छन् ।

फेरी २०६० सालमा पनि बाढी आएको थियो । श्रावण १४ गते बेलुका आएको बाढीले हामीलाई खासै असर पारेन किन भने त्यसबेला हाम्री सँग घरमा केही समान थिएन् । हामी बुढा बुढी मात्र थियौ चाडै नै परानपुर भन्ने ठाउँमा गएर बस्यौ ।

विर बहादुर आफ्नो बुढौली पन माथि दिक्क मान्दै भन्छन् बुढो भइयो काम गर्न पनि सक्दैनौ । मेरो घुँडा दुख्छ बुढीले आँखा राम्रो देख्दिन बुढा बुढी काम गर्न सक्दैनन् भनेर काममा पनि बोलाउदैनन् । कामै त्यति पाइदैन । आजकल त विहान बेलुका यतै घोलतिर माछा मार्न जान्छु । माछा मारेर कहिले काही छाक टार्छ । राप्तीमा पनि माछा मार्न दिदैन कहिले काही पर गाउँतिर गएर बुढीले खानेकुरा मागेर ल्याउछे । त्यही बाँडेर खान्छौ । जमिनको नाममा अहिले खनखान गरेर त्यस्तै १ कट्ठा जमिन बनाएका छौ । ४ डोको जति मकै आउछ । अरु सबै जमिन बगर भएको छ । काँस फुलेर बसेको छ । यसरी एउटा सानो घरमा जीन्दगीको कैयौ बसन्त पार गरिसकेका यि दुई बृद्धको कुनै अब कुनै सपना भने छैन । बरु यिनीहरुको एउटै चाहना छ अब केहि वर्ष बाचुन्जेल २ छाक

खान पुगे हुन्थ्यो । संस्थाहरुले दिएको सहयोगबाट केहि उब्जाएर २-४ पैसा जम्मा गर्न पाए रोगको उपचार गर्न हुन्थ्यो भन्छन् । 'विर बहादुरका श्रीमान श्रीमती' ।

प्रकोप भनेको के हो किन यसरी बाढी लाग्यो भन्दा उनि जवाफ दिनै चाहदैनन् अथवा जवाफै उनि सँग छैन र पनि उनि धेरै बेर चुपलागेर बल्ल मुख खोल्छन् 'यहाँ मात्र आएको भए पो यो कारणले भन्नु जतातत‌ै आएको बाढी हाम्रै दिन लागेर होला प्रकृतिको कारण हो हामीले दुःख पाउन लेखेको ले होलानी' भन्दै उदास हुन्छन् विरवहादुर ।

यसरी जिन्दगीको कैयौ मोडहरुमा ठक्कर खाँदै बल्ल तल्ल टेकेका विरबहादुरका पाइलाहरु जिवनको अन्त अगाडी नै पून भासिएको छ । कैयौ बर्ष खेर फालेर यी दुई बृद्धले सृजना गरेको सानो घर एकै रातमा भेलले हेर्दा हेर्दै आफ्नो आँखा अगाडी तहस नहस पारिदिएको छ । उनिहरुको जिवन पूनः पहिला कै दुःख पूर्ण अवस्थामा फर्किएको छ । उमेर छदाँ दुःखै गरेर भए पनि बुढेस्कालमा सुख पाएर जिवन विताउने सपना बोकेर अघि बढेका यि दुई बृद्ध सँग आज एउटा संस्थाको दया धर्मले दिएको एउटा सानो घर र २-४ वटा भाडा कुडाँ बाहेक केहि छैन ।

अब पूर्ननिर्माणका लागी काम गर्ने हात र अघि बढने पाइलाहरु कमजोर भैसकेकाछन् । जीवनमा केही गर्ने आँट छैन, जोश र आत्मविश्वास पनि छैन । आजभोली २ छाक विहान बेलुकीको भोक मेटाउन वा छाकटार्न मात्र सके पनि ठुलो काम हुने भएको छ भन्दछन् विर बहादुर । उनको तनमन, धन र सिङ्गो जिवनलाई नै तहसनहस बनाइदिने त्यो पानीको भेललाई कैयौ प्रयासमा पनि विर्सन सक्दैनन्  विर बहादुर तमाङ्ग ।

# ६. कुमारी थापा

२०५९ सालको बाढीमा १२-१३ घण्टा रुखमा चढेर आफ्नो सुन्दर जीवन बचाउन सफल एक महिला कुमारी थापा वि.स. २०२९ साल तिर चितवन कै भण्डारा गा.वि.स. वर्डा नं. ५ प्यारी ढापमा जन्मिएकी थिइन । उनि सानै छँदा उनको आमाको मृत्यु भयो बुबाले अर्की श्रीमती ल्याउनु भयो । पहिलाको समय कहाँ अहिले जस्तो थियो र सौताको छोरी भनेर कान्छी आमाले मलाई हेला गर्थिन भन्छिन् 'कुमारी' पढने रहर धेरै नै थियो पढेर केहि राम्रो काम गर्ने इच्छा भए पनि आर्थिक अवस्था र घरायसी कारणले गर्दा घरमा बाख्रा चराउदैमा उमेर वित्यो । १५-१६ वर्षको भए पछि उनको विवाह जगतपुर १, घैलाँघारी निवासी स्वर्गीय तुल बहादुर थापा सँग भयो । तुल बहादुर थापाको परिवार राम्रै थियो उनको सम्पुर्ण परिवार ४ दाजुभाई बुहारीहरु, बुबा, आमा सँगै बस्थे । पछि उनिहरुको परिवार छुट्टियो । उनको भागमा ५ कट्ठा जमिन परेको थियो । पछि उनिहरुले मेहनत गरेर १५ कट्ठा बनाएका थिए । तुलबहादुर र कुमारीले बस्नको लागी  एउटा सानो घर बनाएका थिए । उनिहरुको आर्थिक अवस्था राम्रै थियो । खेतमा धान, मकै, तोरी, गहु प्रसस्त हुन्थ्यो । २ वटा छोराहरु जन्मेका थिए । पछि तुल बहादुरले पनि चितवन जङ्गल लज (भण्डारा) मा काम गर्न थाले रामै सँग घर खर्च चलिरहेको थियो । छोराहरुलाई पढाउन स्कुल भर्ना गरेको थिए । हामी दुईको सपना भनेकै यि दुई छोराहरु थिए । दुःख मेहनत गरेर अलि अलि सम्पति जोड्ने छोराहरुलाई राम्रो सँग पढाउने उनिहरु आफ्नै खुट्टामा उभिनसक्ने बनाउने थियो । समय वित्दै गयो ।

आज भन्दा ५ वर्ष पहिला कैयौ इच्छा चाहना सपना बोकेर काम गर्ने मेरो श्रीमानलाई एक्कासी मुटुको रोगले आक्रमण गऱ्यो । र उहाँको मृत्यु पनि भयो । त्यस पछि त कुमारीले दुईको सपना एक्लै ले भए पनि पुरा गर्ने अठोट गरेकी थिईन । समय वित्दै गयो । कुमारीले एक्लै मेहनत गरेर भए पनि आफ्नो २ छोरा पढाइकी थिइन । घर चलाएर बसेकी थिइन । सामाजिक आर्थिक र मानसिक रुपमा नै सन्तुष्ट हुदौ बसेकी थिईन ।

२०५९ साल श्रावण ६ र ७ गते आएको बाढीले उनीको सपना पनि चकनाचुर बनाएर बाढी सँगै बगाएर लग्यो । केही बाँकी छोडेन भन्छिन् कुमारी थापा । घैलाघारी राप्ती नदीकै आडमा भएकोले वर्षा लाए पछि अलि ठुलो पानी आकासबाट वर्षन थाल्यो भने हल्का पानीको भेल घैलाघारीमा पनि पस्थ्यो । जुन भेल ले खासै नोक्सान पुऱ्याउदैनथ्यो । त्यस्तै पानी २०५९ साल श्रावण ७ गते पनि परिरहेको थियो । बाढी आइहाल्ला जस्तो लागेको थिएन । तर बेलुका ९ बजे तिर पानी एक्कासी बढन थालेपछि मैले छोराहरुलाई अलि पर डाँडा तिर लगेर छोडे । एकछिन पछि

समान झिक्न आउँदा त घर लुगाकपडा सर सामान भाडाकुडा बस्तु, बाख्रा सबै बगाई सकेछ । पानी को भेल अझै बढदै गयो । रातको त्यस्तै १२ बजेको हुदो हो चारै तिर अन्धकार थियो । आकासमा बादल मडारिएर पानी पर्दै थियो । तालमा एक तमासले पानीको भेल बढदै आयो र मलाई पनि बगाउन थाल्यो म मेरो घर छेउको पिपलको रुखमा चढे त्यतिबेला सायद १२ बजेको हुँदा हो । रुखमा बसेको छु आकासबाट पानी परेको परै छ । पानीको भेलले वरीपरी केही नछोडी सबै कुरा बगायो । रातैभरी म रुख मै बसिरहे विहान झिसमीसेको उज्यालोमा वरीपरी समुन्द्र जस्तो देखिन थाल्यो । पानीको वेग घटेकै थिएन । यसरी करिब दिउसोको १२ बजे सम्म पनि म रुख मै बसेर हेरिरहे रोए कराए त्यो बाहेक मैले गर्न सक्ने केही थिएन पानीको बेगले रुखलाई पनि हल्लाउन थाल्यो । त्यसपछि मैले त्यहि रुख माथिको विजुलीको तारमा समाए । तारै तार भुण्डिएर अलि पर छिमेकीको (तोपमान) घरको छानामाथी  पुगे । त्यही छानामा करिब ५ घण्टा विताए । अधिल्लो दिन देखिको तिर्खा भोक कति थियो कति आफ्नो घरको नामनिसाना मेटिएको थियो ।

म अन्योलमा परे डाँको छोडेर रुन मन लाग्यो ।  यसो सोचे बाँच्ने आशा पनि मेटिनै लाग्यो । यहाँबाट मात्रै उत्रन पाए त वा बाँच्न पाए त बरु जेहुन्थ्यो हुन्थ्यो । जस्तो लाग्यो । कति दुखले जोडेको सबै कुरा बगायो अब पहिलाको अवस्थामा कसरी पुग्ने होला भन्ने चिन्ता पर्न थाल्यो । बेलुका पख पानीको वेग घटन थाले पछि बोटेहरुले  डुङ्गा लिएर आए त्यही डुगा चढेर पारी तरियो र परानपुर भन्ने ठाँउमा गएर आर्चाय माईला भन्ने एक व्यक्तिको घरमा गई आश्रय लिएर बसियो । खानेकुरा केही थिएन लुगाको नाममा एकसरो लुगा शरिरमा थियो । त्यहि पनि भिजेको त्यसपछि विभिन्न संस्थाले खानेकुरा ओढने लुगा र भाँडा कुडा दिए ।

बाढीको कारण झाडाबान्ता र छालामा चिलाउने र फोकाहरु उठने रोगहरु फैलिन थाल्यो त्यो पनि कसराबाट उपचार गरियो । करिब १ महिना त्यहि बसेर पछि रेडक्रस+रुसेक संस्थाले पाल दियो त्यही पाल टागेर ७ महिना बसेपछि फागुनबाट रुसेक र कारीतासले बनाएको घरमा बस्न थाले । घर दिए पनि हामी सँग त्यो घर बाहेक केहि रहेन । छोरा छोरी र आफ्नो खाने खर्च जुटाउन मेलापात गर्न थाले । आपत परेको बेलामा आफन्तले पनि नहेर्ने रहेछ । बरु यही संस्थाले पछि बाख्रा पाल्न रुख विरुवा लगाउन लगायो । हामीले यहि काम गर्न थाल्यौ । केरा, बास, घाँस, अदुवा, बदाम दिएको छ बारीमा लगाएका छौ । केरा र बाख्राबाट राम्रो आम्दानी पनि भएको छ ।

कुमारी भन्दै जान्छीन ‘बाढी आउनु अघि परिवारीक अवस्था राम्रो थियो । खेतीपाती पनि रामै हुन्थ्यो । अहिले त जमिनको नाममा जम्मा २-३ कट्ठा छ अरु जमिनमा पानी जमेको छ कासफुलेको छ । दुःख पाएपछि त सर सापट ऋण पनि कसैले नदिदोरहेछ । आजकल मेलापात घरैमा बाख्रा,

कुखुरा पालेर रक्सी पारेर बेचेर जिवीका चलाउने कुमारीको २ छोरा छन् जेठो १३ वर्षको कक्षा ६ मा पढछ भने कान्छो ११ वर्षको ५ कक्षाम पढछ । छोरालाई राम्रो ठाँउमा पढाउने उनको इच्छा आर्थिक अवस्थाको कारणले पुरा हुन सकेको छैन ।

अब उनको एकै सपना छ । राप्तीमा लगाएको बाँघ राम्रो भैईदिए फेरी बाढी नआए यही ठाँउ छोडेर फेरी बिचल्ली हुन नपरे हुन्थ्यो । २ छाक पेटभरी खाएर २ छोरा पढाउने उनको प्रयास अनन्त छ तर उनि ढुक्क भने छैनन् । उनको मनमा यस अघि आएको बाढीले त्रासको छाप छोडेर होला सायद उनलाई सधै बाढी कै चिन्ता लागीरहन्छ । यस प्रकोपले उनको जीवनको हरेक पक्षमा कहि धैरै कहि थोरै असर पारेको छ । प्रकोप अगाडी आर्थिक रुपमा उनी जति सम्पन्न थिइन अहिले उनि सँग त्यसको एक अंश पनि छैन । मानसिक रुपमा उनि अशान्तछिन उनको मनमा सधै यस्तौ तरंगहरु सलमलाई रहन्छन् । 'म अब पहिलाको अवस्थामा कसरी पुग्ने ? पुग्न सक्छु सक्दिन छोरा पढाउन सक्छु वा सक्दिन मेरो परिवारलाई २ छाक पेट भर्ने खर्च जुटाउन सक्छु सक्दिन ?' पानीको भेल सँगै उनको सारा सपना बगे पछि आजकल कुमारीको सपना भोकमा खाना जुटाउने र फेरी पानीको भेलले आफ्नो घर नबगाए त्यै घरमा आफ्नो जिवन विताउने चाहानामा केन्द्रित छ ।

# ७. बालकुमारी कुवँर

आज भन्दा करिब ६०-६२ वर्ष अगाडि गोर्खा जिल्लाको गाइखुर मिरकोट धारापानी भन्ने एक पहाडी गाउँमा जन्मिएकी थिइन  मनकुमारी । मनकुमारीको विवाह १२-१३ वर्ष कै उमेरमा लम्जुङ्ग घर भएका सेर बहादुर कुवँर सँग भएको थियो । सेर बहादुर सँग प्रसस्त जग्गा जमिन थिएन् । मेलापाल गर्नु पर्थ्यो सेरबहादुरको परिवार ठुलै भएको कारण उनिहरु केहि वर्ष पछि चितवन झरेका थिए । उनिहरुको २ वटा  छोरी पनि जन्मिएका थिए । मेहनेत र परिश्रम गरेर भए पनि २ छाक मिठो खाने र राम्रो लगाउने रहरमा चितवन झरेको सेर बहादुरको परिवार धुम्दैफिदै एक समय जगतपुरको घैलाघारीमा पुगे सायद २०३५/३६ साल तिर होला । घैलाँघारीमा गई दिन रात गरेर जंगल ढड्ी फाँडेर केहि जमिन जोडेका थिए उनिहरुले ।

जब उनिहरु घैलाँघारी आएका थिए त्यस बेला घैलाघारीको रुप स्वरुप अकै थियो भनेर भन्छिन मानकुमारी 'चारै तिर जंगललै जंगल थियो । जंगली जनावर लाग्थ्यो । राप्ती खोला नजिकै भए पनि त्यसले केही असर गरेको थिएन । हामीले यहि सानो घर बनाएर बसेको थियौ । तर यस ठाँउमा सुकुम्बासीले जंगल फाडेर बसेको, जमिन हडपेको भनेर यहाँबाट हामीलाई सरकारले हटाउने धपाउने कोशिस गऱ्यो । कैयौ पटक हात्ती लगाएर घर भत्काईदियो, भाडा कुडा फालिदिने, गाईभैसी फुकाइदिने घरको खर काठपात थुतेर फालिदिने गऱ्यो । तर हामी हटेनौ पछि सरकारले नै अलि माथी लगेर ४ कट्ठा जमिन दिएको थियो । हामी त्यही बस्न थाल्यौ हामीले मेलापात गरेर खेतीपाती गरेर भएपनि राम्रै सँग जिवन विताउन थाल्यौ । हाम्रो आर्थिक अवस्था त्यति धैरै सम्पन्न नभए पनि हामीलाई खान पुगेकै थियो त्यति समस्या पनि परेको थिएन । छोरीहरु पनि बढे पालैपालो दुबै छोरीको विवाह पनि गरियो' ।

समय वित्दै गयो । घरमा हामी २ श्रीमान श्रीमती मात्र थियौ । छोरीहरु को घरवार राम्रै सँग चलेको थियो । हाम्रो पनि खेतीपाती राम्रै हुन्थ्यो । अलि अलि मेलापात गरे पनि खान पुगेकै थियो । यसै गरि दिन विताइरहेका थियो । २०४९ सालमा अचानक श्रीमानको मृत्यु भयो । त्यस पछि त्यस घरमा म एक्लै थिए । छोरा थिएन । मेरो भएको जमिन पनि मैले मेरी एक छोरी  बालकुमारीलाई दिए । म पनि उ सँगै बस्नथाले ज्वाई नेपाल आर्मीमा हुनु हुन्थ्यो । पछि त्यस्तै  २०५७/५८ तिर उहाँ पेन्सनमा निस्कनु भयो र भएको पैसाले यहि २ कट्ठा जमिन जोडेर पक्की घर बनाउनु भयो । हामी परिवार छोरी ज्वाइ नाती नातीनी र म एकै ठाँउमा बस्न थाल्यौ । हामीलाई अब खासै कुनै कुराको समस्या थिएन् । २ नाती नातीनी राम्रै सँग पढदै थिए । हाम्रो सपना भनेकै अलि पैसा कमाउने यी २

बच्चालाई राम्रो भविष्य दिनु मै केन्द्रित थियो । हामी प्रगतिको बाटो तिर लम्कने कोशिशमा थियौं । समयको दोष भनौ या प्रकृतिको खेल २०५९ सालको बाढीले हाम्रो अघि बढी रहेको पाईलालाई ढप्प मात्र रोकिदिएन । हाम्रो सारा सपना दुःख गरेर जोडेको सम्पति सारा  समेटेर कहाँ पुऱ्यायो पुऱ्यायो पत्तै भएन । हामी हेरेको हेरै भयौ । केहि गर्न सकेनौ सक्थ्यौ पनि कसरी त्यति ठुलो प्रकृतिको खेलको अगाडी के गर्न सकिन्थ्यो र ? फराकिलो नदि छेउछाउमा कुनै छेकवार थिएन । वर्षा लाएपनि सानो तिनो भेल पस्नु भन्ने कुनै नौलो कुरा थिएन । यहाँको मानिसहरु यसले खासै असर पनि पारेको थिएन ।

तर ०५९ श्रावण  ६/७ गते को बाढीले यहाँको मानिसको सब थोक खोसेर लग्यो । थाहै नदिई एक्कासी बढेको बाढीले सबैको सबै थोक बगायो । हामीले बाढी आयो भन्ने थाहा पाउन साथ भागेर ज्यान बचायौ । हुन पनि बचेको  भन्ने  हाम्रो आफ्नै जिउ मात्र थियो । नत्र अरु सबै बगायो । हाम्रो घर भर्खर बनायको अलि पक्का भएकोले  आधा आधी भत्केर भए पनि घरको निसान चाही रहयो । हामी कति रोयौ कति चिच्चायौ जता त तै तहस नहस भयो पानीको भेल एकतमासले बगिरहयो । जब भोली पल्ट बाढी कम भयो त्यही बेला त्यस ठाउँमा केहि रहेको थिएन । सारा गाँउ बगर मा परिणत भैसकेको थियो । हेर्न सक्ने स्थितिमा थिएन । हामी अन्योलमा पऱ्यौ कहाँ बस्ने ? के खाने ? कहाँ जाने ? के गर्ने ? कसो गर्ने अब फेरी कसरी जोडने भन्ने यस्तै कैयौ प्रश्न र विचारहरु मन भित्र तछाडमछाड गरि मडारिन थाल्यो । हामी कसैले कसैलाई सान्त्वना दिने र बाँच्ने आशा जगाउँन सक्ने अवस्थामा पनि थिएनौ ।

जगतमा मानिस नै सर्व श्रेष्ठ प्राणी हो । उसले सवथोकको सामना गर्नुपर्छ उसैले सर्घष गर्नु पर्छ  सहनु पर्छ जे परे पनि भोली कहिनै कहि उपाय लाग्ला नि भनि सबैले आफ्नो आफ्नो चित्त बुझाएर बस्न थाल्यौ । फेरि भोलीको नयाँ दिन शुरु भयो । विभिन्न संघ संस्थाले खाने रासन बाँडे ओढने लुगा भाडाकुडा दिए । त्यसैले केहि दिन गुजारा गऱ्यौ । तर बाच्नु बस्नु खानु सिंगो जिवनलाई डोऱ्याउनु लामो समयको कुरा थियो ।  केहि दिन पछि हामी पुन आफ्नै घर फर्केर आयौ । घर आधा भत्किएको थियो । झ्यालढोका सबै बगाएको थियो घरमा अन्नपात सरसमान केहि थिएन । हामी आर्थिक अवस्थाले निकै कमजोर भैसकेका थियौ  । कति गरेर बल्लतल्ल जोडेको सम्पति बगाउदा हामी मानसिक रुपमा नै विक्षिप्त बन्न पुग्यो । समाजमा सर सापट लिने दिने अवस्था पनि कसैको थिएन । भएको जमिन बगर मा परिणत भैसकेको थियो । त्यो देखेर झन मन उराठिन्न थाल्यो । तर जे भए पनि मनलाई सम्हालेर घरलाई पूर्न निर्माण गऱ्यौ । छोरी ज्वाईकोबाट ल्याएर खर्च टार्न थाल्यौ

। केहि दिन अधि मात्र हामी सबै चिजले सम्पन्न भई खुशी साथ बसेको परिवार  आज केहि नभएर बस्नु परेको रितो हात, चिन्तीत मनमा आकाश र धर्तिको फरक भएको व्यथा पोख्छिन मन कुमारी ।

हुन त पछि फेरी मेहनत गर्न थालियो खनखान गरेर भएपनि २-३ कट्ठा जमिन बनाइयो छोरा नभए पनि ज्वाईले खर्च जुटाउनु भएको छ । २ वटा नाति नातिनी ८ र ५ कक्षामा पढदछन् । उनीहरुको पढाइमा खासै फरक आयको छैन रामै् सँग पढदैछन् । अहिले ज्वाई मलेशिया जानु भएको छ करिब १ महिना भयो । अब अहिले ठिकै छ । रुसेक र कारितास संस्थाले निकै सहयोग गरेको छ । बाख्रा पाल्ने घाँसपात लाउने केरा, बदाम लगाउने काम गरेका छौ । यसबाट पनि हामीलाई केहि अर्थिक लाभ भएको छ । अब हाम्रो सपना भनौ वा इच्छा भनौ यहि सहयोगलाई होस्तेमा हैसे गर्दै परिश्रम गरेर केहि आम्दानी गनै अलि अलि भए पनि राम्रो बाढी नलाग्ने ठाँउमा जमिन जोडने र यि दुई बच्चालाई राम्रो शिक्षा दिक्षा दिनुमा केन्द्रित छ । हेरौ के हुन्छ कति सम्म सफल भइन्छ । यहि ठाउँमा बसिरहन पनि डर छ । विभिन्न संघ संस्थाहरुको सहयोगमा बाँधहरु त लगाइएको छ तर पनि मनमाया भन्छिन  ' खै यो बाँध बाधेर राप्तीको भेल रोकिन्छकी रोकिदैन मनमायाको मन अझै पनि ढुक्क भएकै छैन । उनको मनमा चिन्ता र शौक अझै छ बर्षा लाए पछि फेरी परिवार बोकेर हिड्नु पर्ने हो कि भनेर । प्रकोप भनेको के हो र किन हुन्छ भन्ने कुरामा उनलाई अझै ज्ञान नभए पनि उनको विचारमा यति ठुलो किसिमको बाढी यतिबेला नै आउनुको मुख्य दोष चाही राप्तीको पुल बन्नु नै हो  'मनकुमारी' भन्छिन् ।

# ८. बन्धु बोटे/जेना बोटे

मध्यरातको सुरुवात सँगै आकाश मडारिएर परेको पानी र एक्कासी राप्ती खोला बढेर गडगडाउदै घैलाँघारी गाँउ सोहरेको त्यो दिन २०५९ साल श्रावण ६ गतेको दिनलाई बन्धु बोटे सम्झन पनि चाहदैनन् । हुन त प्राय नदि को छेऊ छाउमा आफ्नो बास्थान बनाउने, डुगा चलाउने माछा मार्ने पानीमा पौडेने खेल्ने उनिहरुको जातिय परम्परा र संस्कार भएता पनि एक्कासी अचानक मानव वस्तीलाई नै समाप्त गर्ने गरि गाँउ पसेको भेल सँग कस्को के लाग्छ र भन्छन् बन्धु बोटे ।

६४ वर्षिया बन्धु बोटेको जिवनको शुरुवात नै पटिहानी गा.वि.स.मा भएको थियो । उनि यहि जन्मिए यहि हुर्किए । पहिला पहिला जग्गा जमिन जिम्दारहरुको मात्र हुन्थ्यो । उनि जिम्दारहरुको जमिनमा खेती गर्थे । २०१५ साल तिर उनको विवाह भयो । त्यस पछि उनि जनकपुर आफ्नै ससुरालीमा बस्न थाले । उनका २ वटा छोरा जन्माएका थिए । १५ वर्ष जनकपुर बसेपछि त्यहाँबाट सरेर एकै चोटी माडी आइपुगे । माडीमा दुःख गरेर मेलापात अर्काको घरमा काम गरेर करिब ५ वर्ष विताए पछि २०३६ सालतिर सुकुम्बासीलाई जग्गा खुल्यो भनेर घैलाघारी आइपुगे । २ छोरा श्रीमती र आफु ४ जना मिलेर घैलाघारीको जंगल फाडेर करिब १५ कट्ठा जमिन बनाएको थिए । भन्छन् बन्धु बोटे 'जग्गा जोडेर घर बनाएपछि पनि त्यहाँ बस्न दिएनन् ।

२०४१ सालतिर अलि माथि ४ कट्ठा जमिन दिएको थियो । हाम्रो परिवार त्यहि बस्न थाल्यौ । छोराहरुको विवाह भयो नाती नातीनि भए परिवार ठुलो भएकोले दुवै भाई छुट्टिए । म कान्छो छोरा सँग बसेको थिए । हामी माछा मारेर बेच्थ्यौ । बन्धुका छोरा घरको कोही मेलापात जान्थे भने अलि अलि अन्न घरैमा उब्जन्थ्यो । अरुको खेत अदिया पनि गरिन्थ्यो । हाम्रो परिवारलाई खान पुगेको थियो । बन्धुका छोरा जेना भन्छन् मेलापात गरेर ठेक्का अदिया खेत कमाएर माछा मारेर बेचेर भए पनि आफ्नो छोरा छोरी पाल्ने पढाउने इच्छा थियो । मेहनत गर्दै थिए । अलि अलि गर्दै भए पनि सर समान जोडेको थिए । तर के गर्ने दुःखको कुरो मेरो एक एक पसिना चुहाएर जोडेको सबै थोक २०५९ सालको बाढीले बगायो ।

घैलाघारीमा सानो तिनो भेल पहिला पनि पस्ने गरेकोले यहाँका मानिसहरु भुक्कीए उनि भन्छन् । अलि अलि पानी परी रहेको थियो । झमक्क साँझ परेको घोल पट्टि पानी बढदै थियो । खानु र सुत्नुको चिन्ता भन्दा पनि साच्ची कै ठुलो भेल बाढी आउने होकी भनि शंका त लागेको थियो । तर विश्वासै भएन पछि सौराहाबाट फोन आयो । बाढी आउदैछ भन्ने थाहा भए पछि हामीले घरमा भएका महिला र केटा केटीलाई जगतपुर तिर पुऱ्यायौ । घर भरी समान १ हल गोरु, गाई, कुखुरा सबै घरमा थिए । घरको मायाले बुबा घर छोडेर जानै मान्नु भएन । घर कुरेर बस्छु भन्नु भयो । एकै

छिन पछि त एकै पटक पानीको ठुलो भेलले मेसै लगाएर घर बगाउन थाल्यो । बुबालाई पनि पानीले धकेल्न थाल्यो । मैले बुबालाई लिएर अलिपर छिमेकीको पक्की घरको छतमाथी गए । रातै भरिको झरीमा छत माथी भिजेरै बस्यौ भोली पल्ट पनि दिउँसोको १२-१ बजे सम्म पानीको बेग कम थिएन । भोक प्यास, जाडोले थरथर कामेको जीउ भन्दा पनि दर्दनाक थियो वरिपरिको त्यो नरसंहार भयानक दृश्य । घरहरु कुनै पालै पालो त कुनै एकै पटकमा गर्ल्याम गुर्लुम गरेर भत्कदै थियो । भेलमा एकतमासले रुख विरुवा भैसी बाखा कुखुरा फर्निचर बग्दै थियो । हामी घरको छत माथि थियौ । वरि परि उर्लिएको समुन्द्र जस्तै देखिन्थ्यो । हामी समुन्द्रको मध्य भागमा रहेको टापुमा अड किएको जस्तो लाग्थ्यो । हामी बसेको भन्दा दक्षिण तिर अलि पर आकाशमा हेलिकप्टर उडेको देख्यौ । हामीले बाँच्ने आशै मारेको बेला हेलिकप्टर देखेपछि उदार गर्छ कि भनि लुगा खोलेर हल्लायौ बोलायौ तर आएन हेर्दा हेर्दै सबै तिर घरको अस्तित्व मेटिएको थियो ।

त्यतिबेला मनमा एउटै इच्छा जागेको थियो कि यसबाट बच्न मात्र पाए हुन्थ्यो । जीउको माया लागेको थियो बस त्यति नै । पछि त्यो घर पनि हल्लन थालेपछि डोरी समातेर हामी पालै पालो स्कुल सम्म पुग्यौ । त्यहा पनि कम्मर कम्मर पानी थियो । ५-६ घण्टा त्यही उभिएर पछि डुँगा द्धारा परानपुरमा गएर बस्यौ । त्यहाँ गए पछि विभिन्न संघ संस्थाले रासन लता कपडा दिए ।

त्यस पछि हामी १५-१६ दिन स्कुल मै बस्यौ । त्यसपछि ६-७ महिना पाल टागेर बसे पछि कारीतास नेपालको सहयोगमा रुसेक संस्थाले हामीलाई घर बनाइदियो । त्यसपछि हामी यो घरमा बस्न थाल्यौ । त्यतिबेला हामी सँग त्यो घर बाहेक केहि थिएन ९-१० जनाको परिवार थियो । बाढी आउनु अधि त खेतमा पनि उब्जनी हुन्थ्यो । मेलापातमा काम हुन्थ्यो । बस्तु भाँउ थियो । आम्दानीको श्रोत थियो ।  प्रकोप पछि त हामी सँग केहि भएन प्रकोपले खाने बस्ने केटा केटी पढाउने सबै समस्या पर्न थाल्यो । पछि फेरि काम खोजेर काम गर्न थाल्यौ । गुजारा गरेका थियौ । फेरी २०६० सालमा पनि बाढी आएको थियो । त्यतिबेला त हामी सँग अरु केही थिएन । आफ्नो जिउ बचायौ । पछि कारीतास नेपालको सहयोगमा रुसेक संस्थाले विभिन्न जिवीकोपार्जनका लागी सिप साधन पनि दियो । जमिन खनखान गरेर २-३ कट्टा बनाएका छौ । अहिले छोरालाई मलेशिया पठाएको छु । ३ वटा छोरीहरु साहुको घरमा काम गर्न साहुको धेरैमा बस्ने गर्छन ।

प्रकोपको पिडाबाट दिक्क भएका जेना बोटे भन्छन् । ‘हिजो र आजमा धेरै फरक छ आर्थिक रुपमा कैयौ दिन हप्ता महिना र वर्ष लगाएर जोडेको अलिकति सरसामान र चिजहरु पनि बगायो । उमेर ले पनि नेटो काटदैछ नजिक काम पनि पाइदैन । पहिला जस्तो वरीपरी छरछिमेकले पनि सरसापट पत्याउदैनन् । हुनत उनिहरु सँग पनि कहाँबाट हुने सारा जमिन बगरमा परिणत भएको छ

। कसरी के गरेर जिवन निर्वाह गर्ने भन्नेबारेमा सोच्न त सोचिन्छ तर उही त हो आफ्नो केही नभए पछि सपना देखेर मात्र के गर्ने । जेनतेन विहान बेलुकाको छाक टार्न पनि घर देखि निकै टाढा गएर काम गर्नु पर्छ ।

उनि भन्छन् । त्यो बाढीले हाम्रो चलिरहेको जीवनमा ठुलो हस्तक्षेप गरेको छ हाम्रो जिवनको हरेक पक्षलाई तहसनहस बनाइदिएको छ तर पनि हामी अझै केहि गरेर भए पहिलाको अवस्थामा पुग्ने कोशिस गरिरहेका छौ ।

# ९) कृष्ण बहादुर बुढाथोकी

जिन्दगीको बाटोमा आइपर्ने हरेक उल्झनहरुलाई सुल्झाउनु र जुध्नु मानिसको बाध्यता हो । चाहे त्यो सामान्य होस् चाहे भयंकर । त्यसैले जीवनमा सबै कुरा सोचे जस्तो संझे जस्तो र चाहे जस्तो नहुदो रहेछ जे आइपर्‍यो त्यो सहनु पर्दो रहेछ । भन्दै आफ्नो अतितलाई संझेर दिक्क मान्छन् ६१ वर्षिय कृष्ण बहादुर बुढाथोकी । २००२ साल तिर नुवाकोटको त्रिसुलीमा जन्मनु भएको बुढाथोकी बसाईसराइको क्रममै जगतपुर घैलाघरी आएर आफ्नो जन्मदिने आमा गुमाए । भाइ बुहारी छोरी गुमाए र पनि उनि आज आफ्नो मन आफै बुझाएर बसेका छन् ।

कृष्ण बहादुर नुवाकोट जिल्लाको गाँउमा जन्मेको भए पनि जिवनमा उनि त्यहाँ बस्न पाएनन् । उनिले त्यो ठाउँ छोड्नु पनि उनको इच्छाले थिएन । त्यसबेला पनि उनलाई एक प्रकारको प्रकृति संकटले धपाएको थियो । अर्थात अम्दानी ४-५ कट्ठा जमिन भएका बुढाथोकीको एक रात सबै जमिन पैरोले लगेपछि आफ्नो परिवार आमा, भाई र आफु भई त्यो घर छोडेर हेटौडा आईपुगेका थिए । उनिहरु हेटौडाको सानो पोखरा भन्ने ठाँउमा बसेर ज्यालादारी गर्न थाले । केहि समय पछि उनले पनि हेटौडा मै विवाह गरे । करिब ६-७ वर्ष सम्म हेटौडा बसे पछि घुम्दै-घुम्दै करिब २०३६ साल तिर पटिहानी आई पुगेर त्यै गाउँका एक मुरली बाजेको घरमा काम गरेर बस्न थाले । त्यही घरमा बसेर काम गर्दा गदै दुःखको कारणले हो या किन हो कृष्ण बहादुर की श्रीमतीले उनलाई छोडेर अर्कै सँग विवाह गरिन । कृष्ण बहादुरलाई असाध्यै दुःख लाग्यो । तर जे भए पनि उनिहरुले आफ्नो दुःख गर्न छोडेनन् । कृष्ण बहादुर भन्छन् केहि समय पछि घैलाघारीमा सुकुम्बासीलाई जग्गा खुलाउने रे भन्ने सुनेर घैलाघारी पुगे । कृष्ण बहादुरको २ छोरा बालक नै थिए । आमाले छोडेर गए पछि आमा बुबा दुवैको प्यार दिएर पालेका थिए । पछि घैलाघारीको चौर खनेर डेढ विगाहा जति जमिन बनाए । आमा भाई म र मेरो २ बालक छोरा त्यही जमिनमा सानो छाप्रो बनाएर बस्न थाल्यौ ।

बैशाखमा घर बनाएर बसेको जेठमा गैडागस्तीले आएर घर भत्काई दियो । वर्षाको समय काठपात ल्याएर घर बनाउने पनि गदै थियौ । कैयौ पटक घर भत्काए पनि सजसाज गर्दै बस्यौ । मैले फेरि विवाह गरे । पछि भाईको पनि विवाह भयो । मेरो पनि अरु २ छोरा छोरी जन्मिए । हाम्रो परिवार ठुलो भयो । धेरै दुःख काटेर बसियो । पछि यहाँका त्यसबेलाका प्रधान पञ्चले भएको जमिन काटेर ४-४ कट्ठाको दरले जमिन बाँडयो । जमिन थोरै भए पनि सानो छाप्रो बनाएर ढुक्क सँग बस्न थाल्यौ । हामी सबै परिवार मिहेनत गरेर आर्थिक समस्या टार्थ्यौ । जग्गा जमिन थोरै नै भए पनि ठेक्का अदिया गर्थ्यौ बस्तु भाउ पाल्थ्यौ मेलापात गर्थ्यौ । आम्दानी पनि रामै हुन्थ्यो । छोरा छोरीलाई पठाउने इच्छा भएको स्कुल हालेको थिए । दुई छोराको उमेर भएपछि विवाह गरिदिएको थिए ।

उनिहरु आफ्नो परिवार लिएर छुट्टै बस्न थाले । २०५९ को बाढी लाग्नु अधि  दुखै  गरेको भए पनि आथिक अवस्था रामै थियो । खान पुगेकै थियो । ७-८ मुरी धान मकै गहुँ हुन्थ्यो । छोरा छोरी पढाउने खर्च पनि जुटाएकै थिए  । यसरी नै घर चलाउदै जानसके भने एक दिन मेरो पनि अलि सुखको दिन आउँछ कि भनि सोचेको थिए । 'तर के गर्ने सोचेको जस्तो नहुदोरहेछ' जिवनमा भन्छन् "कृष्ण बहादुर"।

राप्तीबाट आइरहने सानो तिनो पानीको भेलले नराम्रो सँग भुक्यायो एक दिन कृष्ण बहादुरलाई जिवनको सबै भन्दा दुःख र कालो क्षण थियो । २०५९ साल श्रावण ६ गते राती अलि अलि सिमसिम पानी वर्षा याममा पानी परिरहनु कुनै नौलो कुरा थिएन । कृष्ण बहादुरलाई के थाहा यहि सिमसिम पानी सँग राप्ती नदी पनि उर्लेर उनको जिवनमालाई नै यति भयंकर रुपमा तमस नहस पार्छ भनेर ।

६ गते दिउँसो नै पूर्व तिर अध्यारो भएको थियो । अलि अलि पानी खेततिर वगिरहेको थियो । उनि भन्छन् । हामी त दिनभरी खेतमा काम गरेको बेलुका खाना खाएर सुत्ने तरखरमा थियौ । त्यसै बेला छिमेकमा बाढी आयो भन्ने हल्ला खल्ला भयो मैले श्रीमती छोरा छोरीलाई जगतपुर पुऱ्याउन गए । आमालाई  पनि जाउँ भन्दा 'ठुलो आउदैन होला बाबु ' भन्नु भयो । आमा पनि नजाने भनेपछि हामी म आमा भाई बुहारी र छोरी घर कुरेर बस्यौ । घरै बस्ने कि जगतपुर जाने भनि सल्लाह गर्दा गर्दै एक्कासी पानीको भेल थाम्नै नसक्ने गरि बढयो । यति ठुलो पानीको वेग थियो कि त्यो सारा चिज सोहरेर लान थाल्यो हेर्दा हेर्दै घर पनि पानीले भरियो । भित्ताहरु पग्लेर भत्कन थाल्यो ।  हामी के गर्ने कसो गर्ने हुदाँ हुदै रातको त्यस्तै १२ बजे तिर बल्ल बल्ल पानीको भेल सँग जुध्दै  घर नजिकै रहेको छिमेकीको पक्की घरमा पुग्यौ । हामी जुन घरमा शरण लिएर बसेका थियौ । त्यो घरमा पनि पानी भरिदै थियो । म झ्यालको आडैमा थिए आमा र भाई काठको टाँड बनाएर बस्नु भएको थियो । हामी रातको १२ बजेबाट विहानको सात बजे सम्म त ५ चै जना सँगै थियौ । हामी त्यो बेला आफ्नै जिउ पनि नबाच्ने पो हो कि भनेर आत्तिएर एक अर्काको मुख हेर्न थाल्यो रोयौ करायौ चिच्यायौ बाढी झन बढदै गयो । ७ गते विहान करिब ८ बजेको हुँदो हो, पानीको बेग बढन गई हामी बसेको घरलाई  पनि पूर्वतर्फबाट बगाउन थाल्यौ । वरिपरिका घरहरु त रातभरी मै बगाइसकेको थियो । हुदाँ हुदै घरको विचको गाह्रो पनि खस्न थाल्यो । घरले थिचेर मर्नु भन्दा पानी मै बगेर मर्नु भनेर म हाम्फालेको मात्र के थिए घरको छत खसेर मेरो ७६ वर्षिय आमा, ४० वर्षिय भाई, ३२ वर्षिया बुहारी र ९ वर्षिय छोरीलाई थिचिहाल्यो । म अक्क न वक्क परे । अघि जाऊ कि पछि मोडिएर हेरु भन्दा भन्दै मलाई पानीको भेलले हुत्याएर टाढा पुऱ्याईदियो । आपतकालीन अवस्थामा आफ्नै जिउ ठुलो हुदो

रहेछ बल्ल तल्ल बालुवामा भासिदै पानीमा हुत्तिदै अलि अक्लो ठाउँमा पुगे र फर्केर आफु र आफ्नो परिवारले शरण लिएको घर तिर आँखा पुऱ्याए ।

त्यहाँ घर को त के कुरा घर कहाँ नेर थियो भन्ने कुरा पनि मैले ठम्माउनै सकिन । म हेरेको हेरै भए कठै मेरो जन्म दिने आमा सँगै खेलेर हुर्किएको भाई  अनि बुहारी र सानी छोरी त्यो निर्दयी भेलले कहाँ पुऱ्यायो होला ? कस्तो भयो होला ? त्यति बेला मलाई  मेरो मन भतभति पोल्न थाल्यो । म त त्यहि डाँको छोडेर रुन पुगेछु । अलिपरबाट अरु छिमेकीले मलाई एउटा घरको छतमाथि पुऱ्यााए छन् । त्यति बेला मेरो मन मस्तिष्क केहि सोच्नै नसकि ठप्प अडिन पुगेछ । म त्यहि बेहोस् भएछु । ७ गते बेलुका ४,५ बजे तिर  बिउझिदाँ त घरकै छतमाथि आफुलाई पाए । एक्कासी मनमा परिवारको याद आयो । आमा र भाईहरुलाई बाढीले कहाँ लग्यो लग्यो पक्कै जिउँदो हुनुहुन्न भनेर छटपटि लाग्यो । हतार र छटपटिमा भए पनि जिन्दगीको शुरुवातबाट आज सम्मका कैयौ सुख दुःखका क्षणहरु चलचित्रको पर्दामा झै आउँदै विलाउदै गर्न थाल्यो । कति रोए कति चिच्याए तर निर्दयी  पानीको भेल बग्न छोडेन बेलुका साँझ पख डोरी लगाएर घर तल झऱ्यौ ।

त्यसपछि डुङ्गामा चढेर केरुङ्गे स्कुलमा गयौं । त्यहाँ पुगे पछि मेरो बाँकी परिवार सँग भेट भयो । पुन मेरो परिवारमा रुवावासी चल्यो ।  रुवाबासी र चिच्याहट केहि क्षण पछि शुन्यतामा परिणत भयो । ओहो मेरी आमा, भाई, बुहारी र छोरीलाई सर्लक्यै बगाएर लग्यो । घर जमिन समान र बस्तु भाउको  त त्यो बेला सम्झना सम्म भएन । साह्रै पीर परेको थियो । अधिल्लो दिन देखिको भोको पेट जीउ नै थरथर काँपीरहेको थियो । जिउमा एकसरो लुगा सिवाय बाँकी केहि थिएन । त्यहि पनि रातभरि दिनभरीको पानीमा भिजेको । बेलुका झमक्क साँझ परेपछि खानामा चिउरा दिए । कुन संस्थाले दिएको पनि थाहा भएन । खान पनि मन लागेन । आमाको संझनाले सताउन थाल्यो । त्यो बेलुका त्यहि स्कुल मै सुत्यौ । भोली पल्ट गाँऊ तिर गएर एक छाक भात खाइयो । त्यसपछि स्कुलमै आए । स्कुलमा विभिन्न संस्थाहरुले  पालहरु, भाडाकुडा, लताकपडा र रासनहरु बाँडे । हामी त्यहि स्कुलमै १८-२० दिन सम्म बस्यौ । र त्यसपछि दिएको पाल लिएर घैलाघारीमै गएर पाल टाँगेर बस्यौं । करिब ८-९ महिना पाल टाँगेर बसे पछि  अर्को सालको जेठमा रेडक्रसले बनाई दिएको भवनमा बस्न थाल्यौं ।

बाढी लागेपछि हामी सँग आफ्नो भन्नु आफ्नै ज्यान बाहेक केहि बाँकी रहेको थिएन । आफ्नो भन्ने केहि नभएको बेला पाएको यो घर पनि हाम्रो लागी अमुल्य बन्न पुग्यो । बस्ने बास त भयो अब समस्या  भयो खाने गाँसको बाच्नको लागी मात्र भए पनि खानै पर्ने रहेछ । तर खाने चिज भने केहि थिएन । आर्थिक अवस्था निकै कमजोर भएको थियो । मानसिक रुपमा पनि अत्यन्तै कमजोर भएका

थियौ । हाम्रो परिवार ले बल्ल तल्ल गरेर सिङ्गो परिवारको लामो समयको अथक प्रयास र परिश्रमले जोडेको सवथोक र परिवार गुमाउनु पर्दा मन मस्तिष्कमा पनि ठुलो चोट पुगेको थियो । आम्दानीको कुनै श्रोत भएन । काम पनि त्यति पाईदैन वा पहिलाको जस्तो पाईएन तर जेन तेन मेलापातको निमेक गरेर अहिले सम्म परिवारको खर्च जुटाइ राखेको छु । ज्याला निमेकको भरमा बाँच्नु पर्ने भए पछि कमाउदाँ र कमाई हुदा राम्रै सँग  खाने लाउने र नुहदा  त्यस पनि बस्ने गरेका छौ । भन्छिन् कृष्ण बहादुरकी श्रीमती मिना बुढाथोकी ।"

उनि भन्छिन् आफ्नो केहि नभए पछि आफन्तले पनि सहयोग नगर्ने रहेछन् । ऋण सापट पाइदैन । बाढी ले गर्दा निकै समस्या उब्जायो खाने समस्या देखि लिएर बच्चा बच्चीको पढाईको अवस्थामा पनि निकै हलचल मच्चाइ दियो । छेरा र छोरी स्कुल पढदै थिए । ०५९ सालको बाढीले किताव कापी स्कुलको ड्ेस सबै बगाईदियो । फेरी किन्ने पढाउने खर्च जुटाउन पनि सकिएन कम्जोर आर्थिक अवस्थाको कारणले छोराछोरीलाई पनि मेलापात मा लानुपर्‍यो । त्यसैले छोरीले पढन पाइन । बाढी अगाडि राम्रै सँग पढदै थिए । चलिरहेको उनिहरुको पढाइलाई पनि तहसनहस पारीदियो । कान्छो छोराले अझै छ कक्षामै पढदैछ । पहिलाको तुलनामा बाढी गए पछि पढाई पनि त्यति राम्रो हुनसकेको छैन । उसको आवश्यकता पुरा गर्न पनि हामीलाई गाह्रो भएको छ, तर जे भए पनि यो छोरालाई राम्रो सँग पढाउने इच्छा अझै जिवीतै छ । मेहनतै गरेर भए पनि अलि अलि पैसा संगालेर एउटा आफ्नो घडरी सम्म जोडन पाए आफ्नो खुट्टा  टेक्ने ठाउँ हुन्थ्यो भन्ने अझै सपना देखेकाछन् ।"कृष्ण बहादुरले भन्छन् ।"

उनि भन्छन् यस्तो प्रकारको प्रकोपले हामी गरिब व्यक्तिको ज्यूनुको आशा र भरोसा सबै तोडेको छ । बालक काल देखि ६० वर्षको उमेर सम्म कैयौ हण्डर र ठक्कर खादै जोडेको अलिकति सम्पति जुन मेरो परिवारको लागी बाँच्ने आधार थियो ।  मेरो परिवारका एक एक सदस्यको पसिनाको कमाइ पनि थियो । त्यहि घर र त्यहि जमिनमा उभिएर हामीले कति मिठा सपनाहरु देखेका थियौ । हामीले तर त्यो कैयौ वर्ष लगाएर देखेको सपना पुरा नहुदै केही क्षणमै भताभुङ्ग हुन पुग्यो । यस्तो होला भनेर हामीले सोचेको पनि थिएनौ । हामीले जिन्दगीमा यस्तो दिन पनि भोग्नु पर्ला भनेर ? आजकल परिवार सबै मिलेर ज्याला निमेक गरेर घर खर्च टारेर आफ्नो दिनचर्या अघि बढाउदै गरेका कृष्ण वहादुर भन्छन् । 'प्रकोपले हाम्रो चलिरहेको जिन्दगीको बाटोमा निकै परिर्वतन ल्याएको छ आफ्नो सबै कुरा बगाएर घरवार विहिन बनाइ दिएको छ सपना बगाएको छ इच्छा चाहनालाई कमजोर बनाइ दिएको छ । जीन्दगी प्रतिको माया र मोहलाई घटाइ दिएको छ । केहि गर्ने केहि जोडने जोश जाँगरलाई पनि भय त्रास र शंकाले घेरिदिएको छ । आजकल कृष्ण बहादुर यसो गर्छु

भनेर सोच्न र कल्पना गर्न पनि डराउछन् । उनलाई अझै ०५९ श्रावण ६ गतेको कालो रातको घातक प्रहारले गहिरो र कहिल्यै पनि नमेटिने छाप छोडेर होला ? सायद कृष्ण बहादुर भविष्यको बारेमा केहि योजना बनाउन पनि चाहदैनन् ।

# १०) शंकर कुमाल

समयको उत्तार चढाप सँगै आज जिवनको ७५ औ बसन्तपार गरिसकेका शंकर कुमाल धर्तिको सानो टुक्रामा आफ्नो जिन्दगीका कस्टकर पलहरु काट्दै कहिले सुस्ताउछन् भने कहिले बुढो आँखाले धमिलो दृश्य च्याए सम्म धर्तिको क्षितिज सम्म हेरेर टोलाइरहन्छन् घोरिरहन्छन् । मानौ की उनि आफ्नै जीवनको कथा पढेर दगं छन् अथवा आफ्ना अतित सँग वर्तमानको तुलना गर्दैछन् । हुनत जिन्दगीको लामो भोगाई पार गरेका यि वृद्ध आजकल सम्झने शक्तिमा पनि ह्रास आएको जस्तो लाग्छ । सम्झना त्यति सक्दैनन र चाहदैनन् पनि किनकी त्यो सम्झनाले फेरी उनको मन दुखाउन थाल्छ आँखा रसाउन थाल्छ ।

कुनै एक समय थियो । शंकर कुमालको जिवन रमाइलो र आनन्दमय परिवेशबाट शुरु भएको थियो । आज भन्दा करिब ७५ वर्ष अगाडी मेघौली को शिशावासमा जन्मेका थिए । उनी उनको त्यो बेलामा ५ विगाहा जमिन थियो । हुर्कदै बढने क्रममा उनका हरेक आवश्यकताहरु त्यसै जमिनबाट उब्जने खेतिपातीले पूर्ति गथ्यो । उनिले १५-१६ वर्षमा विवाह गरेका थिए । धेरै समय सम्म पनि उनिहरुको सन्तान भएन । पछि अनायाश श्रीमतीको मृत्यु भयो । केहि समय एक्लै विताए पनि शंकरले फेरी दोस्रो विवाह गरे । दोस्रो विवाह गरेपछि शंकरका सन्तान पनि भए । ३ छोराका बुबा बन्न पुगे शंकर कुमाल । जग्गा जमिन प्रशस्त थियो । त्यसबाट उब्जेको खेतीपातीले उनिहरुको जिवन सुख सँग वितिरहेको थियो । आर्थिक अवस्था राम्रो भए पछि परिवार खुशी र आनन्दमयी नै बनेको थियो । कुमालका पति पत्नी सधै जसो जाड रक्सी पिएर आनन्द सँग दिन विताउथे ।

त्यसबेलाको समय शिक्षाको कमि नै थियो । कुमाल परिवारमा जन्मिएका उनका ३ भाई छोराहरु पढन स्कुल गएनन् । त्यहाँको त्यो समयको परिवेश नै त्यस्तै थियो । ठुलो भए पछि पनि आफ्नै घरमा खेतिपाती गर्ने घर चलाउने । शंकर आफ्ना छोराहरुको भविष्यको बारमो त्यति चिन्तित पनि थिएनन् । मिठो सपना पनि देखेनन् । उनलाई यति मात्र लाग्थ्यो कि यत्रो जग्गा जमिन छदैछ यै गरेर खाइहाल्छन् नी ।

समय वित्दै गयो । समयको चक्र सँगै शंकरको जिवनले नराम्ररी कोल्टे फेऱ्यो । एक पछि अर्को गदै उनको जीवनमा थुप्रै घात प्रतिघात भए चलिरहेको पारिवारीक जिवनमा ठुलो बज्रपात भयो । एक दिन शंकर की श्रीमती शंकरलाई छोडेर अर्कै सँग विहे गरेर गइन् । सबै कुरा पुग्दा पुग्दै मात लागेर होला भन्छन् 'शंकर । समय चलिरहयो छोराहरु बढदै गए । अशिक्षितको रेखा भित्र सिमित शंकर कुमाल आफ्नै छोराले झुक्याएर २ विगाह जमिन बेच्दा समेत थाहा पाउन सकेनन् । समयको परिर्वतन सँगै शंकर कुमालको जिन्दगीका पाटाहरुमा अकल्पनिय संघर्ष सुरु भयो । छोराले पनि

जमिन बेचेर उनलाई छोडेर गयो । अहिले उ कहाँ छ के गर्छ थाहा सम्म छैन शंकरलाई नदिको किनारमा रहेको आफ्नो घर खेत कहिले काही नदि बढेर आउँदा आफ्नै खेतसम्म लाने हो कि जस्तो त लागेको थियो । अलि अलि गर्दै नदिले जमिन काटन गर्दै थियो । अलि अलि गरेर खोल्दा खोल्दै २०६० सालको वर्षामा शंकरको सबै जमिन बगायो । बुढेसकालमा उनि के गरु र कसो गरु भनि छटपटिन थाले । यसरी एक पछि आर्को चोट खप्दै आएका कुमाल नदीले घर जग्गा बगाए पछि आफु र २ छोरा को रित्तो मन र खाली हात लिएर मेघौली-५, तेलौलीको सिसौघारीको शिविरमा पलाष्टिकको पाल टागेर बस्न थाले । विभिन्न संस्थाले दिएको रासनले केहि महिना छक टारे बाढीले सबै थोक वगाएपछि उनको माइलो छोरा पनि वृद्ध बुबालाई छोडेर इन्डिया तर्फ लाग्यो । अहिले उनलाई यतिमात्र थाहा छ कि उनको छोरा दिल्लीको कुनै होटलमा काम गर्छ अरे । उनलाई भेटन एक पटक आएको थियो ।

आजकल कुमालको दुवै खुट्टा चल्दैन । उनको बाँकी रहेको कान्छा छोरा पनि फुपुको घरमा गोठालो बसेको छ । कहिले काही बुबाको लागी भनेर अलिकति दालचामल लिएर आउँछ । जुन परिवार र सन्तानको लागी धेरै तपस्या गरेका थिए आज उनिहरु सबैले छोडेर गए । यदि मेरो जमिनमा बाढी नलाग्दो हो त म सँग प्रशस्त धन हुदो हो त म सँग प्रशस्त धन हुदो हो त यसरी सबै जनाले पालै पालो मलाई छोडेर जाने थिएनन होला नी भन्दै रसाएको आँखा सँग मुजा परेको निधार खुम्चाउदै भन्छन् 'शंकर कुमाल' ।

शंकरको जिन्दगीले धेरै कोल्टे फेऱ्यो । त्यत्रो जग्गा जमिन घर परिवार भएका कुमाल कुनै समय जाँडको मस्तीमा गाउँ भरि रमाईलो गरि हिडेथे । आज उनि एक्लैछन् । अनौठो जिन्दगीका हरेक दुखित पलमा ज्युन बाध्य कुमालले जिन्दगीका प्रत्येक पाटाहरु पढि सकेका छन् । चट्याङ्ग ले हानेको बुढो रुखमा पालुवा पलाउन छाडे जस्तै सबै तिरबाट एक्लिएका बुढा कुमाल अहिले तेलौलीको सिसौघारीमा पलाष्टिक को पाल टाँगेर बस्न बाध्यछन् । पानी पर्दा निछरुप्प भिज्ने र घाम लाग्दा अत्यन्त पोल्ने एउटा सानो छाप्रोमा जिवनका उर्तारार्द्धहरु काटिरहेका छन् ।

आज भोली अत्यास लाग्दो भनौ या पट्यार लाग्दो दिनहरु काटन कुमाललाई साह्रै गाह्रो भएको छ । उनी जिन्दगी देखि हार खाई सकेकाछन् । उनी कसै सँग केहि भन्न पनि चाहदैनन् । एक्लो पनाले उनलाई साह्रै नियास्रो बनाएको छ कहि केहि कुराको आशा छैन । जीन्दगी सँग कुनै मोह छैन तर बाँच्न विवश छन् । आजकल उनि चाहन्छन् 'भोलीको सूर्य उनको लागी नउदाओस' । कहिल्यै रात नसकियोस । किनकी आजकल उनि हिडँन सक्दैनन् । राम्रो सँग बोल्न पनि सक्दैनन । उनका दुवै खुट्टा चल्दैनन् । उनलाई के रोग लागेको हो । त्यो पनि उनलाई थाहा छैन औषधी उपचार

गर्ने अवस्था पनि छैन भएको सम्पति बाढीले बगाइहाल्यो । उनी सँग अब जिन्दगीको नौलो सपना छैन । प्रत्येक विहानीको नयाँ परिवेश उनलाई नयाँ लाग्दैन । भोलीको  दिनको उनलाई पिर लाग्न छोडीसकेको छ । जिन्दगीका सुख दुःखलाई नजिकैबाट निहालेका यि कुमाल बुढाको मुहारमा रोशनीको नाम निशानै छैन । हुन त उनको हातमा भएको  शिपले गर्दा आज पनि सकिनसकी अरुले बाँस ल्याएर सहयोग गर्‍यो भने डोको नाङलो डालो बुन्छन र बेच्छन । कसैले अलि कति खानेकुरा ल्याइदिए भने अलिकति खान्छन र अलिकति भरेलाई पनि साँच्छन् । उनको नाजुक अवस्था देखेर Clinic Nepal भन्ने संस्थाले उनलाई खानेकुराको लागी दाल, चामल, दिएर अलि अलि सहयोग गरेको छ । पकाएर खाने सम्म अवस्था छैन उनको । सम्पतिको नाममा एउटा ओडने कम्मल, एउटा पानी खाने भाडो, २ वटा भाडाँ कुडा र माछा मार्ने ढडिया बाहेक केहिछैन ।

उनि अहिले पनि सम्झन्छन् । कुनै बेला थियो जुन बेला उनी पुरै परिवारको साथ थिए । घर जग्गा जमिन प्रशस्त थियो । घर परिवारको वातावरण पनि रमणिय थियो । अचानक एक पछि अर्को गरि उनको जिवनमा घटेको घटना र एक्कासी नदिले घर जग्गा बगाए पछि उनको जिवनमा यति नराम्रो उतार चढाव आयो कि उनि सम्झदा पनि आँशुको ढिका खसाल्छन् । उनि जिन्दगी देखि धेरै नै दुःखी छन् । त्यै नदिको भेलले गर्दा आज यो दुःख पाए भन्छन् उनि । अति कष्ट कर जिन्दगी जिएर होला शंकर अरु कसैको जिन्दगीमा यति घातक र निर्दयी खेल प्रकृतिले नखेलोस भन्ने चाहन्छन् । उनलाई आजकल कसैको याद गर्न मन लाग्दैन छोराहरु थिए छन् भन्ने कुरा बिर्सन चाहन्छन् उनी । अनेकौ चोट खाई तडपेर बाचेका यी बृद्ध मृत्यु सँग कति पनि डराउदैनन । सकी नसकी यसरी बाच्नु भन्दा मर्न बेश हुन्थ्यो होला भन्छन् । वृद्ध कुमाल ।

कैयौ संघ संस्था र मानिसले घर बनाइदिन्छु, जमिन दिन्छु, पैसा दिन्छु, भनि आए तर त्यो कसैले गरेनन् भन्छन् उनि । उनिबाट मानिसहरु प्रतिको विश्वास पनि हराइसकेको छ अहिले उनि उदेश्य विहिन जिवन सानो भुपडिमुनि काटिरहेका छन् ।

## ११) गिताराम मगर

मिठो खाने, राम्रो लाउने, राम्रो विद्यालयमा छोरा छोरीलाई पढाउने र अलि सुखले सुगम ठाँउमा जिवन विताउने रहर कसको पो हुदैन र ? त्यस्तै रहर र सपना बोकेर गिताराम मगर पनि एक समय आफ्नो परिवार लिएर चितवन झरेका थिए । हुनत गितारामको जन्म आज भन्दा ६१ वर्ष पहिला गोर्खा जिल्लाको मिर्कोट भन्ने ठाउँमा भएको थियो । उनले त्यही आफ्नो बाल्यकाल विताएका थिए । उनको विवाह पनि भयो । १ छोरा र ३ वटी छोरी पनि जन्मिए । समय वित्दै गयो । उनले विचार गर्न थाले यो पहाडमा बस्नु भन्दा त बरु अलि सुगम ठाँउमा गएर बस्न पाए यो छोरा छोरीलाई राम्रो स्कुलमा लगेर शिक्षा दिक्षा दिन पाए छोरा छोरीको पनि भविष्य उज्वल हुने आफु पनि बुढेसकालमा सुखी जिवन विताउन पाइन्छ  कि भन्ने सपना बोकेर गितारामले आफ्नो पहाडमा भएको ४ रोपनी आठआना खेत र ६ रोपनी २ आना पाखोवारी, घर, गाईभैसी बेचेर आफ्नो परिवार लिएर चितवन झरे । चितवनको घैलाँघारी तिर जग्गा अलि सस्तो पाइन्छ रे भन्ने सुनेर उनि घैलाघारी पुगेर ३-७ कट्ठा जग्गा किने र सानो घर बनाएर बस्न थाले । घैलाघारीको बसाई गितारामलाई राम्रै लागेको थियो । उनि लगाएत उनको श्रीमती र १ छोरा र ३ छोरी सँग एक काम गर्ने व्यक्ति पनि उनको परिवारमा थिए । गितारामले सबै छोरा छोरीलाई पढन स्कुल भर्ना गरि दिएका थिए । गितारामले अरुको जग्गा ठेक्का, अदिया, गरेर आफ्नो जमिनबाट पनि प्रशस्त अन्न उब्जाउने गर्थे  ।

साह्रै पैरखि थिए गिताराम उनिभन्नछन् । मैले आफ्नो जग्गा ६-७ कट्ठा भए पछि ४-५ विगा जमिन अदिया, ठेक्का गरेर धेरै नै आम्दानी गरेको थिए । गोठ भरी भैसी थिए । प्रशस्त दुध बेच्थे । मेरो आर्थिक अवस्था निकै राम्रो हुदै आएको थियो । छोरा छोरी पनि राम्रै सँग पढदै आएका थिए । मैले सोचे जस्तै जिवनमा सफलता पाउँदै थिए । एक पछि आर्को गर्दै थुप्रै सर सामान जोडेका थिए । पहाडको भन्दा निकै सुखमय भएको थियो मेरो जिवन मानसिक रुपले पनि म सन्तुष्ट नै थिए । मैले खालि एउटै सपना देखेको थिए कि छोरा छोरीलाई धेरै पढाउने उनिहरुलाई सुख दिने । जसले गर्दा भविष्यमा आफुलाई पनि केहि सुख होला ।

घैलाघारी राप्ती नदिको किनार भएकोले होला सानो तिनो भेलले यो गाँउ चोखो रहेको थिएन् । सानो तिनो भेल वर्षा याममा आउछ भन्ने सबैलाई थाहा थियो । २०४९/५० सालतिर पसेको सानो तिनो भेलले गितारामको सानो घर अलि अलि भत्काएको थियो । उनि भन्छन् मेहनत र परिश्रम गरेर अलि अलि पैसा जम्मा गरेका थिए । जग्गा किन्दा पनि घर बनाउने भनेर अलि अलि पैसा साँचेको

थिए । घर बनाउने पैसा लगभग ३ लाख ७५ हजार पुगेको थियो । त्यो पैसाले २०५५/५६ सालमा राम्रो घर बनाएको थिए । घरको ३ कोठा भाडामा दिएको थिए अरु कोठामा हामी आफै बसेको थियौ । केहि समय पछि छोराले राम्रो पढन सकेन र छोरा विग्रेरर नहिडोस् घरमै काम गरेर बसोस भनेर मैले कुखुरा पालन गर्न भनेर करिब रु.९५ हजार खर्च गरेर खोर बनए । भदौमा चल्ला हाल्ने भनेको श्रावण मै मेरो सपना चकनाचुर बनाएर पानीको भेलले बगाएर लग्यो ।

उनको सपना बगाएर लागेको कालो दिन सम्भदै भन्छन् गिताराम वि.स.२०५० श्रावण ६ गतेको दिन थियो । मैले घैलाघारीको स्कुलको खेत वर्षको ८ हजार तिरेर ठेक्का लिएको थिए । त्यहि जमिनमा रोपाई गरेको थिए । त्यो दिन वर्षाको बेला कामको मारामार थियो । खेतको काम सकेर साँझ पख घर आइ पुगेको थियौ । बेलुकाको खाना खाएकै थिएन् । सौराहा तिरबाट बाढी आयो रे भन्ने फोन आएछ । गाँउमा हल्ला खल्ला भयो । झमक्क साँझ परेको थियो । पानी अलि अलि खेततिरबाट आँगन हुदै बग्दै थियो । आकाशबाट पनि सिमसिम पानी परिरहेको थियो । बाढी आएको हल्ला साच्चिनै हुनसक्छ भनेर मैले मेरो परिवार सबैलाई जगतपुर तिर अलि अग्लो ठाँउमा गएर बस्न भनेर म र मेरो घर काम गर्ने मान्छे दुईजना घर कुर्न बस्यौ । एकछिन पछि मेरो काम गर्ने मानिसले भन्यो दाई हजुर पनि जानुहोस् । म त सधै यहि बस्ने मान्छे मलाई यहाँको बाढीको बारे राम्ररी थाहा छ म जान्न यही घर कुरेर बस्छु हजुर जानुस भन्यो । म पनि हो जस्तो लाग्यो र घर तिर हेर्दै हतार हतार म पनि दगुरे । एकै छिन पछि त पानीको ठुलो भेल एक्कासी हाम्रो घर तिर बग्न थाल्यो रातको अध्यारोमा केहि देखिएका थिए । चारै तिर खोला गडगडाएको मानिसहरुको पिडादायीक चिच्चाहट र रुवावासी मात्र सुनिन थाल्यो ।

सायद त्यति बेला रातको ११:३० बजेको हुदो हो । हाम्रो परिवार जगतपुर नै बस्यो त्यो रात हामीलाई निन्द्रालागेन कतिबेला उज्यालो होला र आफ्नो घर हेरौला गाउँघर कस्तो भयो होला भन्ने प्रतिक्षामा रात पनि वित्यो विहानको झिसमिसेमै अलि नजिकै गएर हेर्न थाल्यौ । त्यसबेला मेरो गाँउ घरको अवस्था यति दर्दनाक देखिन्थ्यो की त्यसलाई नाम दिने शब्द खोज्न पनि मलाई गाह्रो भयो घरहरु एक दुई वटा बाहेक केहि थिएन । गाउँमा खोला बगेको थियो । कसैको केहि थिएन कोही मानिसलाई नै पानीले उचाल्दै पछ्याउदै लगेको थियो त कसैको गाई भैसी । केहि छिन पछि छलङ्ग उज्यालो भयो । मैले मेरो घर तिर आँखा पुऱ्याए । मेरो घर त अझै केहि भएको थिएन । घर अघि एउटा आपको रुख पनि बाँकी थियो । म एकोहोरो मेरै घरतिर हेर्दै थिए । घर त बाकी छ जेहोस् भनेर मन ढुक्क गरेको थिए पानीको वेग अझै बढदै थियो । सायद त्यति बेला विहानको ७:३० बजेको हुदो हो । मैले मेरो घर तिर हेर्दा हेर्दै मेरो घर हल्लन थाले पछि मेरो घरमा काम गर्ने घर अगाडीको

रुखमा हाम्फाल्यो क्षणभर मै त्यो निर्दयी भेलले मेरो घर ढालेर त्यो रुख सँगै बगायो । ओहो उसलाई पनि बगायो क्यारे भनेर हेर्दै थिए । त्यहाँ त केहि नाम निसाना नै देखिएन । मनमा साह्रै पिर पऱ्यो त्यस्तो दुःख गरेर जोडेको घर जमिन सबै लग्यो । अब कहाँ जाने होला ? के खाने होला ? कस्कोमा बस्ने होला यत्रो परिवार कसरी पाल्ने होला ? भनेर साह्रै चिन्ता लाग्यो भने अर्को तिर लामो समय देखि आफ्नै घरमा बसेको (काम गर्ने मान्छे) हलिलाई पानीले बगायो भनेर झन छटपटि भयो । के गर्नु मानिस न हो जे जस्तो संकट र दुर्दशा आइपरे पनि सहनु पर्दोरहेछ । न रोएर हुनु न कराएर हुनु । पानीको भेल अझै बढ्दै थियो । हामीले त्यहि प्रकृतिले निम्त्याएको प्रकोपलाई हेरेर दिन काट्यौ बेलुका आफन्तको घरमा गयौ ।

त्यत्रो ९-१० जनाको परिवार आफन्तको घरमा पनि कसरी अटाउने थियो र १-२ दिन पछि हामीले कोठा भाडामा लिएर बस्न थाल्यौ । आफु सँग केहि पनि थिएन । छोरीको बोडिङ्गको फि तिर्न भनेर मकै छोडाएर बेच्न लाई ४ बोरा मकै ७ बोरा धान ठिक्क बनाएको थिए । ४,५ वटा दुहुनो भैसी थियो । त्यत्रो घर जमिन सबै बगाएको थियो । त्यस पछि हामी रितो भयौ । जेठी छोरी आइ.ए. पढदै थिई र दुइ छोरी बोडिङ्गमा पढदै थिए । कापी, किताब सबै बगायो । फेरी किन्ने पैसा भएन । मानसिक रुपमा पनि उनिहरुलाई धक्का पुगेछ क्यारे २ वटा छोरीले पढन छोडे । हामी सँग पढाउने खर्च पनि थिएन । कान्छी छोरीलाई बोडिङ्गबाट निकालियो र स्कुलमा राखीयो । अहिले छोरो मलेशियामा छ राम्रो कम्पनि नपरेकोले पैसा पनि त्यति कमाई छैन । २ वटा छोरीहरु इटहरीमा एउटा धार्मिक संस्थामा काम गर्छन । पहिलाको तुलनामा हामी पुरै रित्तो भएका छौ ।

आजकल गितारामको परिवार रेडक्रसले बनाईदिएको घरमा बसेका छन् । उनि भन्छन् आफ्नो केहि नभएको बेला यहि एउटा घर पनि हाम्रो लागी ठुलो चिज भएको छ । यहाँ हामी १० जनाको परिवार मध्ये सात जना बस्छौ । के गर्ने बास मात्र भएर खाने गाँस को असाध्यै दुःख छ । आफु पनि बुढो भइयो । छोरा छोरीले कमाएर पठाए भने खान पाइन्छ । अहिले आम्दानीको श्रोत भनेकै यै छोरा छोरीको कमाई हो ।

२०५९ को बाढीले गितारामको सिंङ्गो परिवारलाई तहसनहस बनाइ दियो । पानीको भेल सँग उनको सारा सपना पनि बगेर गयो । आज भन्दा केही वर्ष अगाडी सुन्दर सपना बोकेर घैलाघारी झरेका यि गिताराम आज आफ्नो अवस्था देखेर अलमल परेका छन् । अब कहाँ जाने हो के गर्ने हो । यत्रो परिवारलाई कसरी बचाउने हो भन्ने कुराहरुले उनको वृद्ध मन मष्तिकलाई हरक्षण सताइरहन्छ । प्रकोप प्रकृतिको देन हो । यसको कारण मानिस नै हो मानिसहरुले समयमा विचार नपुऱ्याएर नै यो प्रकोपले हामीलाई विचल्ली बनाएको हो भन्दै चितबुझाउछन् उनि । क्षतविक्षत भएको मनलाई

सम्हाल्दै अझै गिताराम केहि सपना केहि कल्पना गर्न भने चुकेका छनन् । उनको सोच छ उनको छोरा छोरीले कमाएर केहि ल्याए भने जम्मा पारेर अलिकति टेक्ने ठाँउ र सानो बस्ने बास बनाउने इच्छा छ । प्रकृतिले आफुलाई ठगे पछि पनि आफ्नो सपना भताभुङ्ग  भएर पनि आफ्नो सम्पूर्ण चिज गुमाए पनि फेरि केहि जोडने चाहना गितारामा देखिन्छ ।

# १२) तोपमान गुरुङ्ग

भाग्य हुनेलाई सुख सन्तोष परेर आउँछ अभागी पुर्परोलाई आएको सुख पनि टरेर जान्छ अथवा अनुभव नगर्दै विताएर जान्छ भन्ने कुरालाई तोपमानले आफ्नै जिवनको कथा सँग जोडन चाहान्छन् । हुन पनि बाहिरी रुपमा भलादमी र सन्तोषी देखिने तोपमानको जिवनमा कैयौ यस्ता घटना घटेका छन् कि उनले चाहेर पनि कहिल्यै प्रगतिको पाइला टेक्न पाएनन् । उनले जिवनमा थुप्रै प्रयास गरे अथक परिश्रम गरे जीवनलाई सुखमय बनाउन । तर उनको हर प्रयास ले उल्टो मोड लिन पुगे कैयौ सपना देखे जीवनमा तर त्यो पनि कहिल्यै पुरा हुन सकेन । आजकल तोपमान हरेक कुरा गर्दा क्षणिक उत्साह देखाए पनि उनको मनलाई एक प्रकारको पिडाले हर समय सताइरहन्छ । उनि भन्छन् आजकल त मलाई पानी नपाएको माछालाई जस्तैः छटपटि हुन्छ । भविष्यको बारेमा सोच्न पनि डर लाग्छ सायद धेरै पटक मेरो सोचाई मा नै घात भएर होला । अथवा सोचेको नपुगेर होला । कहिले प्रकृतिबाट र कहिले आफन्तबाट धोका खाएका यि तोपमान गुरुङ्ग करिब २०१९ सालतिर गोर्खा जिल्लाको पातिसरा गाउँमा जन्मिएका थिए । गोर्खामा जन्मिए पनि उनको परिवार धेरै समय गोर्खा बसेन । तोपमानका बुबा नेपाल आर्मीमा जागिरे थिए । तोपमानको परिवारको खास बस्ने बासको टुगो थिएन । बुबाको जहाँ जहाँ सरुवा हुन्छ उनिहरु त्यहि जान्थे । तोपमान भन्छन् पछि बुबाको पेन्सन भए पछि हामी परिवार गोर्खामा गइयो । गोर्खामा अलिकति खेत र बारी थियो । सानो घर थियो । हामी परिवार त्यही बस्न थाल्यौ । केहि समय पछि मेरो आमाको मृत्यु भयो । मेरो आमा मरेपछि बुबाले अर्को श्रीमती लिएर चितवन आउनु भएछ पूवि चितवनको सिद्धिपुर भन्ने ठाउँमा २०२७।२८ सालतिर छ विगाह जमिन फाडेर बस्नु भएछ र पछि हामी पनि त्यही आएर बस्यौ ।

त्यो बेलामा म ३ कक्षामा पढथे । पछि मेरो बुबाले सबै जग्गा बेचेर खानु भयो । एउटा घर मात्र बाकी थियो । त्यो बेलामा त्यै घर बेचेर जितपुर चिवतनमा २ विगाहा जति जग्गा किनेर बस्न थाल्यौं । त्यहाँ पनि ४-५ वर्ष बसे पछि राप्ती खोलाले खेत बगाइदियो । हामी सँग खोलोले बगाएर जम्मा १० कट्ठा जति जमिन रहेको थियो । त्यही पनि जंगली जनावर लाग्थ्यो । त्यसपछि हामीले त्यहाबाट अन्तै सर्ने विचार गऱ्यौ । र घैलाघारी आएर २ विगाह जति खेत किनेर बस्न थाल्यौ । यहाँ आएपछि चाहि हाम्रो बसोबास रामै भएको थियो । मैले २०४० सालमा विवाह गरे । विवाह गरेपछि मैलै राष्ट्रिय निकुञ्ज होटले भित्र काम गर्न थाले । खेतीपाती प्रशस्त हुन्थ्यो। आम्दानी पनि राम्रै थियो । ३ वटा छोरा छोरी जन्मियो । तर पछि सरकारले हाम्रो जग्गा काटेर जम्मा ४ कट्ठा बनाइ दियो । केहि समय पछि बुबाको पनि मृत्यु भयो । थोरै जमिन भए पनि हाम्रो परिवारलाई पुगेकै थियो । मेरो

पनि राम्रो कमाइ थियो । एक दिन मेरो मनमा एउटा अनौठो तरङ्ग आयो । यो घैलाघारी नदिको छेउमा छ । कहिले काही सानो तिनो भेल पनि आउने, जंगली जनावर पनि लाग्ने केटाकेटी बढन पनि राम्रो भएन यो ठाउँमा बसेर त्यति प्रगति होला जस्तो लागेन र मैले अलि अलि पैसा जम्मा गरेर अलि राम्रो ठाउँमा घर जग्गा किनेर बस्ने र छोरा छोरी लाई राम्रो ठाउँम पढाउने विचार गरे । भन्दा भन्दै काम कहाँ सोचेको जस्तो हुन्थ्यो । र ? योजना बनाउदै थिए केहि बन्दोवस्त गर्दै थिए । छोरा छोरी हुर्कदै थिए । एक दिन अचानक जुन बेला मेरो कान्छो छोरा भर्खर ६ वर्ष जतिको पुगेको थियो । श्रीमतीले मेरो घर भताभुङ्ग बनाएर मलाई छोडेर अर्कै सँग विवाह गरि । मेरो कमाईको हिनामिना भयो । घर परिवार विचल्लीमा पर्‍यो छोरा छोरीको पढाई पनि बिग्रीयो । सोचेको कुराहरु विचैमा भताभुङ्ग भयो । तर जे भए पनि फेरि मैले आफ्नो दिनाचर्या शुरु गरे । केहि वर्ष पछि मैले पनि आर्की श्रीमती विवाह गरे । विग्रीयको घर समेटेर भर्खर पुन राम्रो भएको थियो । छोरीको विवाह गरिदिए । छोरा पढदै थिए । आर्थिक अवस्था पनि ठिकै सँग चलेको थियो । अब फेरि केहि गर्ने की भनि योजना बनाउँदै थिए । तर मेरो योजनामा फेरी पनि दोस्रो पटक बज्रपात भयो ।

२०५९ श्रावणको ६ र ७ गते को त्यो दिन मेरो योजना र सपनालाई घातक चोट पुर्‍याउने समय थियो । वर्षायाम लागेपछि कहिले काही सानो तिनो भेल चलिरहने घैलाघारीमा त्यो बेला ठुलै बाढी आउला भन्ने सोचेकै थिएनौ । हामी नराम्ररी झुक्कीयौ । श्रावण ६ गते बेलुकाबाट शुरु भएको बाढीले मेरो घर जग्गा बस्तु भाउ घर को सम्पूर्ण सामनहरु एकतमासले सोहरेर लग्यो । केहि बाँकी छोडेन । हामीले धेरै प्रयासमा आफ्नो ज्यान बचायौ । बाढी आउन थाले पछि नै छोराहरुलाई जगतपुर पठाएको थिए । श्रीमतीलाई घरको छानामाथी चढाइदिए । हतारमा म पनि घर देखि अलि पर पिपलको रुखमा चढेर बसे । रातभरि पानी परिरहयो बाढी चलिरहयो । रातको अन्धकारमा आफन्त आफ्नो परिवार कहाँ छन् ? बाढीले लग्यो कि केहि थाहा छैन् ।

जता त तै पानीको वेग सुसाएको र मानिसहरु चिच्चाएको रोएको आवाज मात्र सुनिन्थ्यो । म चढेको रुख पनि पानीको वेगले बेस्सरी हल्लाउथ्यो । मनमा अनेक प्रकारका तरङ्गहरु तछाड मछाड गरि मडारिन रहन्थ्यो । घर छ कि बगायो कि गाई बस्तु मर्‍यो कि घर के भयो होला, श्रीमती छोरा छोरी कहाँ पुगे । अब के गर्ने कहाँ जाने भन्ने जस्ता प्रश्नहरु मनलाई व्याकुल बनाईरहन्थ्यो । बल्ल बल्ल रातलाई छिपाउदै विहानी मिरमिरेको उज्यालो देखिन थाल्यो । विहान पख पानीको वेग झन बढदै थियो । वरीपरी कहि घरहरु थिएन । सबै भत्किएर कोही बगेका थिए । केहि तैरिएका थिए । भोली पल्ट बिहान भयो रुख मै बसेर त्यो भयानक दृश्य हेरिरहे । पानीको बेग घटेको थिएन । बेलुका पख २-३ बजे पानी अलि कम भयो र म रुखबाट झरेर पानी मा पौडदै हतार हतार आफ्नो घर तिर

गए । घर के के छ कस्तो भयो भनि हेर्न हतारिएको आँखा मेरो घर भएको ठाउँमा माथि टिन र तल पिल्लर बाहेक अरु केहि नपाए पछि हेरेको हेरै भयो । मन मा असाध्यै नैरास्यता छायो । छटपटिले के गरु के नगरु जस्तो लाग्यो । जे जस्तो भए पनि आफ्नो मन बुझाएर परिवार र आफन्त छरछिमेकलाई बाढीबाट तारेर निकाल्न थाले । त्यसपछि बेलुका तिर स्कुलमा आइयो । विभिन्न संस्थाहरुले खानेकुरा, लताकपडा बाडे । भोली पल्टबाट कोठा भाडामा लिएर करिब १ महिना बसेपछि यहि आएर पाल टागेर बस्जथाल्यौ । करिब ६-७ महिना पछि कारीतास नेपालको सहयोगमा रुसेक संस्थाले घर बनाइदियो । त्यस पछि त्यहि घरमा बस्न थाल्यौ । त्यतिबेला मैले जागिर पनि छोडिसकेको थिए । खाने लागाउने चिजको संकट पर्न थाल्यो । बाढीले तहसनहस बनाएकै कारण कक्षा ६ मा पढदै गरेको छोराले पनि पढन पाएन । उ ईण्डिया तिर लाग्यो ।

यस प्रकारले तोपमान गुरुङ्गको जिवनमा सोच्दै नसोचेको घटना घट्यो । बल्ल तल्ल गरेर बनाएको बस्ने बास र थोरै जमिन त बगायो बगायो तोपमानको मन भरी बुनेको सपना पनि चकनाचुर गरि त्यो पनि बगायो । आज दंग छन् तोपमान । जिन्दगीमा के के सोचियो । कस्ता कस्ता सपना देखियो कति योजना बनाइयो । तर जिन्दगीले कोल्टे फेर्ने पाएन अथवा अघि बढने तोपमानको सपना सपनामा नै सिमित रहयो । प्रकोप पछि तोपमानको आर्थिक अवस्था निकै तल खस्किएको छ । तर पनि रुसेक संस्थाले दिएको बाखाबाट उनलाई राम्रो भएको बताउछन् । महिनामा ६-७ सय रुपैयाको रक्सी बनाएर बेच्छन् । अहिले जेठो छोरा बम्बैमा छ । एउटा होटलमा काम गर्छ अरे बेलाबेलामा आउँछ अलि अलि घर खर्च दिन्छ । जेनतेन जिवन गुजारा चलिरहेको छ तोपमानको परिवारको । तोपमान भन्दछन् प्रकोप के हो ? यो किन आयो ? खोला नलाग्ने ठाउँमा बस्न पहिला बुद्धि पुगेन सस्तो जग्गा खोज्दै हिडियो । खोलाको छेउछेउ घर जग्गा भए पछि बाढी त लाग्ने नै भयो । पहिला नै अलि राम्रो ठाउँमा बस्न पाएको भए यति सारो दु:ख पाईदैनथ्यो होला । प्रकृतिको खेल सँग को लडन सक्छ र ? एक्कासी आयो सोहरेर सबै लग्यो ? मानिसले रोएर कराएर के हुने तर पहिला नै नदि किनारमा बाँधहरु बाँधेको भए अहिले यो अवस्था हुदैनथ्यो होला भनि दिक्क मान्छन् 'तोपमान भन्दछन् ।

'३ वर्ष अघि र आजको मेरो जिवनमा धेरै नै फरक पारीदिएको छ त्यो प्रकृतिक प्रकोपले । अहिले आर्थिक अवस्था मन, मनस्तिष्क सबै कमजोर भएको छ । केहि गर्न आँट पनि आउदैन । उमेर पनि वित्दै गयो । छोरो पठाउने इच्छा अझै छ । कमजोर आर्थिक अवस्थाको कारणले यो सपना पुरा होला नहोला भन्न सक्दिन । कति दु:ख झेलेर कैयौ दिन, महिना, वर्ष गरेर जोडेको सम्पति र देखेको

सपना सबै भताभुङ्ग भए पनि फेरि समयले साथ दिएमा र विभिन्न संघ संस्थाले सहयोग गरेमा आफुले सक्दो प्रयास गरेर पुन जिन्दगीलाई सफलता तिर डोऱ्याउने उनको धोको भने जिवीतै छ ।

# १३) पार्वती पन्त

सानो किराना पसल चलाएर होस या ढुंङ्गा बोक्ने कुल्ली काम गरेर  होस् बलराम र पार्वतीले आफ्नै मेहनेत र पसिनाले घैलाघारीमा थोरै जमिन किनेर सानो घर बनाएका थिए । हुनत बलराम पन्त आज भन्दा ३८ वर्ष पहिला २०२४ सालमा गोर्खाको दुर्बुङ्ग गा.वि.स रामपुर, गोर्खामा जन्मिएका थिए । गोर्खा मै हुर्किए । साधारण किसिमको जिवनस्तर थियो । पहाडको ठाँउ त्यस्तै त हो नी जति काम गरे पनि हातमुख जोड्न ठिक्क हुन्थ्यो । गोर्खा मै उनले सामान्य शिक्षा हासिल गरेका थिए । उमेर वित्दै गयो । घरमा बसेर जति दुःख गरे पनि भविष्य राम्रो नदेखे पछि बलराम पैसा कमाउने २ छाक अलिमिठो खाने र नयाँ ठाँउमा जिवनलाई डोऱ्याउने सुर कसेर एक दिन भारतको कलकत्तामा पुगे । काम कै सिलसिलामा एक दिन उनले एउटा राम्रो कम्पनीमा सुरक्षा गार्डको काम गर्ने मौका पाए । समय वित्नै गयो । दुःख सुख गरेर काम गरेर आफ्नो दिनचर्यालाई भारतको भुमिमा पसिना खर्चेर निरन्तरता दिदै गए । बलरामको विवाह गर्ने उमेर पनि भयो । उनि घर आए । जगतपुर निवासी पार्वती सँग उनको विवाह २०४४ सालमा भयो । विवाह गरेपछि फेरी बलराम आफ्नो श्रीमती पार्वतीलाई पनि लिएर भारत कै कलकत्तामा गई पहिला कै कम्पनिमा काम गर्न थाले ।

उहि त हो  परदेशको कमाई खान पऱ्यो लाउन पऱ्यो जे भए पनि परिवार चलाएर अलि अलि पैसा बचत गरेका थिए । उनिहरुले कलकत्तामा नै बस्दा एक छोरी जन्मिइ । पछि उनिहरुले यसरी सधै कति अर्काको देशमा मेहनत गरेर पसिना बगाएर बसिरहने । बरु आफ्नै घर गाँउमा गएर यति कै मेहनत गऱ्यो भने त्यहाँ पनि हाम्रो परिवारको जिवन निर्वाह गर्न सकिन्छ भन्ने सोच उनिहरुमा आयो र २०४८ सालमा बलरामको परिवार नेपाल फर्के र पार्वतीको माइती नजिकै घैलाघारीमा २ कठ्ठा जग्गा किने । उनिहरुको परिवार पार्वतीको माइतैमा वस्न थाले । माइतिमै काम धन्दा गरेर २-३ वर्ष पनि वित्यो । पार्वतीको अर्को छोरा पनि जन्मियो । श्रीमानले बाहिर काम गरेर कमाएको पैसाले फेरी २ कठ्ठा जमिन जोडेर सानो घर बनाएर पार्वतीको ४ जनाको परिवार घैलाघारीमै बस्न थाले । त्यो समयमा पार्वतीको परिवारलाई साह्रै दुःख थियो । पार्वती भन्छिन् त्यतिबेला पनि हामीलाई साह्रै दुःख परेको थियो । यहाँ आएर बसे पछि त  हामीलाई २ छाक टार्न पनि धौ धौ पर्न थाल्यो । त्यो बेलाम मैले ५०० रुपैयाको दोकान राखेर बसेकी थिए । श्रीमान कुल्ली काम गर्न जानु हुन्थ्यो' । आर्थिक समस्याले असाध्यै सताउन थाले पछि साहुको काम गर्न, गिटी बालुवा र माटो बोक्ने काम गर्न थाले मैले भन्छन् 'बलराम पन्त' त्यसरी नै समय वित्दै गयो । पार्वती भन्छिन् रु.५०० रुपैया बाट शुरु गरेको दोकानबाट पनि मैले निकै ठुलो सफल ता हात पारे । त्यसरी नै श्रीमानलाई पनि 'चितवन जंगल लजमा नोकरी मिल्यो' ।

समय आफ्नै रफ्तारमा अगाडि बढिरहयो । यी दुई श्रीमान श्रीमतीको भन्दा को कम भने झै गरि आफ्नो आफ्नो पेशामा दिलोज्यान अर्पेर मेहनत गर्न लागे । पार्वतीको दोकान पनि ठुलो हुदै गयो । श्रीमान बलरामले पनि आफ्नो दुःख सम्झेर नोकरी को पैसा धेरै नै बचत गरे । छोरा छोरी बोडिङ्गमा भर्ना गरे साहुको ऋण पनि तिर्दै गए । पार्वती भन्छिन् । पहिला साह्रै दुःख पाएको हुदाँ हामीले निकै होसियारी पूवर्क आम्दानीको बचत गरी सम्पुर्ण साहुको ऋण तिरेर पनि घरमा आवश्यक पर्ने सम्पूर्ण समान गर गहना जोडिसकेका थियौ । हामीले छोरा छोरीलाई धेरै पढाउने उनिहरुको भविष्यलाई सुखमय र उज्यालो बनाउने घडेरी किन्ने एउटा राम्रो पक्की घर बनाएर बस्ने सपना देखेका थियौ ।

समयको चक्र सँगै पालैपालो हाम्रो आवश्यकताहरु पुरा हुने क्रममै थियो । आफुहरुले दुःख गरेर पनि छोरा छोरीलाई राम्रै सँग बोडिङ्गमा पढाउदै थियो । पढाइ पनि राम्रै थियो । आम्दानीको श्रोत पनि राम्रो भयो । आर्थिक अवस्था हाम्रो अवस्था अनुसार अझ मजबुत हुदै थियो । हामी अझै अधि बढने प्रयासमा तल्लीन थियौ । मानसीक रुपमा हामी पूर्ण सन्तुष्टी थियौ ।

समयको चाल सँगै एक दिन प्रकृतिले साह्रै नराम्रो र घातक बज्रपात गरिदियो । या प्रकृतिले हामी सँग अथवा हाम्रो परिवारको भविष्य सँग नराम्रो खेल खेलिदियो । हाम्रो घर अथवा हाम्रो गाउँ नजिकै ठुलो नदी राप्ती बग्थ्यो । वर्षायाममा कहिले काही सानो तिनो पानीको भेल बग्दै हाम्रै घर आगन तिर आइपुग्नु कुनै नौलो विषय थिएन । साह्रै ठुलो तहसनहस पार्ने बाढी आउँछ भन्ने कल्पना सम्म नगरेको कुरा एक दिन यथार्थमा परिणत भयो । हामी त्यो यथार्थ सँगै जुध्न पुग्यौ र साह्रै नराम्रो सँग हार्न पनि पुग्यौ । त्यो २०५० साल श्रावण ६ गते रातको पानीको बेगले हाम्रो घर सर समान, गाई बस्तु र जमिन मात्र बगाएन कैयौ दिन, हप्ता, महिला र वर्षको अथक प्रयासले जोडेको र कैयौ पल विताएर देखेको हाम्रो सपनालाई बगाएर लग्यो कहाँ लग्यो पत्यै भएन ।

त्यो कालो दिन जुन दिन हामी मानो रोपेर मुरी फलाउने सपनाका साथ वर्ष भरि खाने खेती भनु की के भनु रोपाई को दिन थियो । खेत मै काम गर्दा झमक्क साँझ परिसकेको थियो । काम सकेर घर आयौ । घरमा पसल होटल भएकाले घरमै थुप्रै अन्य मानिसहरु पनि थिए । जगतपुर तिरबाट मानिसहरु बाढी आउँदै छरे भन्दै हल्ला खल्ला गर्दै आइपुगे मानिसहरु कोही भाग भाग गर्न थाले । कोही ले त होइन होला भनेर त्यति नआतिएको पनि देखिन्थ्यो । मैले पनि बाढी ठुलै पो आइहाल्ने हो कि भनेर २ छोरा छोरीलाई समातेर कसरा चोक तिर दगुरे । छोरा छोरीलाई पुऱ्याए । आउँदा श्रीमान पनि घर आइपुग्नु भएछ । भएको अलिअलि गहना भिकेर लगाए समान मिलाउने बचाउनेबारे सोच्न पनि भ्याइएन । गोठमा, गाई कराउदै थियो । मैले श्रीमानलाई पशुहरुलाई त

यस्तो प्रकोपको बारेमा पहिल्यै थाह हुन्छ रे ? साच्चै हो कि गाई फुकाइदिउ न भन्दा उहाँले पोहोर परार जस्तै हो भो पर्दैन ठुलो आउँदैन भन्नु भयो । त्यसपछि हामीले घरमा चाँपी लगाएर त्यो अध्यारोमा अलि अग्लो ठाँउ तिर जादै थियौ । पानीको ठुलो भेलले हामीलाई बाटोमै भेट्टायो बल्ल तल्ल टाँडी सम्म पुगेर ज्यान बचायौ । रातको अन्धकार छाएको थियो । बेलुका खाना पनि खाइएन रातको ११, १२, १, २ बज्दै गयो भेलको गडगडाहत र मान्छेको चिच्चाहत गाई वस्तु जनावरहरुका च्या च्या म्या म्या को आवाज अति नै सुनियो । देख्न केहि सकिएन । रात छिप्पीदै गयो विहानको प्रतिक्षामा सारा रात वितायौ । मनमा निकै छटपटि मच्चियो के भयो होला त्यो घर गाई बस्तु मनमा धेरै नै तरङ्गहरु सल्वलाए । हुदाँ हुदै हाम्रो प्रतिक्षा तोडेर विहानीको मिरमिरे उज्यालो भयो हामीले हतार हतार आफ्नो गाँउघर तिर आँखा पुऱ्यायौ । आँखाले हेर्न सक्ने दृश्य थिएन । मनले सहन सक्ने अवस्था भएन । सारा गाउँमा खोला बगेको थियो । हाम्रो घरलाई पानीको भेलले हल्लाउदै थियो । विहान ८-९ बजे पानीको भेलअझै बढ्यो । हाम्रै आँखा अगाडी हाम्रो घर पनि बगेर गयो हामी हेरेको हेरै भयौ ।

साह्रै चिन्ता लाग्यो । अब कहाँ जाने होला के खानेहोला । यत्रो मनले देखेको सपना पनि त्यसै भताभुङ्ग भयो । हामी पूर्ण रुपले रित्तो भयौ । अब फेरी हामीले कसरी हाम्रो जीवनको शुरुवात गर्ने कति दुःखले जोडेको थियो । हामी श्रीमान, श्रीमती मात्र भएत जहाँ गएनी जे गरेनी हुन्थ्यो । यि पढदा पढदैका छोरा छोरी को पो समस्या हुने भयो । यिनीहरुको भविष्य कस्तो हुने होला भन्ने जस्ता प्रश्नहरु मनमा तछाड मछाड गर्दै उब्जिरहयौ । जुन प्रश्नको उत्तर हामी सँग विल्कुलै थिएन् । हाम्रो मन मष्तिष्क ढप्प रोकिएको थियो । त्यसपछि हामी चारै जना फेरी माइतिमा नै गएर बस्न थाल्यौ । पछि कारितासको सहयोगमा रुसेक ले बस्ने घर बनाइदियो तर घर भए पनि खाने कुरा केहि भएन । त्यसै समयमा श्रीमानको पनि जागिर छुट्यो । देशमा चलिरहेको भयानक द्धन्दका कारण देशमा संकटकाल लागु गरियो । पर्यटक आउन छोडे व्यापार भन्द भयो । होटलमा काम भएन । जसको प्रत्यक्ष असर हाम्रो परिवारमा पनि पर्न गयो ।

त्यसपछि त हामी सँग न जागीर छ । न खाने कुरा खानेकुरा । एउटा घर संस्थाले बनाई दिएको पनि हामीलाई ठुलो राह्रत मिलेको थियो । तर के गर्ने त्यो घर भित्र केहि थिएन । जे जसो भए पनि ऋृण धन खोजेर पुन चिया पसल र किराना समान राख्न थाले । श्रीमान पुन कुल्ली काम गर्न जानु भयो पछि पछि काम ठेक्का लिएर ठेक्दार काम गर्न थाल्नु भयो । ६० सालको बाढीले चाही त्यति विथोल्न पाएन । हामीले पुन अलिअलि पैसा जम्मा गरेर जगतपुरमा सानो घडेरी किन्यौ । त्यो घडेरीमा बाँसहरु जुटाएर सानो छाप्रो बनाएर अहिले यसैपालीको बैशाखबाट छोरा छोरीलाई उहि

राखीएको छ । हामी पनि रातमा यहाँ बस्न डर लाग्छ । मनलाई एकप्रकारको नराम्रो त्रासले छोडेको छैन । अहिले आम्दानीको श्रोत भनेको श्रीमानले राप्ती पारी कसरामा ठेक्का मजदुरी गर्नु हुन्छ घरमा सानो पसल छ मैले रुसेक संस्थाबाट संचालित बाल बिकास कार्यक्रम चलाएकी छु । दुःख सुख दिन विताउने बाटो भएको छ ।

त्यो पानीको भेलले गर्दा छोरा छोरीको शैक्षिक अवस्थामा पनि ठुलो हलचल मच्चाईदियो । पढने कापीकिताब सबै बगायो । बोडिङ्ग पढनेलाई स्कुलमा ल्याउन पऱ्यो । कमजोर आर्थिक अवस्थाको कारण उनिहरुको भविष्य हेर्न सकिएन । आजकल काममा नगई खान पुग्दैन । छोरा छोरीलाई समय दिन सकिदैन । प्रथम द्धितिय हुने छोरा छोरी १९ औ २० औ हुन पुगे । आजकल हामीलाई उनिहरुको भविष्यकोबारेमा सोच्ने फर्सद सम्म हुदैन । बाढीले भर्खर फुल्न फल्न लागेको हाम्रो परिवारको भविष्यलाई जरै समेत निमोठेर छोडयो । हिजो र आजमा निकै फरक भएको छ । आज भोली मन लागेको कुरा खान, लाउन पनि धौ धौ परेको छ । श्रीमान एकलै काममा हिडनु हुन्छ । खेतीपाती छोरा छोरी घर धन्दा सम्पुर्ण कुरा मैले मात्र हेर्नु पर्दा धेरै गाह्रो हुन्छ कसरी यो परिवारलाई अगाडी बढाउन अब के गर्ने भन्ने बारेमा नारीलाई नै बढि सोच्नु पर्ने हुदा पुरुष भन्दा बढि नारीलाई दबाब भएको बताउछिन् 'पार्वती पन्त' अचानक आएको पानीको भेलले जिन्दगीको सम्पूण सपना बगाए पनि बाढी पैरो आउनु प्रकृतिको खेल हो । जुन संयोगले हुन्छ मानिसले यसबारे विचार गरेर रोकथाम गर्न सके यस्तो प्रकोप हुनबाट केहि हद सम्म बच्न सकिन्छ भन्दै हिम्मतका कुरा गर्छिन 'पार्वती' उनि अझै अगाडी भन्छिन बाढीले मेरो परिवारको भविष्य उजाड बनाए पनि फेरि बाढी आएन भने यस्तै दुःख सुख गरेर २-४ पैसा जोडेर थोरै खेत किन्ने र छोरा छोरीलाई राम्रो ठाउँमा पढाउने र उनिहरुलाई आफ्नो खुट्टामा उभिन सक्ने बनाउने सपना भने अझै देखिरहेका छौ ।

# १४) फहरा चौधरी

मनुष्य जातीलाई जन्मे पछि आवाश्यक पर्ने हर चिज ले भरिपूर्ण भएको सम्पन्नशाली जीवन होसे केहि नभएको भिखारी नहोस । जन्मेपछि हुर्कने बढने र बाँच्ने हक अधिकार सबैको हुन्छ । आफ्नो बंशलाई सवथोक मानेर आफ्नो समुदायलाई निरन्तरता दिन पाउनु हरेक जिवीत प्राणीको नैसर्गिक अधिकार पनि हो । सायद यहि भएर होला फराह चौधरीका बुबाले साहुको घरमा गाई बस्तु हेरेर होस् या मेलापात दाउरा घाँस गरेर हो आफ्नो जिवनलाई अगाडी बढाउने कोशिस गरे । विवाह गरे ४ भाई छोरा जन्माए । त्यो समय उनिहरु सँग आफ्नो भन्नु केहि थिएन । फराहा चौधरीको बुबाको सम्पति भन्नु नै उनका ४ भाई छोरा थिए । यि छोराहरुलाई उनले विभिन्न ठाउँमा गएर काम गर्दै हुर्काए, छोराहरु बढे । बृद्ध बुबा आमाको दुखै दुःखमा मृत्यु भयो । कहिल्यै सुखको सास फेर्न सम्म पनि उनिहरुले पाएनन् । बुबा, आमा मरेपछि फराहाका ४ दाजु भाई चार दिशामा छरिए । एकै ठाँउमा बसुन पनि त कसरी ? उनिहरुलाई जन्मको शुरुवात सँगै गरिबीको जन्जाल ले बाधेर ल्याएको थियो । अर्काको गोठालो नगरे सम्म उनिहरुको मुखमा माड लाग्दैनथ्यो ।

यसरी नै वितको थियो फराह चौधरीको बाल्यकाल । बुबाको विँडो धाने झै बाध्यता र परिस्थितिले उनि पनि साहुको घरमा गोठालो बस्न थाले । त्यो उनको रहर थिएन । जन्मजात रुपमा पाएको उपहार थियो । २००३ साल तिर पूवि चितवनको लैगाईमा जन्मेका फराहले बछौली गा.वि.स.को एक जमिन्दारको घरमा गोठालो लाग्दा लाग्दै करिब १६-१७ वर्षको उमेरमा विहे गरे उनिहरुको आफ्नो घर नभएकै कारण जहाँ काम धेरै पारिश्रमिक पनि चित बुझ्दो र खन पुग्दो पाईन्छ त्यहि पुग्थे । यसरी नै जिवीको पार्जनका लागी धुम्दै धुम्दै एकदिन खड्गौली आइपुगे र साहेकै घरमा काम गर्न थाले उनका ३ छोरी र १ छोरा जन्मिसकेको थियो । त्यहि बस्दै २०४० सालतिर सुकुम्बासीलाई घैलाघारीमा बस्ने ठाउँ छ रे भन्ने सुनेर घैलाघारी पुगे । चौर खनेर त्यस्तै १७-१८ कट्ठा जमिन बटुलेपछि सानो छाप्रो बनाएर फराह घैलाघारीमै बस्न थाले । त्यो क्षण उनको परिवारको लागी स्वर्णिम क्षण थियो । बल्ल उनिहरु ले एउटा शिर ओतने सानो आकाश र टेक्ने थोरै धर्तीको टुक्रा आफ्नो पनि रहेछ जस्तो अनुभव गरेका थिए । तर विडम्बना बसेकै केहि समय पछि उनिहरुलाई त्यहाँबाट हटाउने दुस्प्रयास भयो कैयौ पटक घर भत्काइयो तर उनिहरु पूर्न निर्माण गरेर बसे किनकी त्यो जमिन कुनै एक व्यक्तिको निजि थिएन ।

देशको सम्पतिमा हामी जनताको पनि हक छ भन्ने ज्ञान उनमा पनि थियो । त्यो बेला फराह र उनका साथीहरुलाई । पछि केहि नलागेपछि अलि माथी ४-४ कट्ठाको दरले जमिन बाँडिदिए । बालुवा जस्तो जमिन थियो । मेहनत गरियो मलजल गरियो खेतीपाती लगाईयो । आफ्नो केहि

नभएको मान्छे त्यति जमिन जेथा भए पछि त मलाई आफु सँग सबै थोक भए जस्तो लागेको थियो । 'भन्छन् फहरा चौधरी'

चौधरीका छोरा छोरी पनि ठुला भए पढाई भने खासै भएन । छोरीहरु पढेनन् अर्थात पठाउने फहराको क्षमता पनि भएन छोरीहरुको पढाईमा त्यति चासो भएन कान्छा छोरालाई स्कुल हालेको थिए । उसले भने एस.एल.सी सम्म पढयो । खेतीपाती राम्रै हुन्थ्यो । अलि अलि खेतहरु ठेक्का अदिया कमाएर पैसा जोडेको थिए भैसी, बाखा प्रशस्त थियो । खानलाई दुःख थिएन । मेलापात गर्थ्यौ । मैले काठ चिर्ने काम गर्थे । राम्रै सँग दिन चलिरहेको थिए । घरमा चाहिने सामानहरु एक एक गर्दै जोडदै थिए । हाम्रो आर्थिक अवस्था भने साधारण नै थियो । हुन त मानिस स्वभावै ले असन्तोषी प्राणी भएकोले अझै राम्रो गर्दै जान पाए अलि अर्को गाउँतिर गएर अलिकति घडेरी जोडने सपना पनि देखेको थिए । ३ वटी छोरीको विवाह पनि गरिदिए । एउटा छोरो भएको पनि कामकै लागी इन्डिया गएको थियो ।  बेला बेलामा उसले पठाएको पैसा ले बन्दगी खेत किनेको थिए । घरमा हामी श्रीमान श्रीमती मात्र थियौ । आर्थिक अवस्था निकै राम्रो भएको थियो । यसै गरी दिनहरु चल्दै गए । एक दिन हामी पनि राम्रो घरमा नै बस्न पाइने छ भन्ने सोच्ने गर्थे । आफैले आफ्नो विगत र त्यो बेलाको कल्पना गरेर हर्षले चकित हुन्थे । गरे के हुदैन र यो ठाउँले मलाई यतिको बनाई दियो जिवन प्रतिको माया मोह र उत्साह बढाइदियो । भने झै लाग्थ्यो । त्यसैले यो ठाउँ निकै प्यारो लागेको थियो । यसरी नै दिन वित्दै गयो । जीवनमा आउने हरेक उतार चढाप सँगै एक दिन यस्तो क्षण पनि आयो कि फहरा फेरी द्वेस्रो पटक सुकुम्बासी बन्न पुगे ।

उनको सपना माथि प्रकृति ले नराम्रो खेल खेल्यो । साह्रै अन्याय गऱ्यो । त्यो पानीको भेलले फहराको जिन्दगी सँग जसले गर्दा आज फहराको जोश जागर आत्मविश्वासमा खडेरी लागेको छ आफ्नो भन्नु जमिन जति बगरमा परिणत भएको छ लामो सुस्केरा हाल्दै फहरा भन्छन् 'हामीलाई त बर्वाद बनाएर छोड्यो । त्यो बाढीले २०५९ श्रावण ६ र ७ गते को बाढीले मलाई कहाँबाट कहाँ पुऱ्याइदियो । त्यो दिन उनि सायद उनको जिवनभर चाहेर पनि भुल्न सक्दैनन् होला । उनि भन्छन् 'बाढी आउँछ भन्ने हल्ला भएको थियो तर यति ठुलो आउला भन्ने सोचिएन । जसले गर्दा आज यो हालत भयो । हुन त आउने बाढी थाहै भए पनि के नै गर्न सकिन्थ्यो र ? आफ्नो भन्नु यहि थियो । अन्त केहि थिएन । बाढीको हल्ला भएपछि श्रीमतीलाई जगतपुर तिर पठाएर घरको माया लाग्यो छोड नै सकिन घर कुरेर बसे साँझ झमक्क पऱ्यो । जता ततै अध्यारो छायो कहाँ हो कहाँबाट एकै पटक पानी हुलुलु बग्दै आयो । रात जति बढदै गयो पानीको बेग उति जोशिदै गयो जता ततै हल्लाखल्ला र रुवावासी हुनथाल्यो । मेरो घरमा धानमात्र ४६ मुरी थियो । भर्खर पाकेको मकैको थान्को लाउन

पनि झ्याइएको थिएन । गाईबस्तु कुखुरा बाखा उत्ति थिए । एक्कासी पानीको भेल बढेर घर भरिन थालेपछि घरको छानामा चढेर बसे । सपना झैं लाग्यो एकै छिनमा घर हल्लाउन थाले पछि रुखमा हाम्फाले रातैभरी रुखमा बसिरहे । मेरै आँखा अगाडी मेरा घरको सम्पूर्ण सामान एक एक गरि बग्न थाल्यो । आफ्नै ज्यान जान्छ भन्ने डर हुन थाल्यो । हेर्दा हेर्दै व्याउने भैसी बगायो । कति दुःखले बनाएको घर एकै झकामा भत्केर क्षण भरमै कता पुऱ्यायो पत्तै भएन । रुखमै चक्कर आउला जस्तो लाग्यो रातैभरी पानी परिरऱ्यो । अन्धकार रात थियो । हातमा एउटा लाइट थियो । रातभरी बारम्बार घडि हेरिरहे । त्यो रात निकै लामो लाग्यो कतिबेला उज्यालो होला र उज्यालोमा मेरो घर गाउँ हेरुला भन्ने लाग्यो । संकटमै भए पनि मनमा अनेक प्रकारका तरङ्गहरु ले सताई रहयो । अब के गर्ने होला फेरी कहाँ जाने होला जस्तो लाग्यो फेरी यत्रो गाउँ बगाएको छ । सबैको जे बाटो लाग्छ त्यहि गरुला भनी त्यहि मनले अर्को उपाय लगाउथ्यो घरिघरि त ज्यान बच्दैनकी जस्तो पनि लाग्यो । रातभरी कहिले पानी घटला भन्दै रुखैमा रामराम भन्दै भगवान सम्झेर बसे बल्ल बल्ल रात वित्यो तर पानी घटेन । ज्यान बचाउन पनि गाह्रो होला जस्तो लाग्यो । रुखमै बसेर आखाँले भ्याए सम्म वरिपरि नजर लगाए एक दुई पक्की घर बाहेक बाकी केहि थिएन । भोली पल्ट बेलुका २-३ बजे तिर बल्ल पानीको बेग अलि कम भयो अघिल्लो दिन बेलुका देखि चढेको रुखमा १८-१९ घण्टा सम्म कहिले उभिएर कहिले बस्दै पानी सम्म पिउन नपाई कठोर क्षण काटेको थिए । भोक तिर्खा भन्दा पनि त्यो भयानक दृश्य देखेर साह्रै दुःख लाग्यो । मन चिरिएर क्षत विक्षत भए झैं लाग्यो । तर के गर्ने जे परी आए पनि सहनु पर्ने रहेछ । त्यसपछि स्कुलमा गएर बस्यौ । विभिन्न संघ संस्थाहरुले खानेकुरा लताकपडा एक दुई बटा भाडाहरु दियो । १५-१६ दिन सम्म स्कुल मै दिन वितायौ र पछि पाल दिएपछि माथि डाँडाँमा पाल टागेर बस्यौ । करिब २३ महिना त्यहाँ बसेपछि पहिला कै ठाउँमा आयर सानो झुप्रो बनाएर बस्यौ । वफरजङ्ग भन्ने संस्थाले ५ बोरा सिमेन्ट, छड, टिन, पाइप दियो । दुखै सँग भएपनि घर बनाएर बस्यौ । घरमा खाने अन्न केहि थिएन । मेलापाल जाने र ज्याला मजदुरी गर्ने । हाम्रो दिनाचर्या नै भएको थियो । फेरी २०६० को वर्षामा पनि बाढी आयो लगाएको खेतीपाती सबै बगायो ।

अहिलेको हाम्रो अवस्था निकै नाजुक बन्दै गएको छ । घर नजिकै राप्ती नदि सुसाउँछ रात भरी ढुक्कले सुत्न पनि डर लाग्छ । अन्त जाउँ त कहाँ जाउँ । आफ्नो भन्ने कहि केहि छैन । अलि पैसा भएत अन्तै घडेरी किनेर बस्न हुन्थ्यो । अहिले त्यो पनि छैन ।

बाढी गएपछि कारीतास नेपालको सहयोगमा रुसेक संस्थाले अलि अलि सहयोग गर्दै आएको छ । हुन त पहिला कुखुरा पाल्न रकम दिएको थियो । रकम फिर्ता गरी पनि नसक्दै सबै कुखुरा मऱ्यो

। अहिले केराहरु राम्रै भएको छ । बदाम, अदुवा लगाएको छु बाख्राहरु पालेको छ ु। टाउन (आर्का गाँऊ) तिर १५ कट्ठा जति अदिया खेत कमाएको छु । बाढी पछि बन्दगी जग्गाको पैसा फर्काएर ऋण खोजेर छोरालाई दुवै (विदेश) पठाएको थिए । अहिले अलि अलि पैसा पठाउनछ । २ वर्ष भयो अहिले राम्रो हुदै आएको छ ।

प्रकोपको कारण राप्तीको पुल ठिक ठाउँमा नबन्नु हो भन्ने फहरा बाढी आउनुको अन्य कारण पनि बताउँछन् । अत्याधिक वर्षा हुनु नदिको किनारा व्यवस्थित नहुनु पहाड खसेर नदि अग्लो हुनु खोलो फराकिलो हुनु र पानी जता ठाउँ पायो उत्तै बग्ने स्वभाव हुनु नै यस प्रकोपको कारण देखाउने फहरा अहिले राप्तीको किनारमा बाध बाधेकोमा  खुशी त छन् तर ढुक्क भने छैनन् । उनको मनमा बाढीको त्रास अझै छ किनकी एक समय सोच्दै नसोचेको कल्पनै नगरेको बाढी एक्कासी आएर उनको सपनालाई लथालिङ्ग र भताभुङ्ग बनाईदिएको थियो । जिवन प्रतिको माया मोह उत्साह र जोश जागँर घटाइदिएको थियो । उनको कैयौ वर्षको मेहनत पसिना र योजनाले एकै झडकामा तहसनहस बनाई दिएको थियो । आजकल उनिहरु फेरी मेलापात खेतीपाती मा व्यस्त हुन थालेको छन् फेरी केहि गर्ने झिनो आशा उनिहरुमा पलाउन थालेको छ । अब प्रकृतिले त्यस्तौ घृणित खेल उनिहरु सँग नखेले हुने हो तर प्रकृतिको खेल कसले रोक्न सक्छ र अब छोराले विदेशबाट कमाएर ल्यायो भने आफुले पनि यहाँ केहि बचत गर्न सक्यौ भने अन्तै गएर घडेरी किन्ने विचार गरेकाछन् । प्रकोप पिडित फहरा चौधरी ।

# १८) अमरनाथ खतिवडा

समय ले मानिसलाई कहाँबाट कहाँ पुऱ्याउछ भन्ने कुरा त स्वयं पुग्ने व्यक्तिलाई पनि थाहा हुदैन तर पुग्न पर्ने बाध्यता पनि हुन सक्छ र रहर पनि । यस्तै आफु बसेको ठाउँबाट अन्यत्रै गएर सुखि जिवन जिउने चाहना र रहर बोकेर एक दिन अमरनाथ पनि आफ्नो घरबार बेचेर बसाई सरेका थिए । एउटा सुन्दर भविष्यको आशा बोकेर । वि.स. १९९४ मा धादिङ्ग जिल्लाको कुमपुर भन्ने ठाउँमा जन्मेका अमरनाथ खतिवडालाई आफ्नो जन्मभुमिमा कुनै कुराको अभाव थिएन । साँच्चो भन्ने हो भने । उनको जिवनको ३ पुस्तालाई पुग्ने प्रसस्त सम्पति थियो । उनि भन्छन् । करिब ८० रोपनी खेत थियो । ३ तले ढुङ्गाको घर थियो । गोठमा प्रशस्त बस्तुभाउ थिए । उनको बाल्इकाल वित्यो । जवान भए १६ वर्षको उमेर मै आफ्नै गाउँकी सिताकुमारी सँग विवाह पनि भयो । धादिङ्ग जिल्ला पहाडी क्षेत्र भएकोले नदि पहाडको छेउमै घर खेत थियो । कुलो पानी लगाउन पनि सजिलो थियो । खेतबाट प्रशस्त अन्न उब्जन्थ्यो । आर्थिक रुपमा हामी अगाडी नै थियौ । घरमा बुबा आमा मेरा ३ छोरा छोरी थियौ । खोला नजिकै खेत भएकेले विस्तारै विस्तारै हाम्रो खेत नजिकै रहेको आदम खोलाले हाम्रो् खेत बगाउन थाल्यो । प्रत्येक वर्षा याममा बढेको खोलाले हाम्रो ८०/९० मुरी धान फल्ने जमिन बगायो । त्यसपछि मलाई त्यहाँ बस्न मनलागेन । मन स्थिर भएन बेचेर अन्तै जाउ की झै लाग्यो । यसरी भौतारिदा भौतारिदै २०२२ सालमा बाँकी रहेको बारी र ३ तले ढुङ्गे घर त्यो बेलाको रु.११००।- मा बेचेर नवलपरासीको डण्डा भन्ने ठाउँमा गए । र त्यहाँ $१^{१}/_{२}$ विगाह जति खेत किने घर बनाए । र हामी ६ जनाको परिवार आमा बुबा हामी दुई श्रीमान श्रीमती र २ छोरी त्यहा आएपछि खान लाउन अलि समस्या पर्न थाल्यो । सुख्खा ठाउँ रहेछ । खेतीपाती पनि राम्रो भएन । त्यहाँ बस्दा दुःखै भयो । दुखै गरेर भए पनि १२ वर्ष हामीले डण्डामै वितायौ । बुबाआमा बुढो भैसक्नु भएको थियो । डण्डामै उहाँहरुको मृत्यु भयो । मेरा सन्तान पनि थपिदै गए । दुःख बढदै गए पछि त्यहाँ पनि बस्न मन लागेन र त्यहाँ भएको घर जग्गा सबै बेचेर भरतपुर आए । भरतपुरमा पनि जग्गा किन्ने कि भनेर सोच्दै थिए । अरु मान्छेहरुले जगतपुर घैलाघारीमा जग्गा पाइन्छ भनेको सुने म पनि यही आए । छोरी सानै थिए । बुढाबुढी भएर फाडेर खनखान गरेर करिब ३ विगाह जति जमिन ओगटेका थियौ । सानो घर पनि बनायौ २०३६ साल देखि यहि घैलाघारीमा बस्न थाल्यौ । त्यहाँ बस्न पनि समस्या भयो सरकारी जग्गा कब्जा गरे भनेर त्यहाँबाट हामीलाई राष्ट्रिय निकुञ्जले उठाएर अलि माथितिर ४-४ कट्ठा जमिन दियो । त्यसपछि त हामी यही बस्न थाल्यौ । खेतमा असाध्यै मेहनेत गर्थ्यौ खानलाई प्रशस्त पुगेको थियो । छोरा छोरी राम्रै सँग पढदै थिए मैले भैसीको व्यापार गर्थे । त्यसबाट

मलाई धेरै नै फाइदा भएको थियो । छोरा छोरी पढदै गए । घरको आवाश्यक समान सबै जुटाएको थिए । पालै पालो ३ छोरी र २ छोराको पनि विवाह राम्रै सँग गरिदिए । मेरो आर्थिक अवस्था निकै राम्रो भएको थियो । मैले फेरी ८-१० कट्ठा जमिन किनेको थिए । समय वित्दै थियो । अचानक श्रीमती विरामी भई । जचाउन लगे धेरै औषधी गरे । निकै भएन औषधी गरेर घर ल्याउदै गर्दा उसको मृत्यु भयो । घरमा शुन्यता छायो । तर दैवको लिला हो कसले टार्न सक्छ र ? अधि पछि भन्नु मात्र त होनी भनेर चित्त बुझाए । त्यसपछि म छोरा छोरीको साथमा मिलेर घर व्यवहारलाई अधि बढाउदै थिए । खेतिपाती र बस्तुभाउँ अनि मेरो भैसी व्यापारबाट आयको पैसाले अलि राम्रो ठाउँमा घडेरी जोडने सोच पनि बनाएको थिए । घैलाघारी आएपछि श्रीमती गुमाउनको पिडा बाहेक सबै कुरा राम्रै चलेको थियो । यहाँ आएर बसेपछि मलाई त स्वर्ग झै भएको थियो भन्दै आफ्नो अतित सम्झन्छन् अमरनाथ खतिवडा

समय आफ्नै रफ्तारमा दौडिरहेको थियो । अमरनाथका परिवार आफ्नो दैनिक कार्यमा सधै व्यस्त हुन्थे । घैलाघारी गाउँ नै राप्ती नदिको नजिक भएको हुदाँ सानो तिनो पानीको भेल अमरनाथको घर  खेत सम्म कहिले आइपुग्थ्यो कहिले खेतको छेउछाउमा बग्दै जान्थ्यो । त्यस्तो भेलले खासै असर पारेको थिएन र पानीको भेल आउनु नौलो कुरो पनि थिएन । तर २०५९ सालमा आएको पानीको भेलले अमरनाथले जिवनमा ठुलो भुइचालो नै ल्याइदियो । सारा सपना चकनाचुर पारिदियो । सवथोक तहसनहस बनाई दियो । त्यो दिन उनको लागी जिन्दगी भरकै कालो र नराम्रो दिन सावित हुन पुग्यो । जुन दिन त्यति ठुलो बाढी आउला भन्ने शंका पनि थिएन । त्यो दिन रोपाई थियो । खेतका काम गरेर बेलुका घर आएका थियौ । भर्खर भमक्क साँझ परेको थियो । वर्षाको दिन आकाशमा डम्म बादल थियो । सिमसिम पानी परिरहेको थियो । त्यस्तै बेलुकाको ८ बजेतिर यो ठुलो बाढी आयो भनेर हल्ला खल्ला भच्चिन थाल्यो । घरका सबै परिवार जगतपुर तिर गए  । मैले घर छोडन सकिन र घर कुर्ने बाहानामा घरै बसे । एकै छिन पछि नै पानीको भेल एक्कासी घर तर्फ बढयो । अत्याधिक पानीको वेग बढन थाले पछि बाहिर जता ततै अन्धकार थियो । खाली पानीको गडगडाहटको आवाज सुनिन्थ्यो । रात छिप्प्पीदै गयो । निन्द्रा परेन कतिबेला विहान होला भन्दै प्रतिक्षा मै रात काटे विहान झिसमिसे मै झ्यालबाट हेरे । त्यो दृश्य देखेर रिगंटा लाग्न थाल्यो । वरीपरी घरहरु सवै भत्कीएको थियो । बगाएको थियो । कति का गाई, भैसी र जङ्गली जनावरहरु मेरै घरको आगनमा पानीको भेलसँग फनफनी घुम्थे । सबैका घर सर समान पानीले बढादै ल्याउथ्यो । मेरो घर पनि पानीले हल्लाउन थाल्यो । पानीको भेलले ढोका फोरेर घरको सम्पूर्ण समान बगायो । विहान भयो । गोठमा ३ वटा भैसी थियो । भैसी कराउदै थियो । सायद पानीको बेगले धकेल्दा

आत्तियर होला । अलि पानी घटयो भने फुकाउन पर्ला भन्दा भन्दै पानीको वेग झन झन बढदै गयो । भैसी, बाखा गोठ सबै एकै क्षणमा सोहरेर कहाँ पु¥यायो थाहै भएन । हेर्दा हेर्दै पानीको वेगले आफैलाई लैजान्छ की जस्तो पनि लाग्यो । जता त तै पानीको मात्र संसार थियो । छिमेकीहरुको घर देख्दा देख्दै भत्किएको थियो । अब मेरो घर पनि भत्किन्छ होला । बच्न मात्र पाए हुन्थ्यो भन्ने भयो । अरु केहि सोच्न पनि भ्याइएन । त्यो क्षण साह्रै भयानक थियो । अगिल्लो दिन बेलुका देखि भोली पल्ट दिउँसो सम्म मुखमा पानी पनि परेको थिएन । बेलुका ३-४ बजेतिर त तिर्खाले आँत हरहर भयो । आकाशबाट पानी परिरहेको थियो । आकाशबााट वर्षेको पानी अञ्जुलीमा थापेर सुकेको घाटी भिजाउने कोशिस गरे भोक तिर्खा भन्दा पनि आफ्नो आँखा अगाडीको दर्दनाक र भयानक दृश्यले मेरो मन मस्तिष्क क्षतविक्षत बनाएको थियो । कहाँ जाने होला ? के खाने होला अनि कहाँ बस्ने होला जस्ता प्रश्नहरु मनमा एकपछि अर्को गर्दै आइरहयो । जे भए पनि पानीको बेग घटनथाले पछि घरको तलामाथिबाट तल झरे अझै कम्मर सम्म पानी थियो । हिलो माटो ल्याएर घर भरेको थियो । कम्मर सम्म पानी आउने भए पछि डुगा चढेर पारी तरियो र आफन्तको घरमा गएर बस्न थाले । बाढीले सबै थोक लगेपछि म विल्कुल एक्लो भए । छोराहरु भरतपुर तिरै काम गर्थे । उनिहरुको आफ्नो परिवार बनिसकेको थियो । कान्छो छोरो पनि पढदै थियो । घरमा बस्ने त म एक्लै भए । १५-१६ दिन सम्म आफन्तको घरमा बसे पछि फेरी घैलाघारी आए । मेरो घर तलको अलि अलि भत्काए पनि पुरै बगाएको भने थिएन । त्यसपछि डोजर लगायर माटो फालेर घर सफा गरेर घर मै बस्न थाले । घरमा केहि थिएन । रित्तो थियो । खेतिपाती गरेको जमिन बगरमा परिणत भएको थियो । त्यसबेला विभिन्न संस्थाले सहयोग ग¥यो । संस्थाले दिएको रासनले झण्डै ५-६ महिना सम्मको भोक मेटाए । छोरा छोरी र इस्तमित्रले पनि अलिअलि सहयोग गरे ।

समय वित्दै गयो । आर्थिक अवस्था नाजुक भयो । पछि पछि इस्टमित्र र आफन्तले पनि हेर्न छाडे । पहिला पहिला मेरो घर धन सम्पति प्रशस्त हुदाँ सबै आउँथे बस्थे खान्थे । बाढी लागे पछि हालखबर सोध्न पनि कोही आउँदैनन् । बाढीले जिवनमा आकाश र धर्ति विचको जस्तै फरक पारी दिएको छ । कसैले सरसापट पत्याउर्दैनन छोराहरु ससुराली कै आडमा बसेका छन् । मलाई त्यहाँ गएर बस्न पनि मन लाग्दैन । अहिले आम्दानी केहि छैन । खाने समस्या भन्नु या बाँच्ने समस्या हल गर्न गाह्रो भएको छ मलाई भन्छन् अमरनाथ खतिवडा । उनि भन्छन् ‘अहिले त्यहि बगर जस्तो ८-९ कठ्ठा जमिन छ मकै लगाउको छ । राम्ररी फल्न पुग्यो भने र यस पाली बाढी आएन भने ६-७ महिना खान पुग्छ होला ।

जिन्दगीको लामो यात्रामा कैयौ दु:ख भोलेको यी बृद्धको जीवनमा यस प्रकृति को खेलले साह्रै ठूलो दु:ख थुपारी दिएको छ । तर पनि उनले हिम्मत हारेका छैनन् उनि भन्छन् । 'जति बगायो सबै घैलाघारी मै आएर जोडेको बगायो । यतिका वर्षको अथक प्रयास परिश्रम र सपना चकनाचुर पारेर पानीको एकै भाडकाले कहाँ पुर्‍यायो । तर पनि अभौ म सँग हिम्मत घटेको छैन । अब २-४ वर्ष बाढी नआउने हो भने म फेरी जेनको तेन बनाउने थिए र कतै ऋण पाए भैसी पाल्थे र मलजल गर्ने पैसा जुटाएर यही बाकी रहेको ८-९ कट्ठामा राम्रो उब्जनी गर्थे भन्ने हिम्मत र योजना रहेको छ अमरनाथ खतिवडामा ।

# १६) विर बहादुर बोटे

जेठ महिनाको गर्मी अझै दिउसो १२ बजेको चर्को घाम विरबहादुर बोटे एक हप्तामा सानो प्लाष्टिकको पोको र अर्को काधमा माछा मार्ने जाल, खुम समालेर बोक्दै घर आईपुगे । त्यो प्लाष्टिकको पोको उनकी बुहारीले हतार हतार खोलेर हेरिन अलिकति भुरा माछा थियो । विरबहादुरको बुहारीले सोधिन 'विहान देखि अहिले सम्म यति हो बुबा माछा ? विरबहादुर माछा मार्ने जाल सुकाउदै भने' आजकल गर्मिले गर्दा घोलमा पानी सुक्यो राप्तीमा माछै परेन । विर बहादुरको माछा मार्ने जाल सुकाएर देख्दा यस्तो लाग्थ्यो सायद आज उनको सबै भन्दा मुल्यावान चिज वा सम्पति भन्नु नै  त्यो जाल  सँग विरबहादुरको जिन्दगी जोडिएको देखिन्थ्यो । जाल सुकाइसकेर विरबहादुर पिडिको डिलमा बस्छन् र लामो सुस्केरा हाल्छन् । उनी प्रष्ट सँग आँखा देख्दैनन् । उनको लुगा पसिनाले चुलुप्प भिजेको छ । फेरि हाल्ने अर्को लुगा पनि देखिदैन । उनको घरमा देख्नेलाई यो कस्तो अनौठो र दुःखमयी जिवन हो जस्तो लाग्न सक्छ । वि.स. २००१ सालमा लम्जुङ्ग जिल्लाको हर्राबोट भन्ने ठाउँमा जन्मेको विर बहादुर १२-१४ वर्ष भए पछि मिठो खाने राम्रो लगाउने र काम गरेर सुख सँग बस्ने रहर र सपना बोकेर घर छोडेर हिडेका थिए । बोटे परिवारमा जन्मेका उनि उनको बुबा डुँगा चलाउथे । मस्याङ्गदीमा साँगु पुल नहुदा ओहोर दोहोर गर्ने एकै माध्यम डुँगा हुदाँ त्यहाँ डुगा चलाउने बोटेलाई सरकारले नै थुप्रै जग्गा दिएको थियो रे । विर बहादुरका सात भाई दाजुभाई बुबाले जग्गा बेच्दै रक्सी खादै गरे पछि परिवार धेरै, आयश्रोत कम भएकोले बरु अन्तै गई कमाई गर्छु खान्छु भनि त्यहाँबाट हिडेको बताउँछन् । विर बहादुर उनि भन्दै जान्छन् 'सायद २०१७ सालतिर हुनुपर्छ चितवन झरेर राप्तीपारी बसे सरकारी जग्गामा बसेको थिए । मेलापात गरेर साहुको काम गरेर छाक टार्थै । २०२० साल तिर त्यही विहे गरे । २०२१ सालमा घडगाई आए र साहुकै घरमा काम गर्न थाले । २०३६ सालतिर घैलाघारीमा सुकुम्बासी बस्न पाउने रे भने पछि म पनि आए । खनखाने गरेर करिब १ विगाह जति जमिन बनाएको थिए । र त्यहि सानो छाप्रो बनाएर बसे । मेरो ४ छोरी र १ छोरा जन्मिएको थियो । पछि सरकारले हामी बसिरहेको ठाउँमा बस्न नदिएर पछि हामीलाई अलि माथितिर ४-४ कठ्ठा जमिन दियो । त्यही  बसन थाल्यौ । मैले राप्ती नदीमा डुगां चलाउथे माछा मार्थे । श्रीमती मेलापात गर्थी । खेतिपाती पनि राम्रै हुन्थ्यो । हामीलाई दुई छाक पेट भरि खान र एकसरो लाउन सम्म पुगेको थियो । पछि पछि खेत ठेक्का अदिया गर्न थाले, भैसीहरु अदिया पालेर, यहि आफ्नै बनाएको थिए । छोरीहरुलाई पढाइएन भनौ या त्यो बेलाको यहाँको परिवेश

नै यस्तै भयो । पढाउने कुरामा चासो पनि भएन । कान्छो छोरोलाई भने पछि स्कुल भर्ना गरिदिएको थिए ।

समयको परिर्वतन सँगै विरबहादुरको छोरीहरु बढदै गए । विवाह पनि भयो । छोराले पनि ७ कक्षा पढदा पढदै छोडयो । घरको अन्नपात र मेलापात गरेर अनि डुँगा चलाएर माछा मारेर बेचेर जम्मा गरेको पैसाले वर्ष भरि खानलाई ठिक्क हुन्थ्यो । नदिकै छेउमा घर भएकोले कहिले काही पानीको वेग विरबहादुरको घर तर्फ पनि परथ्यो । तर नदिकै किनारामा बासस्थान बनाउने, माछा मार्ने डुँगा चलार जिवीको पार्जन गर्ने यी बोटे बुढालाई त्यसले खासै असर पार्थेन । यहाँ बस्न उनि निकै खुशी थिए । सके सम्म पैसा बचाएर अलिकति जमिन जोडने र घर बनाउने सानो सपना उनको मनको कुना भने बसीरहेको थियो ।

बर्मा गए कर्म सँगै नेपाल गए कपाल सँगै भने झै अलि सुखको सास फेर्न पाइन्छ की भनि एक ठाउँबाट अर्को ठाउँ गर्दै घैलाघारीआइपुगेका यि बोटेको भाग्यमा प्रकृतिले एक दिन नराम्रो सँग बज्रपात गरिदियो । सुखको त के कुरा भो धर्तिको सानो टुक्रामा टेकेर दुःख गर्न पनि पाएनन् । उनले किनकी २०५९ सालमा आएको भिषण बाढीले उनलाई रित्तो बनाएर छोडिदियो । उनिभन्छन् ‘त्यो श्रावण ६ गतेको दिन हामी बढा बुढी नै काममा गएका थियौ । दिनभरी काम गरेको बेलुका थकाई मोरर बस्दै थियौ । त्यो बेलापनि घर सानै थियो । छोराले बाढी आयो भन्ने समचार ल्यायो । वरीपरी हल्ला खल्ला भच्चिन थाल्यो । मैले सबै परिवारलाई जगतपुर पठाइदिए म चाही कत्रो बाढी आउँला र सानै देखि पानी मै खेलेर हुर्केको मान्छे धेरै नै पानी बढे पारी जान्छु नत्र यहि घर कुरेर बस्छु भनि घर मै बसे । घर सानो थियो । पानी ठुलो आयो भनेत समान भिज्छ भनेर छिमेकीको अल्लि ठुलो घरमा राम्रो राम्रो समान ओसारेर राख्दै थिए । पानीको भेल त एक्कासी बढेर मलाई धकेल्दै अलि पर पुऱ्याइदियो । बल्ल बल्ल गरेर अलि अग्लो ठाउँमा गएर बसे जता त तै अन्धकारै अन्धकार थियो । घरी घरी चटयाङ्ग पर्दा आएको झिमिक्क उज्यालोमा चारैतिर खोला बगेझै देखिन्थ्यो । मनमा एक किसिमको डरलाग्दो अनुभवको सिर्जना भयो । पानीको भेल त ठुलै छ मेरो घर त लाग्यो होला जस्तो लाग्यो । रातभरि निन्द्रा लागेन । बुढो शरिर रात भरि अर्का को घरको पिडिमा टुक्रुक्क बसे विताए । कति बेला उज्यालो होला भनि मन आत्तिएको थियो । हुदाँ हुदै विहानको झिसमिसे उज्यालो भयो । मैले हतार हतार मेरो घर तिर आँखा पुऱ्याए । मेरो घर त कहाँ निर थियो भन्ने मैले पत्ता सम्म लगाउन सकिन । एक्कासी छ्यागोबाट खसे झै लाग्यो । रोउ की हाँसु जस्तो भयो । तर पनि त्यो नरसंहार प्रकृतिको खेल यि आँखाले भ्याए सम्म हेरिरहे हेरिरहे हेर्दा हेर्दै मैले समान राखेको घर पनि बगायो । सारा गाउँमा खोला बगेको थियो । २-४ वटा पक्की घर बाहेक केहि बाकी छोडेको थिएन ।

त्यो निर्जिव भेलले । मनका इच्छा, आकाक्षा, सपना र योजना सबै निमोठेर लग्यो पानीको भेलले कति दुःखले बनाएको शिर ओतने सानो झुपडी र टेक्ने सानो धर्ति टुक्रा बगाए पछि अब फेरी कहाँ जाने होला, के खाने होला अब फेरि पहिलाको अवस्थामा पुग्न सकिदैन होला भन्ने जस्ता कैयौ तरङ्गले मनलाई स्थिर बस्न दिएन 'जत्रो ओइरो उत्रै पइरो' भने झै सानालाई थोरै नै भए पनि आफ्नो सम्पति क्षति भएपछि पिर नपर्ने त कुरै भएन । त्यसपछि यो ठाँउमा फर्कनै मन लागेन । हामी सँग लगाएको एकसरो लुगा बाहेक अरु केहि बाँचेको पनि थिएन । हामी ५ जनाको परिवार करिब १५ दिन सम्म स्कुलको शिविरमा गई बस्यौ विभिन्न संघ संस्थाले रासन, लता, कपडा र भाडा कुडा दिएर सहयोग गऱ्यो । पछि फेरी घैलाघारीमै आएर पाल टागेर बस्न थाल्यौ । पछि अनुग्रह चर्च ले घरको लागी टिन र पिल्लर दियो । त्यसैले घर बनाएर बसेका थियौ । खेत बगरम परिणत भैसकेको थियो । खाने चिज केहि थिएन । काम पनि त्यति पाइन्थेन । कमाई हुदाँ खान्थ्यौ । कहिले काही त भोकै पनि सुत्यौ ।

समयको चक्र सँगै हिउँद गयो, वर्षा लाग्यो । पोहोरको झै बाढी आउँछ कि भनेर शंका हुनासाथ हामी आफ्नो ज्यान बचाउन जगतपुर गएर बस्यौ । त्यो २०६० सालमा आएको बाढीले संस्थाको सहयोगले कति मेहनतले बनाएको घर फेरि बगाइदियो । त्यसपछि हामी सँग न घर रहयो न जग्गा जमिन न सहयोग गर्ने कोही मानिस । साह्रै विचल्ली भयो । हाम्रो परिवारको पेट भरी खाने समस्या हल गर्न गाह्रो भयो । त्यस पछि हामी परिवार नै जगतपुरको दराई गाउँमा एक दराईको घरमा काम गर्न बस्यौ । मुस्किलले भए पनि दिनहरु वित्दै थियो ।

जब आर्थिक अवस्थाको कमजोरी परिवारमा खडकिन्छ तब मानिसको आवाश्यकता पुरा हुनसक्दैन । चाहि त्यो ठुलो होस् या सानो । त्यसपछि परिवारमा किचलो शुरु हुन्छ । पारिवारीक झगडा चर्कदै जान्छ । परिवारमा एउटा नराम्रो परिवेशले जन्म लिन्छ । खान लाउन र बस्न पनि नपुगेपछि बोटे परिवारमा सधै जस्तो झगडा पर्थ्यो । बोटे बुढाको श्रीमान श्रीमती बृद्ध भैसकेका थिए । छोरा एउटाले कमाएकाले त्यति ठुलो परिवार धान्न मुस्कील पऱ्यो । बोटेनी बुढीले अदिया भैसी पालेकी थिइन । एकदिन छाक टार्ने समस्याले पिरोले पछि बोटेको छोरा ले त्यो भैसि पनि बेचिदियो । घरमा बाकी बचेको काठ पात सबै बेचिदियो । तर उनिहरुलाई गरिबीको समस्याले झन भन्दा झन थिच्दै लग्यो । यस्तो समस्याले हार खाएर बोटेनी बुढी २०६१ बैशाख १९ गते राती ५० वर्षको उमेरमा आफैले ओढने पछ्यौराको पासो लगाएर आत्महत्या गरिन । सायद जिवनमा संर्घष गर्दा गर्दै थाकेर भनुँ या हारेर भनु उनि चिर निन्द्रामा निदाइन-बोटे बुढा भन्छन् । यदि त्यो बाढी नलागेको हुदाँ हो त सायद हिजो मेरी श्रीमतीले आत्महत्या गर्थिनकी ? समय र परिर्स्थितिले उनलाई

आत्महत्या गर्न बाध्य तुलायो ? वा उनको भागमा यति नै थियो कसले के जानेको छ र भन्दै धमिलो आँखाबाट बरबर आँशु झार्छन यी वृद्ध विर बहादुर ।

प्रकृतिले खेलको निर्दयी खेलले बोटेको परिवारमा झन भन्दा झन पिडा थपिदै गयो । खान लाउने समस्या त छदै थियो । श्रीमतीको अन्तिम संस्कार गर्न साहु सँग लिएको ५-६ सय ऋण तिर्न र आफ्नो २ छाक भोक मेटाउन १ वर्ष सम्म साहुको घरमा हली बस्नु पऱ्यो । जिन्दगीको यति लामो पलहरु वितायका यि वृद्ध बोटे आफ्नो जिन्दगी र गरिबता देखेर असाध्यै दिक्क मान्छन् ।

आफ्नो पसिना साहुको खेतमा बगाएर आफ्नो परिवारपालेका यी बोटे एकदिन त्यहि साहुको कामबाट पनि बन्चित भए । किनकी साहु पनि आफ्नो भैसी, बाखा बेचेर जग्गा जमिन अर्कालाई अदिया, बन्दगी दिएर शरह तिर लाग्यो । अब बोटे परिवार कहाँ जाने भनेर अलमल्ल परे । केहि नलागे पछि आजकल पहिला आफ्नो घर भएको ठाउँ (वगरमा) सानो झुप्रो बनाएर बसेका छन् । अहिले छोराले काम गरेर खाने खर्च जुटाउँछ । बोटे बुढाको कमाई खाने डुँगा र माछा मार्ने जाल ०५९ सालकै बाढिले लाग्यो । अहिले उनले नयाँ जाल बुनेकाछन् । दिनभरी माछा मार्छन । धेरै भए बेच्छन् । थोरै आएमा खान्छन् ।

समयको उतरचढाव र प्रकृतिको खेलले भताभुङ्ग लथालिङ्ग पारीदिएको यो परिवारमा अहिले भविष्यको कुनै योजना छैन । सुख पाउने सपना छैन । केही गर्न जोश छैन जाँगर छैन । जिन्दगी प्रतिको माया मोह र उत्साह घटेको छ । अहिले उनिहरुलाई फेरि सोच्न केहि सम्झने आँट छैन खुवी छैन । निकै कमजोर भएकाछन् । यी परिवार यिनीहरुको आजको लक्ष्य चाहना भनेको परिवारको भोकमेटाउने समस्या हल गर्नु नै भएको छ ।

# १७) भुपु मेजर : शेर बहादुर घर्ति मगर

भन्नेहरु भन्ने गर्छन कुनै पनि कुरा जिवनमा देखेर मात्र हुदैन । लेखेको पनि हुनु पर्छ यो भनाई सत्य हो वा कहिले काही पर्ने गरेको संजोग मात्र हो । तर भु.पु मेजर शेर बहादुर घर्तिमगर यो भनाईमा सहमत  हुदै । उनि भन्छन् । 'जिवनको उत्तारद्धमा यहि आएर बस्न र दुःख पाउन लेखेको थियो होला हुन पनि हो शेर बहादुर घर्तिमगर आज भन्दा भण्डै ६० वर्ष अघिसल्यान जिल्लाको दमाहचौर भन्ने ठाँउमा जन्मेका थिए । उनको सुनौलो बाल्यकाल त्यही दमाह चौरमा वितेको थियो । उनले बेलामा अलि अलि मात्र पढेका थिए । उनको बुबाका ७ भाई छोरा २ बहिनी छोरी थिए । खान लाउन दुःख थिएन । घर मै बसेर पनि खेतीबाट प्रशस्त आम्दानी हुन्थ्यो । सम्पति र जग्गा जमिन प्रशस्त थियो । आफ्ना आखाँले हेर्न भ्याउने सम्म रहेको राखो पाखो र खेत थियो । ५०,६० मुरी धान ६०,७० मुरी गहु मकै हुन्थ्यो । उनको बाल्यकाल कुनै कराको अभाव नभईकन वित्यो । २०२० सालमा १८ वर्ष कै उमेरमा उनको विवाह भयो । विवाह भएको वर्ष दिन मै छोरो पनि जन्मियो । बाल्यकाल सुख पुर्ण विते पनि घरमा प्रशस्त जग्गा जमिन भए पनि आफुले घर बाहिर गएर केहि राम्रो काम गर्ने उनको मनमा धोको थियो । त्यही धोको अनुरुप २०२१ सालमा उनि नेपालगञ्ज आए र संयोगवशं नेपाल आर्मीमा भर्ति भए । आर्मीको जागिर कहिले पूर्व कहिल पश्चिम गर्दै देशको सेवाको लागी देशको विभिन्न ठाँउम पुगे । उनको १ छोरा एक छोरी जन्मिएको थियो । सुखि परिवार भएको थियो । तर समयको दौडान सँगै २०३० सालमा उनको पल्टन जुम्ला सरुवा भएको थियो । उहाँ गए पछि शेर बहादुरले पुन एक थकाल्नी महिला सँग विवाह गरे । त्यहाँ पनि २ छोरा २ छोरी जन्मियो । केहि समय पछि रोग लागेर थकाल्नीको मृत्यु भयो । शेर बहादुरको कमाईले जुम्ला मै स्याउखेति गर्न थाले । छोरा छोरी पाल्ने पढाउने गरे र एउटा घडेरी किनेर घर बनाएर राखी दिए । १४-१५ वर्ष पछि सरुवा कै क्रममा उनि चितवनको कसरा आइपुगे र त्यहि कार्यरत रहदाँ ४३ वर्षको उमेरम फेरी तेस्रो विवाह गरे र घैलाघारीमा ७ -८ कट्ठा जमिन किनेर कान्छी श्रीमतीलाई राखिदिए । कान्छी श्रीमती पट्टि पनि २-३ वटा छोरा छोरी जन्मिए । शेर बहादुरको छोरा छोरी मात्र ९ वटा पुगे । अब उनि अन्त जाने कुरै भएन कान्छी श्रीमतीलाई छोडेर जान पनि मिलेन आफुनो गरेको काम गलत भएको महशुस गरेका छन् अहिले । २०५५ सालमा पेन्सन भयो । पेन्सनको पैसाले घैलाँघारीमा राम्रो घर बनाएका थिए । सौखिन जिवन जिउन आवाश्यक पर्ने सुम्पूर्ण समान जुटाई सकेका थिए

उनले । घरमा पसल थियो । होटल राखेका थिए । १२, १५ सय जति कुखुरा पालेका थिए । बुंगुर, बाख्रा, भैसी पालेको थिए । रुख विरुवा टन्न लगाएको थिए । उनि भन्छन् । खेतीपाती प्रशस्त हुन्थ्यो । परिवार ठुलो भए पनि हामीलाई कुनै कुराको अभाव थिएन । आम्दानीको श्रोत राम्रो थियो । हामी अत्यन्तै सन्तुष्टि थियौ । छोरा छोरी राम्रो सँग पढदै थिए । खेतीपाती पसल र बस्तुभाउँबाट भएको आम्दानी मेरो पेन्सन महिनाको रु.६२००।- आउँथ्यो । हामीले पैसा बचत गरेर अलि राम्रो ठाँउ तिर घर घडेरी किनेर बस्ने छोरा छोरीलाई राम्रो स्कुलमा पढाउने सपना देखेको थियौ । म सँग गर्न सक्ने सामाथ्र्य पनि थियो ।

यसै गरि दिनहरु वित्दै थिए । घरको काम बाहेक म समाज सेवामा आफुले गर्न सक्ने काममा कहिल्यै पछि नहटि सेवा पनि गर्थे । समयले नयाँ काँचुली फेर्दै थियो । हिउँद गयो वर्षा लाग्यो । यो घैलाघारी ठुलो नदी राप्तीको किनार छेउम हुदाँ कहिले काही ठुलो पानी परेको बेलामा पानी घर सम्म आइपुग्थ्यो र बग्दै जान्थ्यो । यसले केहि असर गरेको थिएन । ठुलो बाढी आउँला यसरी तहस नहस पार्ला भन्ने हामीले सोच्दै सोचेनौ । तर त्यहि हाम्रो कमजोरीको फाइदा राप्तीको भेलले नराम्रो सँग उठायो । हामीले अलपत्र पारिदियो । वर्षा लागेपछि पानी पर्नु कुनै नौलो कुरा थिएन । यसरी नै ०५९ साल श्रावण ६ गते दिउँसो सिम सिम पानी परेको थियो । गाउँ घर तिर धान रोपाईको माचा माच थियो । सधै पैसा तिरेर पानी लाउनु पर्ने यसपाली त पानी आफै भयो भनेर यहाँका मानिस खुशि देखिन्थे । तर उनिहरुलाई के थाहा यसरी गाउँ नै बगर बनाई दिन्छ भनेर । साँझ पख माथीबाट बाढी आउँदै छ रे भन्ने हल्ला चल्यो । हुन त हो पोहर परार जस्तै सानो तिनो होला भन्ने सोच्यौ । तर हाम्रो सोचाई गलत सावित भयो । ८-९ बजे बेलुकी बाटै पानीको ओइरो लाग्यो । हामी घरमा ढोका लगाएर हतार हतार जगतपुर तिर लाग्यौ हामी जगतपुर नपुग्दै भयंकर पानीको भेल कैयौ रुख जनावर गाई भैसी मानिस र घरका समान बढाउदै आइपुग्यो । मानिसहरु एकतमासले चिच्याउदै थिए । राप्ती खोला उल्टेर हाम्रो गाउँबाट वगे जस्तो लाग्यो । रातको अन्धकार जति छिपिदै थियो । पानीको भेल गडगडाइ रहयो । सुसाइ रऱ्यो । कति रोए कति कराए अँह केहि नसुनि पानीको भेल एकतमासले बगिरहयो । सबै मानिस आफ्नै ज्यान बचाउन आतुर देखिन्थे । घर सर समान बचाउने त मौका सम्म पाइएन । त्यो कालो रात कहिले सकिएला र आफ्नो घर तर्फ हेरुला । कतिबेला बाढी घटछ र घर पुगुला भनेर आँखा आतिरहऱ्यो । मनमा छटपटि भयो त्यत्रो १५ सय कुखुरा, बंगुर, बाख्रा, दोकान घर के भयो होला अब के गर्ने होला भनि मनमा निकै छटपटि भयो । रातैभरि त्यति कै बसियो । लामो प्रतिक्षा पछि उज्यालो त भयो तर बाढी घटेन विहानपख झन बढन थाल्यो । हामीले परैबाट आफ्नो घर भए तिर हेऱ्यौ । कुखुरा त के कुखुराको खोर पनि थिएन त्यहाँ न

बंगर थियो न गोठ न गाई भैसी, घर भने ठाडै थिए । घर सम्म त छ भनेर चित्त बुझायौ । ६ गते बेलुका तिर पानी घटयो त्यसपछि हतार हतार पानी मै टेक्दै भासिदै घर पुगे घर के कस्तो छ भनि हेर्दा त घर फोरेर सबै समान लगेछ २ वटा खाट र एउटा कुर्चि हिलोले पुरेको थियो, नत्र बाकी ३ भकारी धान, लताकपडा, दोकान, फ्रिज, भाडाकुडा सबै बगाएछ । एक छिन त मनै झसङ्ग भयो । श्रीमती डाको छोडेर रुन थाली म हेरेको हेरै भए साह्रै नरमाइलो लाग्यो । कति दु:ख कैयौ समय लगाएर सिर्जना गरेको मेरो सानो संसार भताभुङ्ग भैसकेको थियो । बाँकी केहि थिएन । प्रकृतिको लिला कसलाई के भन्ने सबै को उस्तै गति थियो । त्यहाँ बस्नै मन लागेन र माथि नै जगतपुर आएर आफन्तकोमा बस्ने थाल्यौ ।

त्यस बेला मैले आफ्नो मात्र परिवारलाई हेरिन । सबै गाउँ छिमेकीलाई हेरेर सहयोगका लागी विभिन्न संघ संस्थामा आवाज उठाए । राहत संघको सदस्य पनि थिए । सबैबाट पाएको सहयोगले हामीलाई केहि समय पून बाँच्ने आशाको सिर्जना गर्‍यो । हामीलाई रेडक्रसले घर बनाइदियो । यो पनि हामीलाई ठुलो राहत भयो । हामी परिवार अहिले रेडक्रसमा नै बस्छौ । अहिले खेति पनि छैन । आम्दानीको नाममा मेरो पेन्सन स्वरुप रु.६०००।- महिनमा आउँछ । त्यसैले घर खर्च छोरा छोरीको पढाई हेर्नु पर्छ । यहाँ छोडेर जाउँ भने पनि कहाँ जाने । हुनत सल्यानमा पनि घर जग्गा थियो । तर के गने 'किन खुम्चीस् मरिच आफ्नै रागले' भने झै पहिला आफैले गल्ति गरेर हिडीयो । अहिले फेरि कसरी दु:ख पाए भन्न जानु । आजकल यति कै दिनहरु वितिरहेको छ । बाढीको कारणले छोरा छोरीको पढाईमा पनि असर गर्‍यो । बाढीले किताव कापी बगाए पछि एक वर्ष त्यतिकै बसे । अर्को वर्ष देखि फेरि शुरु गरेको पढाई पहिलाको जस्तो राम्रो पनि छैन । हाम्रो पनि बसोबासको ठेगाना छैन । रेडक्रसले बनाएको घर साधुरो भएको छ । भाडामा बस्नु भन्दा त राम्रै छ । अब के गर्ने भन्ने टुगो छैन । राप्तीमा बाँध बन्दैछ । यसले मनमा केहि आशा जगाएको छ । यसपाली बाढी आएन भने भदौ असोज तिरबाट घैलाँघारी नै गएर घर सजसाज गरेर बस्ने विचार छ । यदि बस्न सक्ने जस्तो भएन भने अन्तै गएर एक आधा कट्ठा घडेरी किनेर घर बनाएर बस्ने विचार गरेको छु । उनि भन्छन् 'प्रकोप भनेको प्रकृतिको खेल भए पनि यो हुनुमा मान्छेकै हात छ ' यसरी बाढी आउनु को मुख्य कारणमा अत्याधिक वर्षा हुनुको साथमा खोला नजिकैको पहाड कमजोर हुनु पैरो जानु पहाडहरु खनिदिनु हेटौडा सिमेन्ट कारखानाबाट ढुङ्गा झिक्नु र पहाड खसेर नदि उत्तानो हुनु र कुठाँउमा राप्तीको पुल बन्नु नै हो ।

# १८) लुरे बोटे

५० वर्षिया लुरे बोटे आज भोली राम्ररी हिडडुल गर्न पनि सक्दैन । उमेर ढल्के पनि हिड्नै नसक्ने अवस्थामा पुग्ने बेला भएको त होइन । तर पनि एकनासले खाटैमा पल्टिरहन्छन् । आज भन्दा ५० वर्ष अगाडि नवलपरासीको कावासोतीमा जन्मेका यी बोटेको नाम पनि शरिर हेरेर राखे जस्तो देखिछ । अर्थात लुरे बोटे भन्दा साथै यै हो भनि चिन्न सकिन्छ । सानो गाठीको जिउडाल साना मसिना हात खुट्टा दुव्लाएर झन् हेर्दै टिठ लाग्दो देखिन्छन् । यी बोटेको एक समयमा नावलपरासीको कावासोतीमा १० कट्टा जति जमिन थियो । एक श्रीमती र २ छोरा गरी जम्मा ४ जनाको परिवार थियो । खेतीपाती गर्थे बोटेहरु आफ्नै चलिआएको परम्परा अनुसार टाढा गएर होस् या नदिको छेउमा बसेर होस् माछा मार्थे् बेच्थे् डुगा चलाउथे । यसरी कमाएर ल्याएको पैसाले बेलुका खाने कुरा किनेर टन्न खान्थे् अनि सुत्थे । भविष्यलाई साच्दैनथे उनिहरुलाई न भुत न भविष्य भने झै कमाएको खान ठिक्क हुन्थ्यो । भविष्यकोबारेमा सोच्नै जानेनन् अर्थात भविष्यमा दुःख पर्ला चाहियला भन्ने पनि ज्ञान भएन यि सोझा बोटे बोटेनीलाई अर्थात कमाएको पैसाले भविष्यलाई सोच्नै पुग्दैनथ्यो । खेतीबाली लगाउने बेलामा खेत मै मेहेनेत गर्थे । फुर्सदको समयमा बुढा बुढी भएर माछा मार्न जान्थे । दिन भरी माछा मार्थे । बेलुका बेच्थे । अलिकति आफुलाई पनि ल्याउथे । यसरी नै उनिहरुको दिनहरु वित्थ्यो । छोराहरु पढाउने ज्ञान पनि भएन उनिहरुलाई छोराहरु पनि पढेनन् । उनिहरुलाई मानौ अरु थोकको चिन्तै हुदैनथ्यो । भोली कहाँ माछा मार्ने ? कहाँ माछा धेरै पाइन्छ ? माछा लगेर कहाँ बेच्ने र खाने कुरा के जुटाउने भन्ने नै उनिहरुको सोच हुन्थ्यो । माछा मार्ने् बेच्ने २-४ पैसाले घरायसी आवाश्यकता कसरी पुरा गर्ने सपना देख्ने उनीहरुका यसरी नै दिनहरु वित्दै जान्थे । छोराहरु पनि हुर्कदै गए । बोटे परिवारलाई २ छाक खान पुगिरहेको थियो ।

एकदिनको कुरो हो । यी बोटे बुढा विहान झिसमीसेमै उठेर सधैं झै जाल र ढडिया बोकेर माछामार्न खोला तिरगए साथमा उनका साथीहरु पनि थिए । गएर माछा मार्न थाले सबै जना छरिएर आफ्नै धुनमा माछा मार्दै थिए । बोटे बुढा पनि ढडीयामा माछा कति पऱ्यो भनि खोलाको किनारैबाट जाल तान्दै थिए । एक्कासी उनिमाथी बाघले आक्रमण गऱ्यो । बाघ सँग लडन सकुन्जेल लडे । पछि बेहोस भए पछि बाघले छोडेर गएछ । पछि मात्र उनका साथीहरुले देखे र घर ल्याइ दिएछन् । बोटेनी बुढी भन्छिन् 'म त त्यो देखेर असाध्यै डराएको थिए । शरिर रगतले भिजेको थियो । टाउँकोमा धेरै नै कोपारेको थियो । एउटा आँखा पनि फुटेको भएन । भरतपुरको सरकारी अस्पतालमा डेढ महिना जति

राखे पछि बल्ल अलि ठिक भयो । उपचार गर्ने पैसा थिएन । खेत साहुको मा धितो राखेर पैसा लिएर उपचार गरे । अब बुढा पनि काम गर्न नसक्ने भए । अब कसलाई भन्ने आफ्नो कोही थिएन । बरु अन्तै गएर सस्तो जग्गा किनेर बस्न पर्‍यो भनेर मेघौलीको शिशावास भन्ने ठाउँमा आइयो । ठुलो नदि नारयणीको छेउमै सस्तोमा खेत बेचेको १३ हजारले ५ कट्ठा जमिन किने र सानो झुप्रो घर बनाएर बस्न थाले । छोराहरु ठुलो भए । उनिहरुको पनि विवाह भयो । खेती थोरै भएपनि राम्रै हुन्थ्यो । ५-६ महिना खेतीले खान पुग्थ्यो । ५-६ महिना ज्याला मजदुरी गर्न पर्थ्यो ।

यसरी नै हाम्रो दिनहरु वितिरहेको थियो । राम्रो नगरी खान नपुग्ने किसिमको आर्थिक अवस्था थियो । छोराहरुको पनि छोरा छोरी भयो । ठुलो परिवार थोरै आयश्रोतले खान पनि मुस्किल परेपछि उनिहरु छुटिएर बसे । बुढाले फेरी माछा मार्न थाले ठिकै चलिराखेको थियो । तर के गर्ने ऋण लागोस दिन नलागोस् भन्दा भन्दै आखिर नराम्रो दिन एक पछि अर्को थपिदै गयो । २०६० सालम बढेको नारायणीले खोल्दै खोल्दै बसेको जमिन बगायो । जमिनको साथ साथै घर पनि लग्यो । २-४ बटा भाडा कुडा र अलि अलि लुगा सम्म बचाउन पायौ । आफ्नो भन्ने त्यहि एक टुक्रा जमिन थियो । जीवनको आशा भरोसा र सपना त्यी सानो टुक्रो जमिन सँग जोडिएको थियो । तर त्यहि पनि बगाए पछि हामी एकदमै रित्तो भयौ । सुकुम्बासी भयौ । आफ्नो भन्ने घर खेत बगाइ हाल्यो । अब कहाँ गएर बस्ने होला ? के खाने होला ? भनेर असाध्यै चिन्ता लाग्यो । बुढा पनि थला परेका छन् उठन बस्न राम्ररी सक्दैन । म एक्लै बुढी मान्छे कता कता भ्याउने । तर भ्याएसम्म मेलापात जान्छु रासन ल्याउछु ।

बाढी लागे पछि हामी यही तेलौलीको सिसौघारीमा आएर बस्यौ । संस्थाहरुले पाल दिएको थियो । त्यहि पाल टागेर अहिले पनि यहिबस्छौ । खाने रासन अलिकति दिएको थियो । अहिले त कसैले पनि हेरेको छैन । बुढाले पनि राम्ररी आँखा देख्दैनन् काम पनि नजिक छैन । निमेक गर्ने ठाउँ पनि नजिक छैन । काम नै नपाएपछि आम्दानी हुदैन । अनि त नरासन न पानी । कसरी जुटाउने खाने खर्च । रोग लागे औषधी गर्ने पैसा हुदैन । काम पाएको बेलामा काम गर्छु । छोराहरु पनि अर्काको घरमा काम गरेर आफ्नो परिवार पालेको छ । उनिहरु सँग पनि कति हुन्छ र त्यहि पनि बेला बेलामा छोराहरुले सहयोग गर्छन । बाढीले खेत लगे पछि त कमाइ हुदाँ पेटभरी खाइन्छ नहुँदा आधापेट खाएर पनि चित्त बुझाईदै आएको छ । यसरी शुरुवाट नै कहिले के को दुःख केहिले के को पिडा सहदै आएका यी बोटे परिवारलाई त्यो नारायणीले जमिन बगाए पछि त झन उनीहरुको परिवार नै विचल्लीमा परेको छ ।

# १९) मंगले कुमाल

वि.स. १९९६ मा तनँहुको चुदीमा जन्मेका मङगले कुमाल बालक कालमै आफ्ना बुबा सँग चितवन झरेका थिए । हुन त उनीहरुको पहाड मै भए पनि अलिकति खेतबारी थियो । सानो घर थियो पहाडमा छदाँ मङगलेको आमाको मृत्यु भए पछि मङगलेका बाबु छोरा आफ्नो घर खेत छोडेर चितवन झरेका थिए र उनिहरु टाँडीमा अर्काको घरमा काम गरेर बस्नथाले । साहुको घरमा काम गर्दा गर्दै मङगलेको बुबाको पनि मृत्यु भयो । त्यसपछि मङगलेको आफ्नो भन्ने यो संसारमा कोहि भएन । उनि त्यहि साहुको घरमा नै काम गरिरहे । करिब २५-२६ वर्षको उमेरमा विवाह गरे र त्यसपछि ससुरालीमा बस्न थाले । ४-५ वर्ष बसे पछि त्यहाँ पनि राम्रो भएन हेला होचो गर्न थाले । त्यस पछि श्रीमती लिएर बागमारा भन्ने ठाउँमा गए र जंगल फाडेर ४ विगाह जति जमिन बनाए । त्यो जमिनमा सरकारले नै बस्न दिएन । त्यस पछि सरकारले नै सिसावासमा २ विगाह जग्गा मिलाईदियो । त्यही सानो छाप्रो हालेर बस्न थाले । मेरा ५ भाई छोरा र २ बहिनी छोरी जन्मिए । खेत नदिकै किनारामा थियो । मल पानी प्रशस्त पुगेर होला खेती पाती असाध्यै राम्रो हुन्थ्यो । जसले हाम्रो परिवारलाई खान लाउन पुगेको थियो । हामी कहिले काहि मेलापात जान्थ्यौ । यसरी सबै छोरा छोरी हुर्काईयो । त्यो बेलाको परिवेश नै त्यस्तै थियो । कसैले पनि पढाई तिर चासो राख्दैन थे । तर पनि मेरा छोरा छोरी सबै ले अलिअलि पढेका थिए । घर परिवार राम्रै सँगै चल्दै गयो । छोरा छोरीको राम्रो सँग विवाह गरिदिने र सके भने यति अलिकति जग्गा पनि जोडने विचार गरेको थिए ।

दिन वित्दै गयो । घर परिवार बढदै गए पछि छोरा छोरीहरु छुट्टीने कुरा गर्न थाले । खेत नदि कै किनारामा भएकाले हरेक वर्षा याममा नारायणी बढेर खेत सम्म आइपुग्थ्यो । २०४५,४६ सालमा खेतको छेउछाउ कटान गरेर लान थाल्यो । मेरो मनमा नजानियो शंका लागेको त थियो । नदि अझै बढदै गयो भने मेरो खेत लान सक्छ मेरो धेरै परिवार भै सकेको थियो । कमाएको ले खान ठिक्क हुन थाल्यो । भन्दा वित्तिकै जग्गा पनि विक्रि नहुने । त्यहि पनि हाम्रो जग्गा सस्तो थियो । अन्त झन महागो छ । यो बेचेर अन्त गए झन समस्या पर्ने हो कि भनि बसाई सर्न पनि सकिएन । बर्षा लागेपछि अलि डर हुन्थ्यो । हिउँद लाए पछि आनन्दै हुन्थ्यो । त्यसैले मन पनि त्यति आत्तिएन । उब्जनी असाध्यै राम्रो हुने हुदाँ हाम्रो परिवारलाई सजिलै खान पुगेको थियो । सबै छोराले काम पनि गर्थे । हाम्रो आर्थिक अवस्था ठिक ठिकै थियो ।

समय आफ्नै रफ्तारमा दौडिरहयो । खेतिपाति र मेलापात गरेर कुमालका परिवार रामै सँग अगाडि बढदै थिए । तर समय ले नराम्ररी कोल्टे फेऱ्यो । चलिरहेको कुमालको परिवार माथी प्रकृतिले ठुलो बज्रपात गऱ्यो । अगाडी बढिरहेको कुमालको पारिवारीक जिवन ढप्प रोकियो । परिवार छरपस्ट भयो । उनिहरुको योजना लथालिङ्ग भयो । हो उनिहरुलाई वर्षौ पहिला देखि कैयौ राहत दिएर बगेको नारायणी नदीको पानीले उनिहरु सँग भएको सवथोक खोसेर लग्यो । २०६० सालमा नारायणी उर्लेर आयो र हेर्दा हेर्दै नारायणीले मेरो सबै धानबाली सँगै खेत बगायो । एकै छिन अगाडी हरियो धानको गाँजले टन्न भरिएको खेत केहि क्षण पछि खोला मै मिसियर बग्यो । घरबाट बल्ल तल्ल २-४ बटा भाडाकुडा र लताकपडा भिकियो कुमाल भन्छन् । 'त्यो बेला कति रोयौ कति चिच्यायौ । तर के गर्ने जनि रोए पनि बगेको घर खेत फर्कने आशा थिएन । मध्य दिनमा नै बगाएको मेरो खेत र त्यो दिन आज पनि मेरो आँखा वरिपरि घुमिरहन्छ । कहाँ जाने, के खाने, अर्काको ठाउँमा यत्रो परिवार लिएर कसरी बस्ने साह्रै चिन्ता लागेको थियो । मेरो अवस्था पानी विनाको माछा झै छटपटिएको थिए । जस्तो भए पनि सहनु पर्ने रहेछ ।

बाढिले घर खेत लगेपछि हामी विल्कुलै रित्तो भयौ । त्यत्रो १५-१६ जनाको परिवार बस्ने ठाउँ अन्त कहि थिएन । खाने कुरा थिएन । पछि हामीलाई यहाँ मेघौली-५ को गा.वि.स. भवन पछाडी ६ महिनाको लागी भनेर बस्नदियो । शुरुमा अलिअलि रासन, भाडा, र लताकपडा पनि दिए । रेडक्रसले दिएको पाल टागेर ४-५ महिना बसे पछि यहि सानो घर बनाएर बस्यौ । बस्ने बास न जेनतेन चल्यो तर खानेकुरा केहि भएन । मेलापात ज्याला निमेक गरु भने पनि नजिक काम नपाइने । टाढा गएर काम गर्न पनि गाह्रो भयो । आजकल आम्दानी केहि छैन । ६ महिनाको लागी भनेर यहाँ ल्याएर राखेको हो । तर डेढ वर्ष भैसक्दा पनि न कुनै संघ संस्थाले हेर्छ न त सरकारले नै बाटो लगाउछ ।

अहिले विचल्लीमा परेको छ कुमालको परिवार । कुमाल बुढा भन्छन् 'पहिला आफ्नो जग्गा जमिन थियो । मेहनत गरिन्थ्यो कमाइन्थो खाइन्थ्यो । थोरै धेरै जति भए पनि आफ्नो भनेको आफ्नै हुन्छ । यो अर्काको ठाउँमा छोड भनेको बेला छोडेर आफ्नो पोका बोकेर हिडनु पर्छ । त्यसबेला हामी कहाँ जाने ? सम्झदा पनि दिक्दार लागेर आउँछ । जग्गा जमिन हुदाँ खेरी त आफन्त इस्टमित्र छरछिमेकी आउँथे बस्थे खान्थे । आवश्यक परेको बेलामा सरसापट ऋण पाईन्थ्यो । अहिले त कसैले पनि वास्ता गर्दैनन् । ऋण सापट पनि पत्याउदेनन् पत्याउन पनि कसरी । आफु सँग तिर्ने बाटो कुनै छैन । कति अन्तर आएको छ हाम्रो २ वर्ष पहिला र अहिलेको जिवनमा । खेत खोलाले लगे पछि छोराहरु पनि लाखा पाखा लाए । हुन त उनिहरु सबैको आ-आफ्नो परिवार बन्यो । एकै ठाउमा बसेर पनि के खाने ।

अहिले यहाँ हामी २ जना बुढा बुढी मात्र बसेका छौ । जेठो र माइलो छोराले शिशावास मै घर बनाएर घरायसी काम गरेर बस्छन् । साइलो छोराले सानो दोकान राखेर बसेको छ । काइलो छोरा प्रहरी सेवामा छ । कान्छा छोरो बम्बैमा होटलमा खाना पकाउने काम गर्छ । हामीलाई कान्छो छोराले कहिले काहि अलिकति खर्च पठाउछ । त्यहि पुऱ्याएर खान्छौ । काम पाइयो भने बुढा बुढी दुबै मेलापात निमेक गर्न जान्छौ । नपाउँदा मैले गाँऊ तिर गएर डोको, नाम्लो बुन्छु, हलो जुवा बनाइदिन्छु । त्यसबाट आएको पैसाले हामीले आफ्नो जिवीको धान्दै आएका छौ ६६ वर्षिया बुढा मंगले कुमाल भन्छन् । 'अब त बुढो पनि भइयो  बुढीले कान सुन्दिन । काम पनि त्यति धेरै गर्न सकिदैन । हात खुट्टा चलिन्जेल त जेनतेन गुजारा गरिनथ्यो होला केही रोग विमार ले छोयो भने के गर्ने होला भन्दै पूर्पूरोमा हात राखेर निदाउरो बन्न पुग्छन् । 'बुढा कुमाल'

यस्तो प्रकारको घटना भनौ वा प्रकोपले मानिसको जिवनको हरेका पक्षमा असर पारेको उनि बताउछन् । खाने बस्ने समस्या देखि लिएर केही सोच्ने, केहि गर्ने आट, खुवी, जोश जागर पनि कमजोर हुँदो रहेछ । पहिला पहिला आफ्नो केहि हुँदा यो गर्छु त्यो गरि सके पछि फेरी अर्को काम गर्छु भन्ने मनमा कैयौ इच्छा चाहना योजना बनाइन्थ्यो । हौसला बढाईन्थ्यो । तर अहिले त केहि गर्ने कुरा सोच्न पनि मन लाग्दैन किनकी त्यो योजना पुरा हुन्छ जस्तो आफैलाई लाग्दैन सायद योजना पुरा गर्ने सामाथ्र्य हामी सँग नभएर पनि होला ।

प्रकृतिले जति सुकै क्षति पुऱ्याए पनि दुःख दिए पनि आफ्नो क्षतविक्षत भएको मनलाई सम्हालेर मंगले भन्छन् । 'प्रकृतिको देन हो कसले रोक्न सक्छ । पानीको भेल जता बाटो पायो उतै बग्यो । अव जति रोएकराए पनि जतिलाई बताए पनि त्यो खेत फर्कने होइन । अहिले खोला बगेको छ । त्यस ठाउँमा बरु सरकारले हामीलाई केहि क्षतिपूर्ति दिए अथात कहि अलिकति जगाा मिलाई दिए देखि त्यहि बसेर दुःख गरिन्थ्यो होला । बस्तु भाउ पालेर भए पनि जिवन निर्वाह गरिन्थ्यो होला । यसरी आफ्नो सर्वस्व गुमाएर बसेका पिडीत मंगले कुमाल र उनको परिवार आज एउटा सानो छाप्रोमुनि आफ्नो यि दुखीत दिनहरु विताउन बाध्य भएकाछन् ।

# २०) भविसरा आलेमगर

आज भन्दा करिब ४५ वर्ष अगाडी नवल परासीको डण्डामा जन्मिएकी भविसराको विवाह २०३३ सालमा रमेछाप जिल्लाको इन्द्रबहादुर आलेमगर सँग भएको थियो । इन्द्रबहादुरको खास घर रामेछापमा थियो । प्रशस्त जग्गा जमिन घर सब थोक थियो । तर इन्द्रबहादुरको आफ्नो आमाको मृत्यु भए पछि उनको बुबाले आर्को विवाह गरेका थिए । इन्द्रबहादुर १७-१८ वर्षमा नेपाल आर्मीमा भर्ति भए । घरमा सौतेनी आमा त्यति माया मोह नहुने हुदाँ उनि प्राय घर जादैनथे । पछि उनको सरुवा नवलपरासीको डण्डामा भयो । डण्डामा रहदा खेरी नै उनले भविसरालाई मन पराएर विवाह गरे । तर कहिल्यै पनि आफ्नो जन्मघर रामेछाप लगेनन् । त्यस पछि इन्द्रबहादुरको जहाँ जहाँ सरुवा हुन्थ्यो । भविसरालाई पनि त्यहि लग्थे । यसरी नै दिन वित्दै गयो । भविसराको छोरा छोरी पनि जन्मिए । २०३९ सालमा इन्द्रबहादुरको पेन्सन भयो । त्यसबेला आएको पैसाले घैलाघारीमा ८-९ कठ्ठा जमिन किनेर एउटा घर बनाए । उनिहरुले पहिला पहिला खेतिपाती गर्थे मेलापात जान्थे । खाने बस्ने समस्या थिएन । उनिहरु छोरा छोरी हुर्कन थाले । सबैलाई स्कुल भर्ना गरेका थिए । राम्रै सँग पढदै थिए । हामीले यि छोरा छोरीलाई भविष्यमा दुःख नपरोस भनेर दुखै गरेर भए पनि पैसा कमाएर बजार तिर घडेरी जोडने छोरा छोरीलाई राम्रो सँग पढाउने सपना देखेका थियौ । त्यसै हुनाले २०४४ सालतिर हामीले घरमा दोकान राख्यौ । भविसरा भन्दै जान्छिन् । दोकानमा समान बेच्नुको साथै होटल पनि गरेका थियौ । राम्रो आम्दानी भएको थियो । खेतिपातीले खान पुग्ने छोरा छोरी पनि पढदै थिए । सबै कुरा सुख सन्तुष्टि थियो । हाम्रो आर्थिक अवस्था राम्रो हुदै आएको थियो । घरमा आवाश्यक पर्ने सम्पूर्ण चिजहरु एक पछि आर्को गर्दै जोडदै थियौ । त्यहि समय श्रीमान एक्कासी विरामी पर्नु भयो । कमाएको पैसा उहाँ कै उपचारमा खर्च भयो तर उहाँलाई राम्रो भएन । २०५१ सालमा ४७ वर्षको उमेरमा उहाँको मृत्यु भयो । त्यसपछि मलाई झन भन्दा झन एक पछि अर्को दुःख थपिदै गयो ।

समयको उतार चढाव सँग सँगै मैले मेरो परिवार राम्रै सँग चलाउँदै गए । दुःख सुख गरेर २ छोरीको पनि विवाह गरिदिए । छोरा पनि क्याम्पस पढन थाल्यो । घरमा दोकान र होटल भएको कारण एकछिन फुर्सद हुदैनथ्यो । अब छोरा पनि हुक्यो । छोरीहरुको पनि विवाह भयो । आफ्नो घर

खेत थियो । भविष्यम केहि सुख होला की भन्ने आश लागेको थियो । राम्रो र सुखि भविष्यको कल्पना गरेकी थिए । तर के गर्ने सोचे जस्तो नहुर्दो रहेछ । छोराले आफ्नो इच्छाले विवाह गऱ्यो । नातिनी जन्मिई ।

हाम्रौ घैलाघारी गाउँ राप्ती नदीको नजिकै भएको हुँदा वर्षा लागेपछि कहिले काही सानो भेल आइरहन्थ्यो । पानीको भेल यसो बढने पछि आफै घटने हुदै र घर खेतलाई त्यति असर नपार्ने हुदाँ ठुलो बाढी लाग्दा सारा गाउँलाई नै सोहरेर तहसनहस पार्ला भन्ने सोचेको पनि थिएनौ । तर हाम्रो सोचाइ गलत हुन पुग्यो । २०५९ भदौ ६/७ गते आएको बाढीले हामीलाई बर्वाद बनाएर छोडयो । केहि बाँकी नछोडी लग्यो । वर्षाको बेला गाउँ घरमा रोपाई चलिरहेको थियो । ठुलै बाढी आउँछ भन्ने शंका पनि थिएन । वर्षाको बेलामा सिमसिम पानी आउनु खोला नाला बढनु घैलाघारीको मानिसलाई कुनै नौलो कुरा थिएन । बाढी आउँदै छ रे भन्ने कुराको हल्ला बेलुकी पख बल्ल थाहा भयो । केहि सर समान जोगाउने पट्टि पनि लागिएन बाढी साच्चै आउँछ जस्तो पनि लागेन तर प्रकृतिको खेलले हामीलाई नराम्रो  सँग झुक्कायो । बाढी आउनु थियो । आइहाल्यो । पानीको भेल आउन थाले पछि आफ्नो ज्यान बचाउनको लागी छिमेकीको घरतिर लाग्यौ । साँचो लगाएको भनेर घरलाई बाढीको भेलले कहाँ छोडथ्यो र । रातको अन्धकार सँगै बढेको पानीको भेलले कति बेला कहाँ कति लग्यो भन्ने हेर्न पनि पाइएन । चारैतिर पानीको गडगडा आवाज र मानिसहरुको चिच्चाहट र जनावर पशुपक्षिको चित्कार मात्र सुनिन्थ्यो । म छिमेकीको घरको माथी गएर बसेको थियो । रातै भरि पानी परिरहयो । कतिखेर उज्यालो होला र आफ्नो घर हेरुला भन्ने प्रतिक्षामा रात वित्यो विहान भयो । मेरो घरको निशान अझै विलाएको थिएन । मनभरी पिडा भए पनि घर त अझै बाँकी छ भनेर मन ढुक्क थियो । तर विहान भए पछि पानीको वेग झन तिब्र हुन थाल्यो । सबैको घर हेर्दा हर्दै भत्काउदै बगाउँदै लग्यो । गाई, भैसी, बाख्रा, कुखुरालाई पानीले कहिले माथि कहिले तल गर्दै लछार्दै पछार्दै बगाउँदै थियो । हामी बसेको घरलाई पनि पानीको बेगले धकेल्न थाल्यो । हामी बाँच्ने आशा नै मारेका थियौ । त्यति बेला हामी सबैको मनमा एउटै पुकार थियो । “हे भगवान हामीलाई बचाउनुस” । घरमाथी बसेर कति रोयौ कति करायौ एउटा त्यो एउटा भयानक र आपतकालीन क्षण थियो । जुनबेला हामी आफ्नो एउटा प्राण मात्र बचाउने कोशिसमा थियौ । हिजो देखिको भोक र प्यासले शिथिल भएको शरीर र सुकेको आँतलाई आकाशबाट परेको पानी अञ्जुलीमा थापेर आफ्नो घाटी भिजायौ । भोली पल्ट बेलुकी पख पानीको वेग अलि  घटयो । आफु बसेको घरको माथिबाट मैले आफ्नो घर तिर बारम्बार हेरिरहे । घरका समानहरु सबै बगाउदै लग्यो । गोठ गाई बस्तु बाखा सबै बगायो । दोकानका समान लता कपडा फ्रिजहरु सबै लग्यो । आफ्नै आँखाबाट आफैले कति मेहनत र

अथक प्रयासले जोडेको सम्पुर्ण चिज हेर्दा हेर्दै बगाउँदा म त अन्योलमा परे । अब के गर्ने कहाँ जाने के खाने कति वर्ष लगाएर जोडेको थिए । कति सपना देखेको थिए । अब त्यो अवस्थामा कहिले पुग्ने जस्ता कैयौ उत्तर विहिनका प्रश्नहरुले मेरो मन मस्तिकलाई घचघचाई रहयो । कति रोए । कति चिच्चाए तर सबैको अवस्था त्यस्तै थियो । कसलाई के भन्ने प्रकृतिले खेलेको खेल सँग कस्को के लाग्छ ? र अब सबैको जे बाटो लाग्छ । हाम्रो पनि त्यहि बाटो लाग्ला भनेर चित्त बुझाए । बेलुकी पख पानीको वेग घटेपछि डुँगा चढेर जगतपुर स्कुलको शिविरमा गयौ । ५-६ दिन त्यहि वस्यौ । विभिन्न संघ संस्थाले खानेकुरा लता कपडा र भाडाकुडा बाँडे । एक हप्ता त्यहि बसे पछि करिब २ महिना कोठा भाडामा लिएर बस्यौ । त्यस पछि मान्छे लगाएर फेरी घर निर्माण गरेर बस्न थाल्यौ । घरमा खानेकुराको अभाव भयो । आफु सँग भएको अलिअलि पैसा र मासीक रु.२०००।- पेन्सनले गरेर फेरी सानो दोकान राखे होटल चलाएर २ छाक खाने बाटो गर्न थाले त्यहि पनि घर चालाउन गाह्रो भयो । धेरै मेहनत गऱ्यो भने खान पुग्थ्यो । त्यहि हिउँदमा अनुग्रह भन्ने संस्थाले घर बनाउनका लागी टिन र पिल्लर दियो । मान्छे लगाएर फेरी राम्रो घर बनाएको थिए । हिउँद गयो । वर्षा लागेपछि फेरी बाढी आयो । त्यो बेला पनि अलि अलि समान चाँही लग्यो । त्यति क्षति भएन । त्यसपछि आज सम्म यहि सानो होटल र दोकानले जिवन निवाह गर्दै आएका छौ । बाढी लागे पछि इस्टमित्र सँग धन सापट मागेर छोरालाई विदेश पठाएको छ । छोरा मेलेशिया गएको ४-५ महिना जति भयो । राम्रै छ । बुहारी पनि रुसेक संस्थामा काम गर्ने र मेरो पेन्सन र दोकानले गर्दा घरबार जेनतेन चलेकै छ । रुसेक संस्थाले निकै सहयोग गरेको छ । अहिले भैसी बाखा पालेका छौ बदाम लगाएका छौ । खेतमा मकै राम्रै भएको छ । पहिलाको तुलनामा निकै कमजोर भएता पनि दुःख सुख गरेर जिवन निर्वाह गर्ने कोशिसमा छौ ।

कति दुःखले जोडेको आफ्नो सर्वस्व बगाएर लैजादा कस्को मन रुदैन र भन्छिन् 'भविसरा आले' । सपना र योजनालाई चकनाचुर बनाएर पानीको भेल सँगै बगे पनि फेरि बाढी आएन भने र छोराले पनि राम्रै सँग कमाइ गरेर ल्यायो भने अलि अन्तै गएर घर घडेरी किनेर वस्न सपना भने भविसराको ज्यूदै छ ।

# २१) श्रीमाया तमाङ्ग

वि.स. २००२ सालमा लम्जुङ्ग जिल्लाको एक विकट गाउँमा जन्मिएकी श्रीमाया तमाङ्गको बाल्यकाल लम्जुङ्गमा विते पनि विवाह भए पछि उनी श्रीमानको साथमा चितवन झरिन । चितवन आए पछि उनिहरु शिशावासमा एक विगाह जमिन किनेर बस्न थाले । राप्ती र नारायणी नदिको संगम स्थलबाट नजिकै पर्ने सो गाउँमा जग्गा जमिन सस्तो थियो । मेलापातमा काम पनि राम्रै पाइने त्यति धेरै मेहनत नगरे पनि अन्नबाली राम्रो हुने हुदाँ उनिहरुलाई त्यो ठाउँ खुब मन परेको थियो । श्रीमायाका श्रीमान मैदा बहादुर बाहिर काम गर्न जान्थे । श्रीमाया भन्छिन् । "श्रीमान बाहिर तिर काम गर्नु हुन्थ्यो । मैले घरमा नै खेती पाती गर्थे । राम्रो उब्जनी हुन्थ्यो । भैसी, बाखा, कुखुरा, पालेर बेच्थे । त्यसबाट पनि राम्रै आम्दानी हुन्थ्यो । घरमै अन्न प्रशस्त हुने हुदाँ खान समस्या पर्दैनथ्यो । एउटा छोरा र ४ वटी छोरी थिए । सबैलाई स्कुल भर्ना गरिदिएका थियौ । छोरा छारी हुर्कदै गए । साह्रै सुख नभए पनि हाम्रो परिवार जेनतेन चलिरहेको थियो । खासै दुःख थिएन । आम्दानीको श्रोत भनेको पनि श्रीमानको कमाई थियो । राप्ती र नारायणीको विचमा भएको आफ्नो बासस्थानले पछि खोला बढेर समस्या पार्छ की भन्ने शंका लागेको थियो । अलिकति पैसा कमाउन पाए अन्त एउटा घडेरी सम्म किन्न पाए पछि छोरा बस्ने ठाउँ हुन्थ्यो । भन्ने मनमा थियो । छारीहरु हुर्किए । उनिहरुको पालै पालो विवाह पनि भयो । घरमा हामी ३ जनामात्र भयौ । छोरा पढदा पढदै छोडेर नेपाल आर्मीमा भर्ति भयो । बुढा पनि काम गर्न नसक्ने हुनु भयो । त्यसपछि छोराले कमाएको पैसाले घर खर्च सबै टथ्यो । खाने कुरा उब्जानी आफ्नै खेतमा हुन्थ्यो ।

यसरी गरि दुःख सुख हाम्रो परिवार चलिरहेको थियो । हाम्रो जमिन नदि किनारै मा थियो । प्रत्येक वर्षामा बढेको नारायणीको पानी सँगै अलिअलि लादै गर्दा १ विगाह जमिनमा ८-९ कठ्ठा जति पहिला नै बगाइ सकेको थियो । यसरी बगाउँदा बगाउँदै एक दिन रित्तै बनाउने हो कि भनि डर त लाग्थ्यो । तर पनि आफ्नो भन्ने यति नै हो छोडेर अन्त कहाँ जाने ? बरु छोराले पनि अलि पैसा कमाए छ भने अन्तै घडेरी किन्नु पर्ला भनि सोचेका थियौ । आर्मीको जागीर अहिले देशमा चलिरहेको भयानक द्वन्दका कारण घर आउन पनि त्यति पाउँदैन । पहिले पनि कहिले कता कहिलेकता सरुवा भइरहने घरमा त्यति आउँदैनथ्यो । २०६० साल तिर श्रीमान विरामी हुनु भयो  म पनि अलि अल विरामी थिए । खेतमा धान रोपिसके पछि अलिअलि पैसा जम्मा गरेर उपचारका लागी काठमाडौ गयौ

। उपचार गर्दा पनि श्रीमानलाई ठिक भएन । त्यसपछि घर फर्केर आयौ । घर आउँदा त खेत जति सबै बगाइसकेछ । घरको सर समान छिमेकीले झिकी दिएछन् । आफु छोडेर जाँदा हरिया धानको गाँज ले टन्न भरिएको खेत फर्केर आउँदा खेरि नारायणी बगेको देख्दा त छाँगाबाट झरे झै भयो । रिगंटा चल्न थाल्यो । रोए कराए तर जेगरे पनि बगेको खेत फर्कने थिएन । साहै चिन्ता लाग्यो । श्रीमान विरामी खेत नारायणीले लगिहाल्यो । छोराको आर्मीमा जागिर घर आउँन समस्या पर्ने म एक्लै एक्लै छटपटाए । पानी घटे पछि शिसावास मै गएर बसे । पछि गा.वि.स. पछाडी खाली ठाउँमा ल्याएर राखिदीयो । अलिअलि  रासन लुगा कपडा भाडा कुडा र प्लाष्टिक को पाल दियो । दुःख गरेर त्यहि बस्दा बस्दै श्रीमानको पनि मृत्यु भयो । न आफ्नो बस्ने बास छ न खाने गाँस छ त्यस्तो वेलामा फेरी अरु आपत आइलाग्दा त जिन्दगी देखि नै दिक्दार लागेर आयो । जे जस्तो आपत विपत परे पनि मन बुझाएर बस्न पर्ने रहेछ भन्दै आशु झार्छिन । 'श्रीमाया' आजकल उनि कहिले छोरीको घर तिर गएर आफ्नो उराठ लाग्दो जिन्दगीको २-४ दिन काट्छिन् । कहिले यहि आफ्नो झुपडीमा आएर बस्छिन् । दुखियालाई दुःख माथी दुखै थपिदो रहेछ । भन्ने श्रीमाया यो सब घटनाको जिम्बेवारी आफ्नै भाग्यलाई दिन्छीन् । अहिले यति दुःख पाउन लेखेको रहेछ र यो कति दुःखले खाई नखाई गरेर कति पसिना बगाएर जोडेको जमिन नदिले बगायो । उनि अब के छ र बाँच्ने बाटो भन्छिन् ।

आजकल उनि सकेको दिन मेलापात जान्छिन । त्यहि मेलापात पनि कहिले पाइन्छ । कहिले पाइदैन । बुढेसकालमा सुखले बसौला भनेर सोचेकी श्रीमाया यसरी एक पछि अर्को गर्दै जिवनमा दुःख थपिदै गए पछि आफ्नै जिवन सँग रुष्ट भएकी छन । आजकल उनलाई केहि गर्न जाँगर लाग्दैन । केहि गर्ने र सोच्नै आँट छैन, खुबी छैन र इच्छा पनि छैन जिन्दगी सँग हार मानिसकेकी श्रीमाया सरकारले क्षतिपूर्ति दिन्छकी भन्ने आशामा बाँचेकी छन् । काम हुन्छ हुन्छ भन्छ तर कहिले हो कहिले भनेर आत्तिने श्रीमाया चाडै नै दिएत सानो घर घडेरी किनेर ढुक्क सँग बस्न हुन्थ्यो भन्दै आफ्नो व्याथा पोख्छिन् ।

# २२) सोनेलाल कुमाल

सोनेलाल कुमालका श्रीमान श्रीमति आजकल तेलौली को शिशौघारी नजिकको खाली जमिनमा सानो झुपडि बनाएर आफ्नो जिन्दगीको उतारार्द्ध.लाई कष्ट र रोदन को साथमा विताइरहेका छन् । उनीहरु आफ्नो इच्छाले यहाँ आएका होइनन् । ४ वटा छोरा छोरी भैसकेका यि बुढाबुढी आज यो बुढेसकालमा अनेक दुःख झेलेर आफ्नो जिवन काटदैछन् । मानौ कि यि दुई बृद्धलाई कुनै गल्तीको सजाय दिइएको हो । वि.स. २००१ सालमा पश्चिम चितवनको मेघौली २ शिसावास जन्मिएका सोनेलाल ले चाहेर शिसावास छोडेका थिएनन् । सोनेलालको जिवनको लगभग ६० वर्ष शिसावास मै वितेको थियो । उनले विवाह पनि त्यहि शिसावास नै गरे उनिहरुको लगभग ४ विगाह जति जमिन थियो । दुई ठुला नदी राप्ती र नारायणीको संगम स्थल नजिक पर्ने त्यो सुन्दर गाउँ शिसावासमा सोनेलालको परिवारको पनि सानो हिस्सा थियो । सोनेलालको जिवनको झण्डै छ वसन्त सम्म आफ्नो पसिना बगाएको त्यो धर्ति आज समय नारायणी ले बगाएर लग्यो ।

नारायणी नदिले सोनेलालको खेत  बगाउनु अगाडी उनिहरुको आर्थिक अवस्था धेरै राम्रो थियो । ४ विगाह जग्गामा उब्जिएको अन्नले सोनेलालको परिवारलाई खान लाउन प्रशस्त पुग्थ्यो । उमेर छदाँ सोलेलाल पनि खुब मेहनत गर्थे । आफ्नै जमिनमा बाहेक अन्त गएर काम गर्न त्यति आवाश्यक पनि थिएन । उनिहरुलाई । छोरा छोरी हुर्कि सकेका थिए । तर सोनेलालका छोरा छोरी पढेलेखेका थिएनन् । धेरै जग्गा जमिन भएका कारण उनि सोच्दथे कि छोराहरु पछि पनि खेतिपाती नै गर्लान । पछि छोराहरुको पनि विवाह भयो । हाम्रो आर्थिक अवस्था राम्रै थियो । यहि जमिनामा मेहनत गरेर अझ राम्रो बनाएका थिए ।

हाम्रो दिनहरु खुशी र आनन्द सँग वित्दै थियो । तर अचानक समयको परिर्वतन सँगै हाम्रो जिवनमा पनि नराम्रो परिवर्तन हुन थाल्यो । छोराको विवाह भए पछि छुट्टीने भन्न थाले र मैले पनि २ छोरालाई छुट्टाएर आफ्नो भागमा १ विगाह जति जमिन राखेको थिए । जमिनको छेउ मै बग्ने नारायणी नदि वर्षा याममा बढेर मेरो जमिनको अलिअलि भाग कटान गरेर लगेको थियो । तर २०६० साल श्रावणमा बढेको नारायणीको भेलले सबै जमिन एकै पटकममा सोहरेर लग्यो । खेतभरी धान हरियो भएको थियो । कति सपना साँचेका थियौ । हामीले त्यो खेतलाई हेरेर । बुढेसकालमा त्यो खेत

सँगै हाम्रो जिवनको  भविष्य जोडिएको थियो । तर हाम्रो सपना अधुरै रहयो अथवा जमिन सँगै हाम्रो सपना र बाँच्ने आधारलाई पनि बगाएर लग्यो । त्यसपछि हामी रित्तो भयौ । आफ्नो जग्गा जमिन नभए पछि अब कहाँ जाने के खाने जस्तो समस्याले हर समय पिरोल्न थाल्यो । मेरो भागको जमिन बगाइहाल्यो । त्यसपछि अन्त कहाँ जाने त आफ्नो छोरा हुदाँ हुदै भनेर छोराको घरमै बस्न थाल्यौ । तर छोराहरुको परिवार पनि धेरै नै भएकोले होला हामी पनि थपिदा उनिहरुलाई धेरै परिवार चलाउन गाह्रो भए जस्तो गरे । बचन लाए । आफुले जन्म दिने छोरा छोरीले नराम्रो गरेको कसले सहेर बस्न सक्छ र । कति दुःख गरेर जन्माए र खाई नखाई गरेर हुर्काएको छोरा छोरीले पनि नहेरे पछि हामी यहि तेलौलीको शिशौघारीमा आएरपाल टागेर बस्न थाल्यौ । खानेकुरा केहि भएन शुरु शुरुमा त विभिन्न संस्था र रेडक्रसले सहयोग गरेको थियो । आजकल त साह्रै दुःख भएको छ । खेत बगाइहाल्यो । मान्छेले यस्तो दुःख दिइएको भए कति झगडा मारपिट गरिन्थ्यो होला । तर प्रकृतिले नै यस्तो गरे पछि कसलाई के भन्नु आफ्नो मनलाई आफैले सम्हाल्न पर्नेरहेछ । बस्नु पर्ने रहेछ । समय र परिस्थिति सँग यो गरौला त्यो गरौला भनेर साचेको हाम्रो कैयौ सपना सपना मै सिमित रह्यो । आजकल त केहि गर्ने आँट पनि आउँदैन । बुढाबुढी नै भएर दिन भरी मेलापात ज्यालामजदुरी गर्न जान्छौ । ज्याला मजदुरीबाट आएको पैसाले हामी दुई बुढाबुढीको जिवन निर्वाह भएको छ । कहिले काही नसक्दा छोराको घर माग्नु जान्छु सकेसम्म आफै काम गर्छौ । अहिले पर गाउँ तिर अदिया खेत लिएको छु । मलजल राम्रो सँग नहुदाँ खेती पनि त्यति राम्रो भएको छैन । कहिले काही माछा मारेर पनि निर्वाह गरेको छु ।

जिन्दगीको लामो यात्रामा ठुलो ठक्कर खाएका यी दुइ वृद्ध सरकारले केहि क्षतिपुत्ति दिए त त्यहि जमिन किनेर बस्न हुन्थ्यो । आफ्नो ज्याथा अलिअलि भए त आफन्तले पनि हेर्थे होला । आफ्नो जमिन बगाइहाल्यो । सरकारले जमिन दियो भने त्यसैमा खेती गरेर बस्ने विचार गरेका छन् । उनिहरुले सरकारले क्षतिपूर्ति दिन्छ रे भनेको सुनेका सम्म छन् तर कहिले कसरी दिन्छ त्यो चाँही उनिहरुलाई थाहा छैन । केवल आशै आशामा  नजानिदों सपना सजाएर सोनेलाल बसिरहेकछन् ।

## २३) समि कुमाल

वि.स. १९९६ सालमा पुर्वि चितवनमा जन्मेकी समि कुमालको विवाह १४-१५ वर्षको उमेरमा लुरे कुमाल सँग भएको थियो । लुरे कुमालको आफ्नो धन सम्पति केहि नभएकै कारण साहुको घरमा हलि गोठालो गरेर बसेका थिए । विवाह भैसकेपछि पनि यी दुवै श्रीमान श्रीमती साहुकै घरमा काम गर्न थाले । दिन वित्दै गयो । साहुको घर काम गर्दा सधै मेलापात गर्दा कहिल्यै फुर्सद नहुने यिनीहरुलाई कहिले काही फुर्सदमा सोच्ने गर्थे । थोरै भए पनि आफ्नो जमिन र सानो घर बनाउन पाए र आफ्नै घरमा बसेर मेहनत गर्न पाए जिवन कति आनन्दमयी बन्थ्यो होला । भन्दा भन्दै सोचेको कुरा कहाँ पुग्छ र । समय वित्दै गयो । यिनीहरु साहुको नै काम गर्दै गए । पछि एकपछि आर्को गर्दै छोरा छोरी जन्मन थाले । परिवार बढदै गयो । परिवारका अनगिन्ती आवाश्यकताहरु बढदै गए । ति आवाश्यकता पुरा गर्न गोठालोको कमाइबाट त्यो अत्यन्त असम्भव कुरा थियो । केहि समय पछि उनिहरुले पश्चिम चितवनको मेघौली तिर जग्गा फाडेर बस्न पाइन्छ भन्ने सुनेर उनिहरु शिसावास तिर आए । कडा मेहनतका साथरात दिन गरेर करिब १ डेढ विगाह जति जमिन ओगटे र सानो घर पनि बनाए । थोरै भए पनि आफ्नो जमिन होस सानो भए पनि आफ्नो घर होस् । भनि आफ्नो चाहना अथवा देखेको सपना पुरा हुदाँ उनिहरु असाध्यै खुशी भएका थिए । मलजल गरेर खेती गर्न थाले । खेतीपातीबाट राम्रो उब्जनी हुनथाल्यो । उनिहरुलाई पहिला जस्तो खानको दु:ख भएन । शिसावास दुई नदि नारायणी र राप्तीको संगमस्थल नजिकै पर्ने हुदाँ कहिले काही नदिको माछा मारेर पनि बेच्ने गर्थे । पारिवारीक अवस्था राम्रो हुदै गयो । ४ छोरा र ३ छोरी गरेर साल जना छोराछोरी भएका थिए । त्यहाँको त्यो बेलाको अशिक्षा र अज्ञानताले गर्दा कुमालका छोरा छोरी पनि पढेनन् । हुनत २-३ जनाले एक दुई कक्षा पढेका पनि थिए । छोरा छोरी पढाउने र ठुलो मान्छे बनाउने ज्ञान पनि भएन । छोरा छोरी पनि घरैमा काम गर्थे । खेतबाट उब्जेको अन्नले प्रशस्त खान पुगेपनि कहिले काही मेलापात पनि जान्थे । छोरा छोरी बढेपछि विवाह पनि गरिदिए । कुमाल बुढाको सपना थियो कि छोरा छोरीलाई अन्त कतै सानो घडेरी जोडिदिन पाए यहाँ खोला लागे पनि बस्ने ठाउँत हुन्थ्यो । तर पुरा गर्न सकेका थिएनन् । आफ्नो खेत नदिकै आडमा भएकोले खेत नदिको पानीले कटान गदै

थियो । हरेक वर्षायाममा नदि बढेर अलिअलि गर्दै खेत बगाएर करिब  आधा बनाई सकेको थियो । मनमा त्रास छाएको थियो । सबै जमिन नदिले कट्ान गर्ने हो कि भनेर ? तर जति जे भए पनि आफ्नो भएको त्यति नै हुदाँ त्यहि बस्न बाध्य भयौ भन्छिन् । 'समि कुमाल'

समय वित्दै जाने क्रममा एक दिन लुरे कुमाललाई पनि रोगले आक्रमण गर्‍यो । र उपचार गर्दा गर्दै उनको वृद्ध अवस्थामा र जिन्दगी भर कामै काम गरेर वितेको दुःखी जिवनको मृत्यु पनि भयो । समि कुमाललाई साह्रै ठुलो चोट परेको थियो । त्यस माथि अब घरको सर्म्पुण जिम्मेवारी उनिमाथी आइपर्‍यो । तर पनि आफ्नो परिवार सम्हालेरर बसेकी थिइन । परिवार ठुलो हुदैगयो । खेत नदिले कटान गरेर घटदै गयो । तर जेन तेन परिवार चलेकै थियो । तर अकस्मात २०६० सालमा वर्षामा उनको बाकी रहेको सम्पुर्ण खेत नदिले लगिदियो । श्रावणको १५-१६ गते बेलुकी पख अन्नाधुन्न पानी पर्‍यो । आफ्नो गाउँको दुवै छेउबाट दुवै नदि उर्लेर बग्न थाल्यो । त्यहि रात हाम्रो खेत सबै बगायो भन्छिन् समि कुमाल । घरका समानहरु त जोगाइयो । तर कमाउने खाने र संचितधन नभएको कारण धेरै र सर समान केहि बगाउन पाएन ।

बल्लतल्ल बालक काल देखि आज सम्म देखेको सपना र जोडेको खेत पानीले बगाउदै नदिमा मिसिए पछि समिको मन नै उदास भएर आयो । सिङ्गो आकाश खसेर थिचेको जस्तो आभास भयो । उनलाई उनी अलमल्ल परिन । अब यति ठुलो परिवार कहाँ लगेर पाल्ने के खाने भन्ने चिन्ताले साह्रै सतायो । आपत कालिन अवस्थामा उनको मनमा उव्जेका तरङ्गहले उनलाई इन्तु न चिन्तु बनाइदियो । त्यो रात छिमेकीको पिडीमा विताइन समिले । भोली पल्ट विहान उज्यालो त भयो । तर समिको मनमा भने उज्यालोको आभास भएन । उनको मन मष्तिकमा आफ्नो परिवारको अन्धकार भविष्य छाएको थियो । त्यस पछि तेलौलीको सिसौघारीको नजिकै खाली जमिनमा लगेर उनिहरुलाई राखीयो । उनिहरु त्यहाँ रेडक्रसले दिएको पाल टागेर बस्न थाले । केहि समय विभिन्न संघ संस्थाले रासन लताकपडा दिएर सहयोग गरे । छोराहरु सबै जना लाखापाखा भए । घरमा म एक्लै भए । छोराहरुले कहिले काही अलिअलि खर्च दिन्छन् । उनि सँग अहिले केहि छैन । जिन्दगीको ६५ औ वर्षमा हिडीरहेकी समि आज धेरै कठिन र उराठलाग्दो मोडमा छन् । उनले देखेका सपना र कल्पनाहरु नदिको छाल सँगै बगेर विलाए पनि आजकल पनि मेलापातमा धाउने समि आफ्नो भाग्यले नै गर्दा दुःख पाएको भन्छिन् । उनि सम्झन्छिन् छोराहरुलाई राम्रो ठाउँम बस्ने व्यवस्था पहिला नै गरिदिएको भए अथवा खेत नदिले नलगेको भए आज उनिहरुले पनि हेर्थे होलान । उनलाई प्रकृतिको घातक प्रहारको बुढेसकालमा एक्लो बनाइदिएको छ। रित्तो बनाइदिएको छ । आज पनि आफ्नो मेहनत र

पसिना बगाएर जोडेको जमिन झलझली सम्झन्छिन् । त्यो सम्झनाले सधै भरी उनलाई विचलित बनाएको छ ।

हिजो आज तेलौलीको सिसौघारी नजिकै सानो झप्रो बनाएर बसेकी समिलाई रातभरी जंगली जनावरले सताउने कुरा बताउछिन् । प्लाष्टिकले छाएको घर प्लाष्टिक च्यातिएर सुत्दा खेरी सारा आकाश देखिन्छ । पानी चुहिन्छ । घामको लागी पनि राम्रो छेकवार छैन । त्यहाँ बस्न थालेको पनि डेढ दुई वर्ष भयो काम गरेको दिनमा पेटभरी खाने कुमाल्नी बुढी कहिलेकाही भोकै पनि सुतेकी छन् । बुढो भएको कारण काम पाउँन पनि गाह्रो छ उनलाई  सबै थोक किनेर खानु पर्छ तर पैसा हुदैन भन्दै आफ्नो मनको व्यथा पोख्छिन । कुनै संस्थाले हेरिदिन्छ कि कतै कहि क्षतिपूर्ति पाइन्छ कि भन्ने आशमा जिवित छु । बुढेसकालमा हाट, खुट्टा, जिउ दुखेर कहिले काही आपत पर्ने समिलाई बाचुन्जेल के गर्ने होला भन्ने सुर्ताले रात भरि निन्द्रा लाग्दैन । उनको सपना केहि छैन । तर पनि बाचुन्जेल दुई गाँस खान कसरी जुटाउने भन्ने सोचिरहन्छिन् ।

# २४) जित बहादुर प्रजा

हेर्दै खेरि उराठलाग्दो र दया लाग्दो परिवेशमा देखिने जित बहादुर प्रजाको परिवार आज भोली मनहरीको एक बगरमा आफ्नो जिवनको गन्तव्यलाई निरन्तरता दिदैछन् । यसो हेर्दा  पनि उनिहरुमा कुनै इच्छा, चाहना, रहर र कल्पना अनि आँट जोश र जागँर देखिदैन । ३ वटा छोरा छोरीका बुबा यि जित बहादुरको उमेर बल्ल ३५ वर्षको छ । यिनीहरुको परिवारमा बाहिरबाट सरसर्ति हेर्दा पनि असाध्यै दुःखको स्वरुप स्पष्ट रुपमा अवलोकन गर्न जोकोहीले पनि सजिलै  सक्छ । ठाँऊमा च्यतिएका लुगा जिङग्रीङग परेको कैलो कपाल र शरिर देखिने यि प्रजा परिवारको लागी फेर्ने अर्को कुनै लुगा छैन । छोरा छोरी कोही नांगै छन् त कोहीलाई भोटो सम्म पुगेको छ । यि बच्चाहरुको अनुहारमा उनिहरुको दुखमय भविष्य प्रस्ट देखिन्छ । जसले बालक अवस्थामै पेट भरि दुध सम्म खान नपाएर रोएकाछन् । उनिहरु सँग आज खानेकुराको नाममा एक गेडा अन्न छैन । प्रकोप पिडित जितबहादुर प्रजाको जन्म २०२७ सालमा मकवानपुरको राक्सीराङ्ग गा.वि.स. मा भएको थियो । पहाडी इलाका र लेकको छेउछाउमा बस्ने बनजङ्गलबाट गिठा, भ्याकुर, साग, सिस्नु खोजेर छक टार्ने किसिमको जातिय परम्परा भए पनि जित बहादुरको आफ्नो गाउँमा रोपनी बारी थियो । सानो घर थियो । गँहु मकै प्रशस्त हुन्थ्यो । प्रजाको परिवारलाई ८-९ महिना घर मै उब्जेको अन्नले खान पुग्थ्यो । २-३ महिना ज्यालादारी गरेर खानुपर्थ्यो । गाउँमा छँदा ज्यालादारी काम पनि प्रशस्त पाइन्थ्यो । जित बहादुरका छोरा छोरी भर्खर जन्मेका भनौ या सानै थिए । सानो परिवार भएकै कारण खान लगाउने दुःख थिएन । यसरी नै आज भन्दा ३ वर्ष अगाडी जित बहादुरको परिवारको जिवन चलिरहेको थियो । त्यस समय उनिहरु सँग जे थियो त्यो नै उनिहरुको लागी प्रशस्त थियो । पूर्ण रुपमा सन्तुष्टि थिए । उनिहरुको कसै सँग केहि गुनासो थिएन ।

परिवर्तनशिल स्वभावको समय आफ्नै गतिमा बदलिदै गयो । यहि समयले यो सोझो र निर्दोष जितबहादुरको परिवारीक जिवनमा नराम्रो कोल्टे फेरिदियो । प्रकृतिले जितबहादुरको सिङ्गो

जिवन सँग छलकपट गऱ्यो । दुःख सुख सँग चलिरहेको जिवनलाई कहिल्यै उठन नसक्ने गरि पछारीदियो । हो त्यो दिन त्यो रात जुन बेला वर्षे झरीमा प्रजा आफ्नो सानो परिवारका सदस्यलाई नाङगै र भोकै एउटा घनघोर जङ्गल सम्म पुऱ्याएर बचाएका थिए । त्यस भन्दा बाँकी रहेको जित बहादुरको सम्पति पैह्रोले लगेको थियो । त्यो भयानक अवस्थाको सिर्जना गर्ने त्यो समय अनि प्रकृति सँग यि निर्दोष सोझो जित बहादुर निकै क्रोधित देखिन्छन् । उनि भन्छिन् "२०५९ श्रावणको महिना थियो ३-४ गतेबाट नै आकाशबाट निरन्तर रुपमा ठुलो खोलाहरुमा पानी बढदै थियो । हाम्रो घर अलिमाथि डाँडाको फेदिमा थियो । आकाश पनि अध्यारो देखिन्थ्यो । बारीभरी मकै रोपेको थियो । वर्ष भरि खाने खेति थन्काउनै पाएको थिएन । ४-५ दिन सम्म लगातार रुपमा पानी परेपछि खोलाको पानीले पहाडको फेद गलेछ क्यारे ? हाम्रो घरको छेउछाउ तिर डाँडा भत्किदै खस्न थाल्यो । साँझ साँझको बेला थियो । रातमा यहि बस्यौ भने त्यो पहाड खसेर पुर्ने पो हो कि भनेर अलि तल छिमेकीको घरमा आएर बस्यौ । रातभरी चिन्ता लागिरहयो । के भयो होला कसो भयो होला भन्ने पिरमा रात काटियो । आकाशबाट पानी एक नासले वर्षिरहेको थियो । विहानको झिसमिसे मै हतार हतार आफ्नो घर तिर जान निक्लिए । घर भएको ठाउँ तिर हेरे तर त्यहाँ पैरो खसेर मेरो घरवारी कहाँ नेर थियो भन्ने सम्म पनि मैले पत्ता लगाउन सकिन । बाढी र पैरोले त्यता जानै नसकेपछि फर्केर फेरी त्यहि छिमेकीको घरमा आए । त्यहि घरमा पनि खोला पस्न आटे पछि हामी छोरा छोरी बोकेर त्यहाँबाट पनि भाग्यौ । प्रकृतिले सके सम्म खेदि रहयो । उसको शक्तिले भ्याएसम्म दुःख दिइरहयो । हाम्रो भएको सर्वस्व र मेरो परिवारको प्राण बचाउने एउटै आधारलाई पहिल्यै खोसिसकेको थियो । २ वटा स-साना बच्चालाई बोकेर मेरी गर्भवती श्रीमतीलाई हातले समातेर बल्लतल्ल जंङ्गलको नजिक पुऱ्याए त्यहाँ पनि पैरो नै खसेको थियो । आकाशबाट परेको पानीले हामी सबै नित्रुक्क भिजेर थरथर काम्दै थियौ । घरिघरि एक मनले सोच्नपुग्थ्यौ । भगवानले किन यति साह्रो दुःख दिएको होला है हामीलाई । किन हेर्दैनन् भगवानले यो टिठ लाग्दो अवस्थामा अर्को मन सोच्थ्यो भाग्यमा यस्तै दुःख भोग्नु लेखेर होला मनले सोच्न नभ्याउदै छोरा छोरी रोएको दयनिय आवाजले मलाई झकाइदिन्थ्यो । त्यो दिन त्यतिकै वित्यो छोरा छोरी भोकले रुन थाले । रुखको फेदमा परिवारलाई राखेर आकाशबाट परेको पानीलाई सालको पातमा थापेर थोपा थोपा गर्दै बालक छोरा छोरीको मुख भिजाई दिए । कति रोयौ कति करायौ केहि लागेन । त्यो रात त्यहि बसे पछि भोलीपल्ट बल्ल विभिन्न सहयोगी संस्थाले मनहरीको स्कुलमा ल्याइदियो । त्यहाँ आएपछि खानेकुरा दिए लुगा कपडा र भाडाकुडा दिए । हामीलाई त्यसले ठुलो राहत भयो । हामीलाई त्यसपछि बल्ल दोस्रो जिन्दगी पाएको जस्तो लाग्यो । तर हाम्रो दुःख त हामी सँगै थियो । अब कहाँ जाने के खाने कहाँ

बस्ने भन्ने चिन्ताले असाध्यै सताउन थाल्यो । दुःख सुख गरेर अरुले दिएको रासन खाएर १०-१२ दिन बसे पछि अलि पर पर साहुको घरमा काम गरेर बस्न थाले । त्यस पछि जता जता काम पाइन्छ त्यतै त्यतै हिडदै यहाँ बस्तिपुरमा आइपुरियो ।

जित बहादुरको परिवार बस्तीपुर आएको पनि आज झण्डै २ वर्ष हुनै लाग्यो । तर उनिहरुको जिवनले कहिल्यै सुखको अनुभव गर्न पाएनन् । एक दुइवटा थाल र एउटा पकाउने भाडो र पानी खाने ग्यालेन बाहेक केहि छैन जित बहादुरको सम्पति । अहिले उनका छोरा छोरी ३ वटा भएकाछन् । जसलाई भोकमा खान आज पनि पुगेको छैन । जित बहादुरकी श्रीमतीलाई त्यही बच्चा स्याहार्दैमा ठिक हुन्छ । जित बहादुर काम पाएको दिन टाढा टाढा पुगेर पनि काम गरेर खाने कुरा ल्याउँछन् । काम नपाउँदा दिनभरी जङ्गल घुमेर गिठा भ्याकुर कन्दमुल साग सिस्नु खोजेर ल्याउनछन् र त्यसैले छाक टार्छन । उनिहरुको कुनै सुनिश्चित भविष्य छैन । उनिहरुलाई हेर्दा यस्तो लाग्छ कि उनीहरुको मनमा कुनै इच्छा नै उब्जदैन अथवा उनिहरुलाई जिवन प्रति त्यति माया मोह उत्साह नै छैन । हेर्दा खेरी असाध्यै सोझा र माया लाग्दो देखिने यि प्रजाका परिवार मध्ये कसैको मनमा कुनै सुखमय भविष्यको कल्पना सम्म पनि छैन । किनकी त्यो दिन आफ्नो जिवनमा आउला भन्ने नै लाग्दैन उनिहरुलाई । ज्याला निमेक गर्न नपाउदा र कहिले काहि दुःख विमार पर्दा कैयौ छाक खान नपाएर भोकै सुत्नुपरेको थुप्रै अनुभव छ यिनीहरुको जिवनमा । उनिहरु वर्षालाय पछि यहि बास पनि हराउँछ भन्ने त्रासमा बसेका छन् । उनिहरुलाई कहाँ गएर जिवन काटने भन्ने कल्पना सम्म पनि छैन । आफ्नो यसरी दुखै दुखमा व्यथित हुदै आएको जिवन प्रति उनिहरु दिक्क भएर भन्छन् जिउले सकुन्जेल गरेर खाने हो नसके कहाँ जाने के खाने ठेगाना नै छैन ।

## २५) राम कुमार मुक्तान

समय र परिस्थितिले मानिसलाई कहाँबाट कहाँ पुऱ्याउछ भन्ने कुराको कुनै ठेगाना नहुदो रहेछ । आफु जन्मेको हुर्केको ठाउँ मानिसले कोहीले रहर ले छोडनछन् त कोही बाध्यताले । सजिव प्राणी भएको नाताले खुट्टा टेक्न र शिर ओत्न सानो टुक्रा धर्ति सानो झुपडिको आवाश्यकता पर्दछ । जब त्यो नै हुदैन भने मानिस कसरी स्थिर भएर बस्न सक्छ । आज कैयौ मानिसले आफ्नो सम्पुर्ण सम्पति गुमाएर एक उराठलाग्दो खोलाको बगरमा सिङ्गो जिन्दगी विताइरहेका यस्तो जिन्दगी विताइरहेको अवस्थामा अथवा यो आपतमा कस्को मन दुखेको हुदैन र ? एउटा बस्ने बाँस सम्म नभएका मध्य एक रामकुमार मुक्तान पनि आज ३ वर्ष देखि यस्तै बगर बगरमा भौतारिदै हिडेकाछन् । समय र परिस्थिति र निर्दयी र प्रकृतिले उहाँलाई आज यो अवस्थामा पुऱ्याइदिएको छ ।

राम कुमार मुक्तान आजभन्दा ४३ वर्ष पहिला वि.स. २०१७ सालमा मकवानपुर जिल्लाको राक्सीराङ्ग गा.वि.स. मा जन्मेका थिए । उनको त्यस गाउँमा प्रशस्त जग्गा जमिन गोठ भरि गाई बस्तु थिए । खेतिपाती कै भरमा जिवनचर्या वितिरहेको थियो । राम कुमारको १७-१८ वर्षमा विहे भएको थियो । ५ छोरा र ३ छोरी थिए । जसमा जेठो छोरो २२ वर्षको छ भने कान्छो ६ वर्षको राक्सीराङ्ग एक पहाडी गाउँ भए पनि खेतिपाती गर्न र बस्तु भाउँ पालेर जिवीको निर्वाह गर्न अति नै सजिलो थियो । रामकुमारको १ विगाह जति पाखोबारी १० कट्ठा जति धान फल्ने खेत थियो । अन्नपात राम्ररी उब्जन्थ्यो । रामकुमारको परिवारलाई खासै दुःख थिएन । छोरा छोरीलाई पढाउन स्कुल भर्ना गरेका थिए । छोरा छोरी पनि राम्रै सँग पढदै थिए । रामकुमारका बुढाबुढी मिलेर खेतमा काम गर्थे । उनिहरुलाई दुइछाक खान दुःख थिएन । घरबार राम्रै सँग चलेको थियो । दिन वित्दै गयो । रामकुमारको छोराहरु ठुला भए । स्कुलमा पढदा पढदै त्यो ठाउँको परिवेश र देशको भयानक राजनैतिक द्धन्द्धका कारण उनिहरुलाई पनि राजनैतिक पार्टीमा काम गर्नु पर्छ भनेर ने.क.पा. माओवादीका कार्यकर्ताले भन्नथाले त्यसपछि उनका २-३ भाई छोरा पढाई छोडेर शहर तिर आएर आफ्नो जिवीको पार्जन गर्नको लागी कुल्ली काम गर्न थाले त्यसपछि रामकुमारले गाउँमा बस्न

समस्या होला जस्तो लागेर बरु गाउँको खेत बेचेर अलि शहरको छेउ छाउमा घडेरी किनेर बस्ने विचार गरेका थिए ।

यसरी नै रामकुमारको पारीवारीक जिवन अगाडिबढदै थियो । अर्थात जिवन अगाडि बढदैथियो । तर २०५९ साल श्रावण महिनामा आएको बाढी र पैरोले आफ्नै तालमा अगाडि बढिरहेको राम कुमारको पाइलालाई ढप्प रोकिदियो । त्यस बाढी पैरोले उनको जिवनको सुख खोसिदियो । परिवारलाई लथालिङ्ग बनाइदियो । पैरोले खेतबारी मात्र नपुरेर उनको इच्छा चाहना पनि पुरिदियो । उनि भन्छन् । त्यो वर्षातको दिन आकाशबाट निरन्तर पानी परिरहेको थियो । कहिल्यै त्यति ठुलो भएर नफैलिने खोला फराकिलो भएर पानीको वेग सँगै हाम्रो खेत तर्फ पस्यो । वारी भरि पाकेको मकै आधा मात्र थन्काएको थिए । आधा बाँकी नै थियो । एकतमासले आकाशबाट पानी वर्षिरहयो । हामी के गरौ र कसो गरौ भनि अलमल्ल परेका थियौ । ४ गते देखि परेको पानि नरोकिन  परे पछि खोलाको पानी बढ्यो र पछि वरिपरिका डाँडाँहरु भासिन थाले । हामी परिवार ज्यान बचाउन तिर लाग्यौ । अलिपर खोला पैरोले नभेटने ठाउँमा गएर बस्यौ । झमक्क साँझ पऱ्यो । पानी झन द्रर्कदै थियो । जति रातको अन्धकार छिपिदै जान्थ्यो त्यतिनै पानी बढदै गयो । हामी रातै भरी निदाएनौ मनमा अनेक त्रास र तरङ्गले खलबल मच्चाइ रहयो । हामी विहानको प्रतिक्षामा बस्यौ । बल्लतल्ल त्यो कालो रात सकिएर विहान को मिरमिरे उज्यालो भयो । आकाशबाट पानी पर्न अलि कम भयो । मैले परिवार त्यहि छोडेर आफ्नो घर खेत भए तिर दगुरे । तर दुःखको कुरा खेतमा खोला बगेको रहेछ । घर सबै पैरोले पुरेछ । बारी अलिकति बाकी रहेछ । त्यो देखेर मनमा साह्है छटपटि भयो । आँखाबाट एक नासले आशु वर्षिरहयो । के गरु कसो गँरु र अब कहाँ जाने भन्ने जस्ता कुराहरुले मलाई त्यहि पिरोल्न थाल्यो । ओहो यत्रो परिवार छ बस्ने र बाच्ने आधारलाई खोला  र पैह्रोले लागिहाल्यो । अब फेरी कसरी नयाँ संसार सिर्जना गर्ने भनेर मन साह्रै आतियो । बाढी र पैह्रोको भयानक दृश्य हेरेर अलमल्ल परियो त्यो दिन । हिजो देखिको भोको पेटमा खाने कुराको कुनै बन्दोवस्त थिएन । त्यो दिन त्यतिकै भयो । भोली पल्ट विहान बल्ल विभिन्न संघ संस्थाको सहयोगमा मनहरी आइपुग्यो । मनहरीको एउटा स्कुलमा पुगे पछि हामीलाई खाने कुरा र लताकपडा को व्यवस्था भयो । आफ्नो भन्ने जे जति गुमाए पनि जति चोट र पिडा परे पनि आफ्नो मनलाई आफैले सम्हालेर विभिन्न सहयोगी संस्थाहरुले दिएको चिउरा बडेर खायौ । र त्यहि बस्यौ । केहि समयको लागी त रासन दिएको थियो । करिब १०-१२ दिन त्यहाँ बसेपछि प्याङचे भन्ने ठाउँमा आइयो । खाने कुरा केहि थिएन । काम पनि त्यति नपाउने मेलापात गएर आएको पैसाले जिवीका धानेर बस्यौ । त्यस पछि त छोराहरु पनि लाखापाखा लाए । जेठो छोरो पहिला कै  ठाउँमा बसेर काम गर्न थाल्यो । माइलो

छोराले ढुङ्गा बोक्ने काम गर्न थाल्यो । पछि ०५९ साल चैत्र मा यहि नयाँवस्तीको बगरमा आएर बसियो । मेलापात गरेर कहिले दाउरा बेचेर कहिले गाउँतिर गएर अन्न ल्याएर २ छाक टार्दै आएका थियौ । उराठ लाग्दो बगरमा वर्षाको झरी चैत्र, बैशाखको चर्को घाम र पुष, माघको जाडो सँग जुध्दै आफ्नो जिन्दगीको बाटोहरु अगाडि बढाउदै थियौ । बाढी पैरो लागेपछि त छोरा छोरी को पढाई पनि छुट्यो । न त हामी सँग फेरी पढाउने आर्थिक अवस्था नै बाँकी रहयो । स्कुल पनि टाढा भयो । ठुलो परिवार कमाएर खाने भए पछि निकै गाह्रो भएको थियो । छोरा छोरीको विवाह गर्ने बेला भएको थियो । दुःख मेलापात जङ्गल घाँस दाउरा गरेर २ छाक मुस्कीलले धान्दै फेरि अगाडि बढदै थियो । प्रकृतिले गरेको घातले दुखिरहेको रामकुमारको मन मुटुमा फेरी अर्को प्रतिघात ले थपियो । २० वर्षकी उमेर पुगेकी छोरी एक्कासी २०६१ पुष ४ गते घरबाट हराई । घरबाट अलि माथि साथीको मा जान्छु भनि निस्केकी छोरी आज सम्म नफर्कदा कसैले बेचेर खाएको अडकल काटछन् रामकुमार ।

यसरी समयको उतार चढाप सँगै राम कुमारको जिवनमा आइपरेको घात प्रतिघात र उथल पुथल ले उनिलाई आजकल एकोहोरो बनाइदिएको छ । केहि बोल्न पऱ्यो भने पनि झोक्किएर जवाफ दिन्छन् । उनि किन कि उनलाई जिवनमा परेको चोटले नै झोक्की र क्षत विक्षत बनाए दिएको छ । यत्रो परिवारलाई कसरी बाटो दिने भन्ने बारेमा सोच्दा सोच्दै कति रात ननिदाई छर्लङ्ग उज्यालो बनाएकाछन् । जग्गा जमिन भएर पनि आज प्रकृतिले उनलाई बगरको बास बनाइ दिएको छ । उनि जिन्दगी देखि दिक्क छन् । उनलाई यस्तो पनि पर्दो रहेछ भनेर कहिले काहि दंग लाग्छ । ३ वर्ष पहिला र आजको दिनलाई तुलना गरेर विक्षिप्त हुन्छन् । यहि बसेको ठाउँमा पनि ठुलो पानी परे बाढी लागी हाल्छ । त्यसैले वर्षा लाए पछि ढुक्कले सुत्न नपाउने पनि उनि बताउछन् । अब के गर्ने कहाँ जाने भन्ने कुनै टुङ्गोछैन् । कहि गएर केहि गर्ने जाँगर पनि छैन । उनि पूर्णरुपमा टूक्रिएर भताभुङ्ग भएको अनुभव गर्छन् । आजकल यिनको परिवारलाई २ छाक पिठो खान पनि ठुलो समस्या परेको छ। काम हुदाँ मेलापात गर्ने र नहुँदा जङ्गल गई गिठा भ्याकुर र कन्दमुल खोजेर परिवारको ऋण बचाएको छन् । आजकल 'राजकुमारले' ।

## २६) कृष्ण लाल मुक्तान

वृद्ध अवस्थाको धमिलो आँखाले पर पर क्षितिज सम्म नियाल्ने एकोहोरो प्रयासमा देखिन्छन् । पिढीको डिल मै बसेका वृद्ध कृष्ण लाल मुक्तान । थाहा छैन । अहिले त्यस क्षितिजपारी सम्म के हेर्न खोज्दैछन् । तर विचार भने गर्न सकिन्छ कि सायद उनको यो दुःख पूर्ण जिवनको भविष्य अझ कति बाँकी छ ? अझ कति हुन सक्छ ? आज भन्दा ३-४ वर्ष अगाडिको आफ्नो सानो सुन्दर संसार र आजको यो पटयार लाग्दो बगरको बसाई सँग तुलना गर्दैछन् । अथवा अरु कसैको आगमनको प्रतिक्षामा छन् । उनको आडैमा उनकी वृद्ध श्रीमती सुकुमाया पनि छिन् । उनको मनमा पनि यस्तै यस्तै तरङ्ग उर्लिएको हुन सक्छ रोशनीले विदा लिनै आँटेको धमिलो आँखामा केहि पुरा हुने केहि नहुने सपना बुनेको हुन सक्छ । आज भन्दा झण्डै ६० वर्ष पहिला काँकडा गा.वि.स.को घनवास भन्ने ठाउँमा कृष्णलालाको जन्म भएको थियो । लेकमै उनको बाल्यकाल वित्यो । पढाईको त चासै भएन । गाई, भैसी, बाखा चराउने जंङ्गल गई दाउरा घाँस गर्दा गर्दै उनि जवान भए । उनको विवाह पनि भयो । त्यो ठाउँ एकदमै लेक भयो दुःख भयो भनेर त्यहाँ देखि अलितल गोदडाँडा मा बसाई सरे उनिहरु । तर विडम्बना गोदडाँडामा उनिहरु बसेको बसेको केहि वर्ष मै पैरोले लग्यो । बल्ल तल्ल ज्यान बचाउन सफल भए उनिहरु । त्यस सम्म फाँटमा नै गएर बस्ने भन्ने सोच गरि उनिहरु सुकुवाटारमा आफ्नो बसाई सारे । उनिहरुले सुकुवाटारमा झण्डै एक विगाह जग्गा किनेका थिए । कृष्णलालका २ छोरा १ छोरी थिए । उनिहरुको पाँच जनाको सानो र सुखि परिवार थियो । घरमा दोकान राखेका थिए । छोरा छोरी पढन जान्थे खेतिपातीमा राम्रो उब्जनि हुन्थ्यो । भैसी, बाखा, र हलगोरु पनि पालेका थिए । दोकानबाट पनि नाफा भएको थियो । उनिहरुको जिवन राम्रै सँग चलेको थियो । कृष्ण बहादुरले शहर तिर सानो घडेरी किनेर घर बनाई व्यापार गर्ने सपना पनि देखेका थिए । समय सुखमय तरिकाले वित्दै थियो ।

समयको एकोहोरो रफ्तार सगै मोक्तानको परिवार पनि सँगै अगाडि बढदै थियो । तर अपसोच प्रकृतिल खेलेको निर्दयी खेलबाट अचानक मुक्तानको परिवारको प्रगतिशिल पाइलाहरु ढप्प मात्र रोकिएन कि सारा जिवन नै लथालिङ्ग भताभुङ्ग भयो । त्यस निर्दयी संकटले मुक्तानको परिवारको नटेक्ने ठाउँ दियो । न समाएर अडिने आड । एकदमै रित्तो बनाईदियो । त्यो भयानक प्रकृति प्रकोपले कृष्णलाललाई ।

कृष्णलाल मोक्तान भन्छन् । “घटना २०५९ साल श्रावण को हो । वर्षा याम भए पनि सधैको भन्दा धेरै पानी आकाशबाट  वर्षिरहेको थियो । श्रावणको ३-४ गतेबाट शुरु भएको वर्षा एकतमासले अटुट रुपमा दर्किरहेको थियो । घर वरपरका खोला नाला बढदै गएका थिए । वरीपरी पहाडै पहाँड भएकोले पहाड तिरबाट पनि पानीका छहराहरु खस्दै थियो । हामी खेतमा धान रोप्नको लागी तयार गर्दै थियौ । अत्याधिक मात्रामा वर्षा भए पछि खोला खेततिर पस्न थाल्यो । पैह्रो पनि खस्छ कि जस्तो लागेको थियो । तर आफ्नो घर भरि गाई वस्तु अन्नपात, दोकान भए जति सबै घरमै छोडेर जान मन लागेन र घरमै सुतियो । रातको अध्यारो सँगै बढेको पानीले पहाडहरु कमजोर भएर होला पैरो खस्न थालेछ । हामी सुते पनि मस्त निन्द्रामा परेका थिएनौ । किनकी हामीलाई केहि हुने हो कि भन्ने डर र त्रासले मनमा डेरा जमाएको  थियो । रातको त्यस्तै १२-१ बजेको हुदो हो । मेरो घरमाथि पनि सानो पैरो खसेछ हामी झसङ्ग विउझियौ । त्यसपछि अब यहाँ बसिरहयो  भने बाचिदैन भनेर सबै जना घरबाट निस्कीयौ । घरबाट त निस्कीयौ तर जाने कहाँ हो थाहा थिएन । जता त तै ठाडो खोला उर्लेर बगेको थियो । जता टेक्यो उतै भासिन थाल्यो । अन्धकार रात भए पनि सधै हिडने खुट्टाको भरमा परि जता जता टेक्न पुग्छ त्यतै त्यतै अगाडि बढयौ । केहि केहि देखिएको थिएन । कैयौ पटक लडयौ । शरिरमा लगाएकी लुगा पनि पाङगो माटोमा भासिदा सबे च्यातिसकेको थियो । धेरै बेरको अथक प्रयास र शरिरले भ्याए सम्मको शक्ति लगाएर अलि माथि जङ्गल सम्म पुगेका थियौ । तर त्यहि जङ्गल पनि भासिदै रुख लहराहरु बगाउन थाल्यो । रातको बेला न जङ्गली जनावरको डर न खुट्टामा चप्पल छ मेघ गर्जन सहितको वर्षामा नित्रुप्प भिज्दै भिज्दै हामी जङ्गगको निकै भित्र पुगिसकेछौ । त्यहाँ पुगेपछि त हामी दौडन पनि सकेनौ । त्यही एउटा रुखको फेदमा सबै जना टुक्रुक्क बस्न थाल्यौ । ओहो के भएको होला । यो के हुर्दै छ यहाँ, हामी कसरी यहाँ आइपुग्यौ यो सपना हो कि विपना हो जस्तो लाग्यो । सोच्दा सोच्दै त्यहि बेहोस भएछु म केहि क्षण पछि फेरी व्युझिए । विहानको झिसमिसे हुनै आँटेको रहेछ जङ्गलमा चरा चुरुङ्गीको चिर चिर आवाज सुनिदै थियो । हामी जाडो र पिडाले थरथर कापिरहेका थियौ । विहान भयो । रातभरीको थकाइले हुरुक्क भएको शरिर लिएर फेरि आफ्नै घर भए तिर फर्क्यौ । तर घर सम्म पुग्ने ठाँउ पनि थिएन । न त घर नै बाँकी थियो । घर

माथी ठुलो ठुलो पैरो खसेको थियो । खेतमा पंथली खोला बगेको थियो । म त दंग परेछु आफैले टेकेको धर्ति भासिए भ्कै लाग्यो । सिङ्गो आकाश खसेर थिचे जस्तो लाग्यो । कति दुःख र पिडा सहेर सिर्जना गरेको मेरो सानो संसारको अस्तित्व पूर्ण रुपमा मेटिइसकेको थियो । अब कहाँ जाने, के खाने के गर्ने, कहाँ बस्ने, भन्ने जस्ता सवालहरु मेरो मनमष्तिस्कमा एक पछि अर्को गर्दै सलवलाउन थाल्यो । धेरै बेर त्यहि बसेर रोए कराए केहि लागेन । त्यो दिन पनि त्यहि भयानक र कुर दृश्य हेर्दा हेर्दा वित्यो । बेलुका पनि कहि जान सकिएन पुन फर्केर जङ्गल तिरै गएर बसियो । भोक र प्यासले हामी असाध्यै छटपटाउन थाल्यौ । तर साथमा खानेकुरा केहि थिएन । आकाशबाट परेको पानी अन्जुलीमा थापेर घाँटी सम्म भिजायौ । त्यस पछि त्यहि रुख मुनी रात वितायौ पिर र चिन्ताले छटपटि भए पनि २-३ दिन देखिको भोक प्यास र थकाईले कुन बेला निदाए थाहै भएन । भोली पल्ट उज्यालो भयो । हामीहरु त्यहाँ बाढी पैरो लाग्ने जति जम्मा भएर बस्यौ र त्यो दिन बल्ल विभिन्न संघ संस्थाको सहयोगमा मनहरीको स्कुल सम्म आइयो । रासन लताकपडाको व्यवस्था भयो । २-३ दिन देखि खान नपाउको भोको पेटमा चिउरा र पानी खायौ र बस्यौ । १०-१२ दिन सम्म त्यहाँ बसे पनि पेङजे भन्ने ठाउँमा सरियो । आफु सँग केहि छैन । त्यहाँ काम पनि त्यति पाइएन । प्राण बचाउनै धौ धौ पऱ्यो । केहि समय त्यहि बसे पछि बाढी पिडीत संघको अध्यक्ष मान बहादुर थिङ्गले यहाँ नयाँ वस्तीमा ल्याई दिएको हो । सबैलाई डेढ कठ्ठा जमिन दिएर २०५९ साल चैत्र १८ गतेबाट यहाँ बस्न थालियो । यहाँ बस्न थाले पछि खानेकुरा जोडने समस्याले सताउन थाल्यो । रातदिन मेलापात गरेर जङ्गलमा गई गिठाभ्याकुर खोजेर खाने बाटो गरेका थियौ । छोराहरु पनि काम गर्थे । अहिले जेठो छोरो पहिले कै गाउँमा गएर काम गरेर बसेको छ । माइलो छोरो पनि यतै तिर काम गर्थ्यो । पछि यहाँ बसेर के गर्ने बरु विदेश गई कमाएर ल्याउछु भन्न थाल्यो र गाउँ तिर गएर ऋण खोजेर मलेशिया पठाएको छु । अलि अलि पठाएको पैसाले ऋण तिर्दै छु । छोरीले पनि ५ कक्षामा पढदा पढदै छोडनु पऱ्यो । पैह्रो लागेपछि पठाउन सकिएन । अहिले हामी सँगै मेलापात गर्न जान्छे । आजकल हामी बुढा बुढी काम पनि त्यति गर्न सक्दैनौ । बुढेसकालमा सुखले बस्ने कत्रो इच्छा थियो । तर आज यस्तो अवस्था भोग्नु पऱ्यो । भन्दै उदास अनुहार बनाउछन् । यी कृष्णलाल मुक्तान ।

जिन्दगीको हरेक मोडमा कैयौ हण्डर र ठक्कर खाएर जिन्दगीको हरेक पाटोलाई नजिकबाट निहालेका यि वृद्ध जिन्दगीलाई संघर्ष र भोगाइको नाम दिन रुचाउछन् । जिवनमा जे परे पनि सहनु पर्ने रहेछ । जस्तो परे पनि त्यस्तै तवरले भोग्नु पर्ने रहेछ भनि चित बुझाउछन् । विहान भरि लगाएर माछा मारे पनि जम्मा २०-३० रुपैया भन्दा नआउने कुरा बताउने यी वृद्धलाई २ छाक टार्ने समस्याले कहिले काही असाध्यै सताएर छटपटयाउँदा आफ्नै भाग्य प्रति दोष दिन पुग्छन् ।

## २७) शोभितमान थिङ्ग

प्रकृतिको घातक प्रहारबाट छिन्न भिन्न भएको शोभितमान को परिवार भविष्यलाई पर्खदै हिजो आज उनिहरु अर्कैको घरको पाली बारेर बस्न बाध्य भएका छन् । आफ्ना ६ वटा छोरा छोरी र श्रीमति लिएर यसरी अर्काको पिढी मागेर बस्न थालेको पनि आज झण्डै १ वर्ष पुगिसकेको दुखेसो पोख्छन् शोभितमान । हुन त शोभितमान सँग पहिला पनि प्रशस्त सम्पति घरवार भएको पनि होइन तर दुःख सुख गरेर बल्ल तल्ल जोडेको एउटा सानो घर ले उनको परिवारलाई जिउने आशा जगाएको थियो । सानै भए पनि आफ्नो शिर ओतने एउटा घर थियो । यसैमा सन्तोष मानेका थिए उनिहरुले तर आज उनिहरु सँग आफ्नो भन्ने केहि छैन ।

आज भन्दा झण्डै ५० वर्ष पहिला सर्लाहीमा जन्मेका शोभितमान जन्मजातै सुकुम्बासी थिए । जन्मे पछि आमाको काखनै उनको सम्पति थियो भन्दा हुन्छ । उनका बुबा आमा पनि अर्काको घरमा नै काम गर्ने खाने र छोरा छोरी हुर्काउने गर्थे। छोरा छोरीले पढने स्कुल सम्म देख्न पाएनन् । काम गर्न सक्ने भए पछि सबै जना आ-आफ्नै बाटो लाग्थे । त्यसरी नै १०-१५ वर्ष भए पछि शोभितमान पनि आफ्नो बुबा आमा छोडेर कामको खोजीमा हिडे । उनको लागी बुबा आमाको माया भन्दा पनि काम खोज्ने र काम गरेर पेट भर्ने तिर बढि चासो भयो । जुन उनलाई समय र परिस्थितिले नै सिकाएको थियो । समय आफ्नै गतिमा नियमित रुपमा अगाडि बढदै गयो । शोभितमानले पनि ज्यामि मजदुरी गर्दै आफ्नो सर्घष पुर्ण जिन्दगीलाई अगाडि बढाइरहे । यसै क्रमममा उनको विवाह पनि भयो । छोरा छोरी जन्मे । अशिक्षा र अन्धविश्वासका साथमा अति न्युन आर्थिक अवस्थाका कारण दिन भरि मरिमेटेर काम नगरि विहान बेलुका छाक टार्न नपाउने शोभिमतमानलाई सन्तान थोरै भए भने घर चलाउन अलि सजिलो हुन्छ भन्ने कुरा पनि उनलाई थाहा भएन । छोरा छोरी धेरै भए तर जिन्दगीलाई दुःखै सँग जसो तसो अगाडी बढाई रहे । यसै

क्रममा २०५१ सालमा सरकारबाट हेटौडामा रहेका सुकुम्बासीलाई प्रति परिवार एक कट्ठा जमिन दिने काम भयो । ज्याला मजदुरी गर्दै कहिले कसको घर कहिले कोठा भाडामा लिएर बस्दै आएका शोभितमानको परिवार लाई त्यहि एक कट्ठा भए पनि जिन्दगीमा एउटा महत्वपूर्ण चिज पाए झै भयो । जिन्दीले बल्ल अलि सुखको कोल्टे फेरे झै भान भयो । शोभितमानलाई किनकी त्यो एक कट्ठा जमिनमा सानो झुप्रो बनाउन त दिनभरि काम गरे पनि भरे कहाँ बाँस बस्ने होला भन्ने समस्याले अब पिरोल्ने भएन । उनले दु:ख परिश्राम गरेर सानो झुपडी निर्माण गरे । जुन घरले ६-७ जना परिवारलाई आश्रय दिएको थियो । भर्खरै नयाँ पालुवा पलाउन थालेको वृक्ष झै शोभितमानको परिवारमा भर्खर भर्खर खुशीयाली छाएर हराभरा हुन आँटेको थियो ।

समयको दौडान सँगै शोभितमानको पारिवारको दिनचर्या पनि अगाडि बढदै गयो । दिन भरि कारखाना र अन्य ठाउँमा मेलापाल कुल्ली काम गर्थे र बेलुका घर आउथे उनको ६ जना त छोरा छोरी मात्रै थिए । बस्ने बास सम्म भए पनि दिन भरि कमाएकोले परिवार सम्म पाल्न सफल भएका थिए शोभितमान । छोरा छोरीलाई पढाउन स्कुल पठाएकै थिए । घरमा पनि अलि अलि जेनतेन गरी सरसमानहरु जोडदै थिए । घर परिवार आफ्नै तरिकाबाट चलाई रहेका थिए ।

सानो झुपडी बनाएर भए पनि भर्खर २-४ वटा समान जोडेर केहि मात्रमा भए पनि आनन्द महशुस गर्दै मेलापात गरेर दिन विताउने क्रममा एक दिन एक्कासी शोभितमानको त्यै झुपडीमा पनि बाढी पस्यो । २०५९ सालको वर्षामा ३-४ दिनको आकाश वषिएँ पछि उर्लिएर बढेको राप्ती खोलाले शोभीत मानको त्यहि सानो झुपडी र थोरै टुक्रो जमिनको आधाआधी भाग पानीले बगायो भने आधा भागमा लेदो माटोले पुरिदियो । शोभितमान भन्छन् ‘संयोगले हामी भने बाँच्न सफल भयौ । राप्ती खोला बढ्न थाले पछि हामीले घरमा भएका अलि अलि बोक्न मिल्ने समान बोकेर माथि डाँडा तिर गएर बस्यौ । पछि बाढी घटेपछि फर्केर आउँदा घरका समान सबै बगेको थियो । घर पनि भत्किएको थियो । तर जमिन भने थोरै टुक्रो बाँकी थियो । बाढी लागेको तत्कालै केहि संघ संस्था रेडक्रसले सहयोग गरे पनि १०-१५ दिन पछि फेरि कहाँ जाने के खाने अब के गर्ने भन्ने समस्याले फेरी सताउन थाल्यो । अन्त जाने ठाउँ आफ्नो कही कतै नभए पछि हामी फेरी पहिला कै ठाउँमा सानो छाप्रो बनाएर बस्न थाल्यौ । असाध्यै दु:ख पऱ्यो । नखाने चिज छ न लगाउने लुगा ओढने ओछयाउने त परै जाओस । फेरी कुल्ली काम कारखानामा काम गर्न थाल्यौ । सानो झुप्रो बनायौ । काम गरेर छाक टार्न पनि धौ धौ पर्थ्यो । ‘मानिस ले जे पनि सहनु पर्दो रहेछ । समस्या पर्दै जान्छ र टर्दै पनि जान्छ’ भने झै फेरि भोलिका दिनहरु दु:ख सुख टर्दै गए दिन वित्दै गए । राप्तीको किनारै मा घर भएकोले वर्षा लाग्ना साथ कहाँ जाने भने झै लाग्थ्यो । तर पनि जाने ठाउँ अन्त नभएकै कारण त्यही

घरमा अलि अलि घर जग्गा जोडेर बसेका थियौ । छोरा छोरी धेरै भएका कारण खान लगाउन धौ धौ थियो । तर जेहोस् परिवार चलिरहेको थियो । तर २०६१ सालमा आएको बाढीले फेरी हामीलाई रित्तो बनायो । रातको अन्धकार सँगै बढेको राप्ती खोलाले रातको त्यस्तै २-३ बजे तिर सबै बगायो । घरमा भएका सर सामान त के कुरा आफ्नै ज्यान बचाउन पनि धौ धौ परेको थियो उनि भन्दछन् ।

रातको २-३ बजे तिर बालक छोरा छोरी र गर्भवती श्रीमती लिएर सिमलटार भन्ने ठाउँमा आएर अर्काको घरको पिढीमा बस्यौ । तत्काल रेडक्रस र अन्य स.घ संस्थाले राहत स्वरुप केही भाँडाकुडा त्रिर्पाल र केही खाने कुरा दियो । जसले केहि दिन त टारियो । त्यसपछि त फेरी दुखै दु:ख शुरु भयो । छोरा छोरी पनि अलपत्र परे । पढाउन पनि सकिएन । आज यहाँ आएर अर्काको पाली मागेर बस्न थालेको पनि झण्डै एक वर्ष हुन लाग्यो । अन्त जाने ठाउँ छैन र अर्काको घर छोड भनेको बेलामा छोडनु पर्छ भन्दै दिक्क मान्छन् शोभितमान ।

कहिले गरिबी ले त कहिले प्रकृति प्रकोपले त्यहि पनि पटक पटक सताइएका पीडित शोभितमान आजकल कुल्ली काम गरेर आफ्नो ९ जनाको परिवारको प्राण जेनतेन बचाए छन् ।

कसैले केहि सोध्दा पनि उनि दिक्क मान्छन् । उनलाई आफ्नो दु:खै दु:खमा वितिरेहेको जिन्दगीलाई डोऱ्याउँदा-डोऱ्याउँदा थकाई लागिसके जस्तो देखिन्छ । जीवन प्रतिको माया मोह र उत्साहलाई विर्सिसके त्यस्तो शोभितमानको अनुहारमा देखिन्छ । पटक पटकको प्रकृतिको घातक प्रहार पछि उनको सामाजिक आर्थिक र मानसिक अवस्था नै खस्किएको स्वभाविक रुपमा खस्किएको छ । दु:ख पाउनुको मुख्य कारण गरिबी र गरिबीको हुनुमा भाग्यलाई दोषदिने यी शोभितमा फेरि कहि कतै खुट्टा टेक्ने सानो टुक्रा जमिन पाए एउटा झुपडी बनाएर परिवारलाई राख्ने थिए भनेर दुखेसो पोख्छन् । मजदुरी नै भए पनि दिन हुँ पाएत दु:ख सुख सँग परिवार पाल्ने थिए । उनि जिन्दगीमा फेरि अब कहिल्यै सुख र आनन्दले सास फेर्ने दिन पनि आउदैनकी भनि हरेश खाएका छन् ।

## २८) सेति तमाङ्ग

"बाह्र छोरा तेह्र नाति , बुढाको धोको काँधै माथि" भने झै चार भाई छोरा र दुई बहिनी छोरी जन्माएकी सेति तमाङ्ग आज ७६ वर्षको वृद्ध उमेरमा एउटा प्लाष्टिक ले छाएको सानो झुपडिमा आफ्नो जिवनको उताराद्ध हरुलाई व्यथित गर्दैछिन । त्यहि घर पनि पल्टनै आँटेको छ । ठुलो हावा पानी आयो भने घर नै उडाउला जस्तो छ । यस पालीको वर्षा पनि धान्दैन जस्तो छ सेतिको घरले । पानी आउँदा निच्रुप्प भिजेर रात काट्नु परेको छ । यो  बुढेसकालमा । बुढो उमेर को बाबजुद पनि ढाड कुप्रो पारेर उठन बस्न नसके पनि यि तमाङ्गनी बुढी बोल्न भने टाँठैं देखिन्छिन् । सबै छिमेकीको घरदैलोमा पुग्ने र उनिहरुको बारेमा बुझ्ने बुझाउने खुबी अझै छ यी वृद्धको मष्तिष्कमा ।

वि.स. १९८६ मा लम्जुङ्ग जिल्लाको दैलुङ्ग भन्ने गाउँमा जन्मिएकी सेती तमाङको विवाह पनि दैलुङ्ग गाउँ कै मदनसिङ्ग तमाङ्ग सँग भएको थियो । पहाडमा जग्गा जमिन हुँदा हुँदै पनि केहि समय पछि पहाडमा उकालो ओरालो गर्नु पर्ने मेहनेत धेरै गरे पनि उब्जनी कम हुने र काम पनि त्यति नपाइने हुँदा चितवन तिर झरेर काम खोज्ने र यतै बस्ने भनेर सेतिको परिवार २०१३ सालमा चितवन झरेर पार्वतीपुर भन्ने ठाँउमा अलिकति जमिन लिएर बसे । जमिन अलि थोरै थियो । तर पनि धान गहुँ राम्रो हुन्थ्यो । सेति भन्छिन् ,"श्रीमान पनि काम गर्नुहुन्थ्यो । खेतीपातीले खान पुग्थ्यो । छोरा छोरी पनि जन्मेका थिए । पछि २०२९ साल तिर पार्वतीपुरको जग्गा वेचेर शिशावास मा आयौं । शिशाबासमा हाम्रो पुग नपुग दुई विगाहा जमिन थियो । त्यही सानो घर बनाएर बस्न थाल्यौं । शिशावास राप्ती र नारायणी नदिको दोभान नजिकै को गाँउ भएको ले बालीनाली लगाउँदा पनि पानी प्रशस्त हुने र ठाँउ पनि मलिलो भएको ले उब्जनी प्रशस्त हुन्थ्यो । दुई विगाह जति जमिनमा लगाएको धानले हाम्रो परिवारलाई खान लगाउन पुग्थ्यो । गहु मकै पनि राम्रै हुन्थ्यो । भैसि, वाखा

गोठ भरि पालेका थियौ । दुध बेच्थ्यौ । कहिले काँही मेलामात पनि जान्थ्यौ । यसै गरेर त्यत्रा छोराछोरी हुर्कायौ ।

यसरी नै दिन वित्दै गयो । छोरा छोरीलाई पढाइएन । पढाउने चलन पनि त्यति थिएन । ठुलो भएपछि घरमै काम गर्ने चलन थियो । तर पछि पछि दुई वटा छोरालाई पढन राखीदिएको थिए । उनिहरुले पनि एक दुइ कक्षा पढेर छाडे । पछि सवै छोरा छोरी ठुला भए । सबै जना काम गर्न सक्ने भएपछि हामी बुढाबुढीलाई सजिलो हुदै गएको थियो । छोराहरुको कमाई र खेतीवालीवाट भएको आम्दानी ले हाम्रो आर्थिक अवस्था राम्रो बन्दै गएको थियो र हामीले पनि धेरै छोरा भएको ले अलिकति खेत थप्ने विचार गरेका थियौ । छोरा छोरी ठुला भएपछि सबैको विवाह पनि गरियो । सवै कुरा राम्रै चल्दै थियो ।

सेति भन्छिन् ,“परिवार ठुलो भएको कारण हामीलाई बस्ने घर सानो भयो । नयाँ घर बनाउँने भन्ने योजना गर्दै थियौं । अचानक त्यहि बेला श्रीमान विरामी पर्नु भयो । उमेर पनि धेरै नै भएको थियो । वेस्सरी ज्वरो आएको थियो । फुकफाक गरियो । झाक्री लगाईयो । कुखुरा काटेर खुवाइयो । बुढालाई अस्पताल ल्याइएन । एक दिन बेस्सरी ज्वरो बढ्यो । त्यसपछि अस्पताल लानेकी भन्दा भन्दै घरमै उहाँको मृत्यु भयो । त्यो घटनाले घरमा केहि समय शुन्यता छाएको थियो । श्रीमान विते पछि घरमा छोरा बुहारीहरु र म मात्रै भयो ।

शिशावासको खेत नदी को आडमा पर्ने हुदा पहिल्यैबाट नदिले खेत वगाउदै वगाउदै डेढ विगाह जति बनाएको थियो । २०६० सालको वर्षामा पानी धेरै पर्‍यो । नदी फराकिलो हुदै हाम्रै खेत सम्म बग्दै आयो । नेशनल पार्कका आर्मीहरुले रातमा नदी झन बढन सक्छ । राती यहि घरमा नसुत्नु भनेको ले २-३ दिन अघि देखि नै हामी रातमा माथी गाँउतिर गएर सुत्थ्यौ । दिउँसो घर आउथ्यौ । यसपालीको भेल ले सबै लान्छ की भन्ने लागेको त थियो । नभन्दैं त्यस्तै भयो । नारायणिको पानी बढदै गए पछि अलिअलि गर्दै एकदिन त सबैं लग्यो । रुन सम्म रोयौ । करायौ जति गरे पनि नारायणी ले वगाएको खेत फिर्ता आउने कुरा भएन । हामी अलमलमा पर्‍यौं । आफ्नो भएको पनि वगायर लग्यो । अब कहाँ जाने ? के गर्ने ? के खाने होला ? जस्तो लाग्यो । हामी अलपत्र परेर बसेका थियौ । पछि विभिन्न सहयोगी संस्थाहरुले सबै खेत वगाउनेहरुलाई यहाँ सिसौघारीमा ल्याएर राखी दियो । ६ महिना यहाँ बस्ने त्यसपछि हामीले अन्त व्यवस्था गर्छौं भनेर गए । तर अहिले डेढ दुई वर्ष हुँदा पनि कसैले केहि गर्दैनन् । काम हुदैछ भन्छन् । वाढी लागेको शुरुमा अलि अलि रासन र पाल रेडकस र अन्य संघ संस्थाले दिएको थियो । त्यसपछि केहि दिएको छैन । खेतवारी लगेपछि छोरा हरु पनि सबै परिवार लिएर ससुराली तिर गए । अब अहिले म एक्लै छु । दु:ख विमार

परे भने पानी खुवाउने मान्छे छैन । खोलाले खेत नलगेको भए त सबै परिवार सगै भइन्थ्यो होला । सुख दुख जे पर्थ्यो सबै मिलेर टारिन्थ्यो होला । अहिले मलाई एक्लै बस्नु परेको छ । छोरा सँग जाउ भने छोरा पनि ससुराली बस्छ कसरी जानु छोरीको घर जाउ भने कुटुम्बको घर गएर कति दिन बस्ने । आफन्त इष्टमित्र पनि आफु सँग धन सम्पति हुदाँ मात्र रै छ । “छन् गेडी सबै मेरी छैनन गेडी सवै टेढी” भने भ्कै आफु सँग केहि नभए पछि कसैले वास्ता नगर्दो रहेछ ।

संघर्षमयि जीन्दगीको हरेक पाटालाई नजिकबाट बुझ्केकि यी बृद्ध आजकल राम्ररी आँखा देख्दिनन् । आजभोली छाक टार्ने समस्या हल गर्न उनलाई गाह्रो भएको छ । काम गर्न नसके पछि काममा पनि कसैले बोलाउदैंनन् । काममा गए पनि २०-२५ रुपयाँ भन्दा पाँउदिन । मंसिरमा बटुलेको धानले आज सम्मको छाक टारेको बताउछिन् सेति तमाङ्ग । उनीलाई कसैले आशा देखाइदिएको भएर होला सायद उनि भन्छिन । अलि अलि क्षतिपुर्ति पाँउछ भन्छन् । अलिकति क्षतिपुर्ति पाए पनि आफ्नो बस्ने वास हुन्थ्यो होला । नाती नातिनी आउँथे होला । सेतीको जीवन प्रकृति प्रकोपले लथालिङ्ग भताभुङ्ग भएको भए पनि उनी आफ्नो जमिन ज्यथा नबगाएको भए छोराहरुले पनि हेर्थे होला। ईष्टमित्र आफन्त नजिक हुन्थे होला, उनी भर्नछिन् ।

उमेर कै हिसाबले हेर्ने हो भने पनि जिन्दगीको अन्तिम अवस्था तिर पुगेकी यी वृद्ध को मन मष्तिस्कमा अब केहि गर्ने जोश जाँगर छैन । ईच्छा चाहना छैन । जीवनको अन्तिम मोडमा उनलाई आफ्नै जीन्दगी बोझ्क भएको छ । जीन्दगीका कैयौ कष्ट प्रद्ध क्षणलाई पार गरिसकेकी सेतीलाई यस प्रकोपले नितान्त एक्लो बनाइदिएको छ । आफ्नै भाग्य सँग सन्तुष्टी छैनन् उनी । उनलाई वैराग्यता र नैराश्यता जंजालले घेरेको छ । उनि भन्छिन् “यसरी कहिले खाएर कहिले भोकै कति दिन यो ढल्न आँटेको घर कुरेर बस्ने । जता जे गरे पनि एक्लै हो । एक्लै यसरी वस्नु भन्दा वरु मागेर हिडने विचार गरेको छु । सकिन्जेल मागेर खाने नसके अर्को उपाय लाग्लानी भन्छिन् । जिवनको अन्तिम अवस्थामा कति सुखले बसौला । सन्तोषको सास फेरौला भनि सोचेको थिए । तर आज यहि जिवन न घरको न घाटको भएर छटपटाएको छ भन्दै आफ्नो व्यथा पोख्छिन , “सेति तमाङ्ग ।”

# २९) सोम बहादुर कुमाल

सोमबहादुर कुमाल आज भन्दा ६० वर्ष पहिला मेघौली -२, सिसावासमा जन्मेका थिए । उनको जिवनको ५८ बसन्त शिशावासमा विताए पनि पुरा जिवन उनि शिशावास मा वस्न पाएनन् । उनको शिशावासको वासस्थान र जग्गाजमिन सबै नारायणीले बगाएर लग्यो । प्रकृतिले खेलेको त्यो निर्दयी खेल सँग उनको केहि लागेन । सोमबहादुरको वुवा पहिला देखि नै शिशावास वस्दै आएका थिए । उनको नाममा ३ विगाह जमिन थियो । ५ भाई छोरा थिए । पढने पढाउने चलन सायद त्यति प्रचलित थिएन भनौ या त्यो ठाँउको अशिक्षित परिवेशले नै यि कुमाल परिवारलाई शिक्षा प्रति अग्रसर गराएन । सोमबहादुर को बाल्यकाल गाई भैसि हेर्ने खेतमा हलो जोत्ने खेतीपात लगाउने काममा नै वित्यो । यिनका पाँच जना दाजुभाई थिए । हुर्कने बढने कममा सबैको विवाह पनि भयो । यस्तै सोमवहादुरको विवाह घर नजिकै को फुलमाया सँग भयो । विवाह भए पछि सोम वहादुरको परिवार छुट्टिएर अलग्गै वस्न थाले । सोमवहादुर भन्छन्,“छुट्टिदा मेरो भागमा १५ कट्ठा भएपनि खेत राम्रो थियो । खेतीपाति मा राम्रो उब्जनी हुन्थ्यो । खेतबाट आएको अन्नले हाम्रो परिवारलाई आन प्रशस्त पुग्थ्यो । तीनवटा छोराछोरी थिए । पढनको लागी स्कुल भर्ना गरिदिएको थियो । वरपर छरछिमेकमा पनि पढेका व्यक्ति त्यति थिएनन् । हामीले पनि पढनको लागी त्यति जोड दिएनौं ।

समय वित्दै गयो । आज आज भोली भोली भन्दा भन्दै छोरा छोरी पनि ठुला भए । उनिहरुको पढाई पनि त्यति नभएको ले भविस्यमा खेती किसान नै गर्ने त हो नी बरु अलि कति भने पनि जग्गा जोडनु पर्छ होला जस्तो लाग्दै थियो । तर जग्गा लिईहाल्ने आर्थिक अवस्था थिएन । हामीले पनि गाई भैसी पाल्ने दुध वेच्ने गरेर परिवार चलाउन थाल्यौं । पछि २ वटी छोरीको विवाह भयो । छोराले पनि टाइगर टपमा मेकानिक काम गर्न थाल्यो । यसरी नै हाम्रो परिवार चलिरहेको थियो ।

शिशावास नारायणी र रापती नदीको दोभान नजिकै पर्ने गाँउ हो । यसले गर्दा वर्षायाममा कहिले काही नारायणी उर्लेर बग्दा हाम्रो घर खेत नै लैजान्छ कि झैं मनमा त्रास उब्जन्थ्यो । नारायणी नदीको डरले अन्त वँसाई सरेर जाने विचार नभएको पनि त होइन । तर हाम्रो आर्थिक अवस्थाको कारणले सोच्दा वित्तिकै बसाइ सर्न पनि सम्भवै थिएन । सारा गाँउ पनि यहि समस्यामा जेलिएका थिए । नदीले खेतको छेउछाउ त पहिला पहिला पनि अलि अलि गर्दै कटान गर्दै आएको थियो । तर यसरी सप्बै एकैपटक एक्कासी लगिनै हाल्छ जस्तो त लागेको थिएन । सोचेको पनि थिएनौ । यति साह्रो विनास नै गर्छ भनेर । तर सो.चे जस्तो नहुदो रहेछ । २०६० सालको वर्षामा उर्लिएको नारायणीले घर जग्गा सबै सोहोरेर लग्यो । हामी चाही खोलाले जमिन लादै आए पछि घर पनि लग्छ भनेर पहिल्यै घरको सरसमान निकालेर अलि माथि बसेर हेर्दै थियौ । हेर्दा हेर्दै आफ्नो खेतमा नारायणी नदी वग्न थाल्यो । हामी अलमल्ल पऱ्यौ । के गरौं ,कसो गरौं, अब कहाँ जाने, के खाने जस्ता कैयौ प्रश्नले मन छटपटाउन थाल्यो । रोयौ , करायौं, परिवारमा एक प्रकारको शुन्यता छायो । कोही पनि केहि गर्न सक्ने अवस्थामा थिएनौं । आफ्ना भएका सरसमानहरु एक छिमेकी को पिढीमा लगेर राख्यौं । वस्ने ठाँउ भएन । अब कहाँ गएर बस्ने होला जस्तो लागिरहेको थियो । पछि यसरी खेत वग्नेहरु जम्मा पारेर प्रकोप पिडीत उद्धार संस्थाले हामीलाई यहाँ मेघौली गा.वि.स. वडा न. ५ तेलौंलिको सिसौघारी छेउको वाझो जग्गामा ल्याएर राखी दियो । घर थिएन । न त सानो झुपडी बनाउने सर समान नै थियो । रेडकसले पाल दियो । ५-७ वटा वास गाडेर त्यति पाल टागेर बस्न थाल्यौ । ६ महिनाको. लागि भनेर यहाँ ल्याएको थियो । त्यसपछि क्षतिपूर्ति दिन्छ त्यसैले आफ्नो व्यवस्था गर्नुपर्छ भनेका थिए । तर आज डेढ दुई वर्ष हुदा सम्म पनि हामी यही वस्नु परेको छ । बल्ल तल्ल काठपात खोजेर सानो झुप्रो भनौ या बस्ने बास बनाएका छौ । खाने रासन पनि खेत खोला ले लगेपछि केहि समयको लागी विभिन्न संघ संस्थाले सहयोग गरेका थिए । आजकल त कसैले केहि सहयोग गरेका छैनन् । सोम बहादुर भन्दै जान्छन् । "हामीलाई त असाध्यै दु:ख परेको छ"। नारायणी ले खेत देखि आज सम्म पनि मन शान्त भएको छैन । बल्ल तल्ल गरेर बिहानको छाक टाऱ्यो फेरी बेलुका कसरी छाक टार्ने भन्ने समस्याले सताइरहन्छ । यसो गर्छु उसो कुनै इष्ट मित्रले पनि पताउदैनन् । काम गरु भने पनि नजिक काम पाईदैन । अब त काम पनि गर्न नसक्ने भैसक्यौं भन्दै आफ्ना कुप्रो परेका औंलाहरु देखाउदै भन्छन् सोम बहादुर । उनलाई बोन (हड्डी) टि.भी. भएको छ । उनलाई के भएको भनि सोध्दा बोन टि.भी. भएको भन्छन् डाक्टरले भन्छन् । तर बोन टि.भी. भनेको के को रोग हो उनलाई त्यो थाहा छैन ।

भरतपुर गएर अल्लि दिन औषधी खाए । आर्थिक अवस्थाले असाध्यै कमजोर सोमबहादुर जाने आउने गाडी भाडा र औषधी किन्ने पैसा जुटाउन नसकेपछि आज त्यो रोग पालेर राखेकाछन् । उनलाई थाहा छ यस रोगले भविष्यमा दुःख दिन्छ भन्ने कुरा तर उनि त्यसै बसिरहेका छन् । यो उनको बाध्यता हो ।

आज भोली पनि सोमबहादुरका छोराले टाइगर टपम मेकानिक काम गर्छन । उसैले कमाएर ल्यायो भने सोमबहादुरको चुलोमा २ छाक भात पाक्छ नत्र सोम बहादुरको परिवारलाई बाँच्न धौ धौ छ । कहाँबाट शुरु भएको सोम बहादुरको जिन्दगीको लामो यात्रालाई आजव उनी यसरी दुःख र पिडामा छटपटाएर निरन्तरता दिन बाध्य छन् ।

## ३०) आइतिमाया तामाङ्ग

जेठ महिनाको टन्टालापुर घाम अथवा अत्यन्त गर्मी को कारण बाटोघाटोमा मानिसहरु पनि त्यति देखिदैनन् । गर्मीले गर्दा बाहिर हिडीसक्नु छैन । यस्तो गर्मीमा पनि ४८ वर्षिय आइतिमाया मकै गोड्ने काममा गएर भर्खर फर्केकि छन् । घडिले दिउँसोको १२ बजाएको छ । उनले सायद खाना खाएकी थिइनन् होला । उनको घरमा पनि कोहि पनि थिएन । मेलाबाट फर्केर हतार हतार ढोका खोलिन सायद गर्मी पनि निकै भएर होला । भित्र खाने कुरा केहि थिएन । दाउँराको छेस्का छेस्की जोडेर आगो बालिन मध्य दिनको घाम प्लाष्टिकले छाएको घर त्यो गर्मीमा उनले एकै छिनमा खै के पकाएर खाइन कुन्नि एकै छिनमा बाहिर निस्कीन । आज भन्दा ४८ वर्ष पहिला शिशावास मै जन्मिएकी यी आइतिमायाको माइती नजिकै विवाह भएको थियो । विवाह हुदाँ उनिहरुको जग्गा जमिन अलिअलि थियो । राप्ती र नारायणीको विचमा रहेको त्यो ठाउँमा अन्नपात असाध्यै राम्रो हुन्थ्यो । आइती मायाका श्रीमानले पनि घरैमा काम गर्थे । उनिहरुको परिवार ठुलो थियो । त्यसैले सबै भाई छुट्टी भिन्दा हुदाँ ३-४ कठ्ठा मात्र आइतिमायाको श्रीमानको भागमा पऱ्यो । त्यहि जमिनमा लगाँएको अन्नले उनिहरुको परिवारलाई खान पुग्दैनथ्यो । ३ छोरी र १ छोरा थिए । उनिहरुले रात दिन मेलापात गर्थे । रक्सी पारेर बेच्थे । बाखा भैसी पालेका थिए । अरुको ंखेत ठेक्का अदिया गरेर भएपनि परिवार राम्रै सँग चलाएको थिए । छोरा छोरीलाई पढाउने विचार भए पनि आर्थिक अवस्था कमजोर भएको र त्यो गाँउतिरको अशिक्षित परिवेशले गर्दा पढाउन चासो राखिएन । घरकै काम काज गर्दैमा छोरा छोरी ठूला भए ।

समय वित्दै गयो । आफुले सकेको मेहनत गरेर घर परिवार चलाउँदैं थियौ । थोरै भएपनि आफ्नो भनेको आफ्नै थियो । सामान्य किसिमले हाम्रो परिवार चल्दै थियो । आर्थिक अवस्था पहिल्यै वाट कमजोर भएकोले दुखै गरेर भएपनि अलि आर्थिक अवस्था उकास्ने इच्छा थियो । उमेर छदैं ठेक्का अदिया गरेर भएपनि भविस्यलाई अलिकति केहि खेत जोडने चाहाना थियो । त्यो बेला त काम पनि पाईन्थ्यो । खाली बस्नु पर्दैनथ्यो । मेलापात गरेकै पैसाले पनि लुगाफाटो हाल्न र रोग विमार पर्दा औषधि उपचार गर्ने खर्च टरेको थियो. । यसरी राम्रै हुदै गयो भने पहिला भन्दा भविष्यमा अलि सुख हुन्छकी भन्ने सोचेको थिए । यसरी नै दुख सुख गरेर जिन्दगीलाई डोऱ्याउने क्रममा आइतिमायाको परिवारमा एउटा घटना घटयो । उनको श्रीमानलाई कुकुर ले टोकेर रेभिज भएर मृत्यु भयो । पछि छोरा छोरी ठुला भएपछि उनीहरुको सवै को विवाह भयो ।

यसैगरि दिनहरु वित्दै गए । आइतिमाया आफ्नै दैनिक काम मा तल्लीन थिइन् । समय ले काँचुली फेर्ने क्रममा आइतिमाया को जीवनमा फेरी अर्को घटना घट्यो । नारायणी नदिको नजिकै घर खेत भएकी आइतीमायाको जीवन सँग नारायणी नदिले एकदिन नराम्रो खेल खेल्यो । नारायणी नदीको पानीको छालले उनको खेत भत्काउदै लैजान थाल्यो । हरेक वर्षायाम सँगै अलि अलि गर्दै खोल्दै लगेको पानीको छालले २०६० सालको भदौमा सर्लक्कै बनाएर खेत कटान गरिदियो । नदिले जमिन कटान गरेर लगेपछि आइतिमायाको आफ्नो भनेर टेक्नको लागी सानो टुक्रा धर्ति पनि बाँकी रहेन । उनको आफ्नो भन्ने जमिन नदिमा परिणत भयो. । उनि भन्छिन् ,"भएको जमिन जति नदिले कटान गरेर लगेपछि अब कहाँ जाने, के खाने, कहाँ गएर वस्ने भन्ने ठुलो चिन्ता परेको थियो । त्यस पछि हामीलाई विभिन्न संघ संस्था मिलेर यहाँ ल्याएर राखीदियो । मात्र ६ महिनाको लागी यहाँ वस्ने हो । त्यसपछि अर्को विचार गरौला भनेर छोडे । अलिअलि रासन लताकपडा भाडाकुडा शुरुमा दिएका थिए ,त्यसले कति दिन पुग्ने । यति लामो जिवन विताउनुछ भनेर आत्तिन्छिन् आईतिमाया ।

उनि भन्छिन्, "पहिला थोरै भएपनि आफ्नो मै वसिन्थ्यो । आज आफ्नो भन्नु केहि छैन । छोराले पनि त्यतै गाँउतिर अदिया खेती गरेर वसेको छ । अर्काको जमिनमा बसेर जीवन धानिदैन । छोड भन्दा वित्तिकै छोडेर हिडनुपर्छ । हामीलाई यस्तो आपत भएको छ । सरकारले हेरिदिएत अलिकति भएपनि क्षतिपुर्ति दिए त सबै परिवार सँगै वसेर दुख सुख जे हुन्थ्यो त्यही गरेर बाँचिन्थ्यो । कोही घर गर्ने कोही वाहीर गएर कमाउने गरेर जोडजाम गर्न हुन्थ्यो । तर के. गर्ने अहिले परिवार छिन्नमिन्न भएको छ । काम पनि पाइदैन । काम नै नभए पछि आम्दानी पनि हुदैन भन्दै उनि भन्छिन् ,"आजकल काम पाएको दिन खान पाइन्छ काम नपाए भोकै पनि सुत्नु पर्छ । ऋण सापट खोजेर पनि कसैले दिदैन । वस्ने वास को भर छैन । यसरी दैनिक रोजी रोटीको आवाश्यकता पुरा गर्न पनि धौ

धौ परेर आत्तिएकी आइतिमाया अबका दिनहरु कसरी विताउने भन्ने बारेमा ठुलो चिन्ता छ । वाचुन्जेल सुख सन्तोष नभएपनि दुख गरेर भए पनि आफ्नो परिवार सगै वस्न पाए हुन्थ्यो भन्ने इच्छा वाहेक अरु कुनै चाहना छैन । गरिबी को घेरा भित्र पिल्सिदै जीन्दगीको आदि भन्दा वढि उमेर विताईसकेकी आइतिमाया लाई अब का दिनहरु कसरी विताउने भन्ने एकै चिन्ता मात्रै बाँकी छ ।

## ३१) तिल बहादुर वि.क.

दिनभरिको थकान सगैं हरेक गोधुली साँझमा आफ्नो जिन्दगीका प्रत्येक पानालाई एकछिन केलाउन विवश ५० वर्षिय तिल वहादुर वि.क. अप्रत्याशित जिन्दगीका कैयौं दुख सँग मितेरी गासिसकेका छन् भनौ वा दुख सँग जिवन लाई जोडनु उनको बाध्यता हो । जहाँ सुख र आनन्दको रतिभर पनि वास्ना छैन । जीन्दगीको कुनै मोडमा भोगेको सुअ पनि विर्सिसकेका छन् उनले । तर कहिले काही ती क्षणहरु लाई सम्झने कोशिस सम्म गर्छन् । उनको जिबनका ती क्षणहरु यसरी शुरु भएको थियो ।

आज भन्दा ५० वर्ष पहिला मकवानपुर जिल्लाको पहाडी लेकमा जन्मेका तिलवहादुर वि.क. आफ्नी श्रीमती र छोरा छोरी गरी पाँचजनाको परिवार सहित मकवानपुरकै वेशी काँकडा गा.वि.स.को देविटार भन्ने गाँउमा बसाई सरेका थिए । देविटारमा झरेपछि त्यति सुख त भएको होइन तर माथि लेकको भन्दा केही आनन्द चाँहि थियो । त्यहा उनिहरुले लगभग १२-१३ कट्ठा जमिन जोडन सफल भएका थिए । आफ्नो जातिय परम्पराबाट चल्दै आएको पुर्खौली पेशा आरन चलाउने चाँही तिल वहादुरले त्यागेका थिएनन् । छोरा छोरी हुर्के पछि स्कुल पढाउन थालेका थिए । उनिहरुको खेतिपाती पनि राम्रै हुन्थ्यो । छोरा छोरी राम्रै सँग पढ्दै थिए । उनीहरुको सानो संसार रमाइलै सँग वितेको थियो । उनले अझै अरु जमिन जोडने छोरा छोरीलाई पढाएर आफ्नो खुट्टामा उभ्याइ दिने ठुलो सपना बोकेका थिए । तिल वहादुर खेतीपाती को कामको अलवा कुटो कोदालो , हँसिया बनाउने र वेच्ने काम गर्थे भने हिरामाया मेलापात र घरको काम गर्थिन । घरका सबै परिवार मिलेर परिवार लाई

सुखमय भविस्य तिर डोऱ्याउदै गरेका उनिहरुलाई कुनै भयानक संकटले एक दिन लथालिङ्ग पारिदेला भनेर कल्पना पनि गरेका थिएनन् । तर दुख र दुर्दसाको बाटो शुरु हुन कति बेर लाग्थ्यो र ?

कुरा वि.स.२०५९ साल श्रावण महिनाको हो । वर्षायाममा आकाश मा बादल मडारिनु र पानी वर्षिनु सामान्य कुरा भएपनि त्यो वेला ३-४ दिन अगाडि बाट नै ठुलो पानी परिरहेको थियो । आकाशमा कालो बादल मडारिरहेको थियो । एकनासले परेको पानी ले वरपरका खोला नालाहरु भरिएर उर्लदैं थिए । सधै झैं तिलबहादुरका बुढाबुढी त्यो दिन पनि खेतवारी कैं काममा तल्लिन थिए । धान रोप्न को लागी दिनै भरि पानीमा भिजेर खेतको छेउकुना खने । बेलुका भयो । पानीको वेग झनझन बढ्दै थियो । साझमा घर आएर तिल वहादुरकी श्रीमती बेलुकी को खाना पकाउने तरखरमा थिइन । घर नजिकै बग्ने खोला उर्लेर ठुलाठुला रुख र लेदो माटोको साथ मा उनको घर भित्र पानीको भेल पसिहाल्यो । ठाँडो खोलाको गडगडाहट ठुलै थियो । त्यो झमक्क अध्यारो साँझ त्यस्तै वेलुकीको ८ बजेको हुँदो हो । तिलवहादुर आफ्नो परिवार लिएर हतार हतार पानी नभए तिर भाग्न थाले । त्यो वेलामा उनले केहि सोच्नै भ्याएनन् । उनको मनमा एउटै उदेश्य उब्जीएको थियो । यो भयानक संकटबाट परिवारको प्राण कसरी वचाउने ? उनको घर माथी तिर बग्ने जिर्खे खोलाको ठुलो गडगडाहट प्रश्ट रुपमा उनको कालमा गुन्जिरहेको थियो । उनीहरु अघि अघि भागिरहेका थिए मानौकि उनीहरुलाई कसैले लखेटिरहेको छ । तिलबहादुर भन्छन् । "भाग्दा भाग्दै जङ्गलतिर पुगेछौं । रातको अन्धकार त्यहि माथी झरिपरेको । पानीको बढी चापले गर्दा होला जङ्गल भित्रको जमिन पनि भासिदैं थियो ।त्यो विकराल परिस्थितीको अन्धकार रातमा उनिहरु एकोहोरो भाग्दै थिए । जति भाग्यो ,पानि उति आइपुग्थ्यो । जहाँ टेक्यो उहि भासिन्थ्यो । रातै भरि छोराछोरीसमातेर तिल वहादुर का बुढाबुढी भागिरहे । खोल्सामा बस्यो माथीबाट पुरिन्छ । ढिस्का मा बस्यो त्यसै भासिन्छ । यहि कहाली लाग्दो सच्चाईमा आफ्नो खाली खुट्टाहरु कमाउदै जंगली जनावर र किरा फटयाङ्ग्रा हरुको वास्तै नगरी एक इन्जिन जडित यन्त्र झैं उनिहरुको मानव शरिर एकतमाशले हिडिरहयो । जहाँउनीहरुले आफ्नो अमुल्य जिवन लाई बचाउनका लागी अझ कैयौ दुरि पार गर्नु थियो । कहिले हिडदै त कहिले उभिदै त्यो झरिपरेको रात पनि झिसमिसे मा परिणत भयो । विहान पख पानी अलि घट्दै गयो । शरिरमा भएको एकजोर झुत्रो लुगा पनि सर्लक्कै भिजेको थियो । जाडोले थर थर काँप्दै उनिहरु फेरि आफ्नै घर भए तिर फर्कन थाले । रातभरि दौडदा दौडदै थाकेका पैताला लाई लर्खराउदै आफ्नो घर भए तिर पुगे तिल वहादुर । तर घर जाने वाटो नै भेटाएनन् उनले । जताततै खोला बगेको थियो । पैह्रो खसेको थियो र अझै खस्दै थियो । तिल बहादुरले टाढै वाट आफ्नो घर भएतिर आँखा पुऱ्याए । त्यहाँ उनको घरको नाम निसानै थिएन । जिर्खे खोलाले तिल वहादुरको घर खेतको अस्तित्व मेटाइ

सकेको थियो । त्यो भयानक दृश्यले तिल बहादुरको आँखा रसाएर आए । मन मष्तिस्कले केहि सोच्न सकेन । उनि अकमक्क परे । उनि भन्छन् ,"त्यो दृश्य हेर्दा हेर्दै मलाई रिँगटा चल्न थाल्यो र दुई घुँडा टेकेर त्यहि थचक्क बसेर धेरै वेर रोए । कति दुखले बल्लतल्ल जोडेको त्यो घरबार सवै लगे पछि अव म परिवार वोकेर कहाँ जाने , के खाने जस्ता विना जवाफका कैयौं सवालहरु मेरो मनमा धेरै नै मडारिरह्यो । धेरै वेर त्यही बसेपछि आफ्नो मनलाई सम्हालेर आफ्नो परिवार भएको ठाँउमा पुगे । उनीहरुको अवस्था पनि हेरि नसक्नुको को थियो । हिलो माटोमा लत्पतिएको भिजेको लुगा सँग थरथर काँपेर वसिरहेको थिए । उनको मनर्सथितिमा पनि ठुलो आघात परेको थियो । उनका कैयौ सपनाहरु एकाएक अन्धकार रातमा निर्दयी खोला सँगै वगेका थिए । उनका मानस पटलमा उब्जीएका कैयौं प्रश्नहरु सँग उनि अनुत्तरित थिए । अब उनि सँग केहि रहेन पुर्णरुपमा रित्तो भए । उनिलाई पत्याउनै गाह्ते भयो की यो साँच्चै भएको भनेर तर भयंकर डर लाग्दो यथार्थ उनको अगाडी थियो । वास्तविकता कठोर र निरास लाग्दो थियो । हेर्दाहेर्दै हातमुख जोर्ने र शिर ओतने ठाँउ वगेर गएको थियो । उनको मष्तिस्कमा अझै खोलाको गडगडाहट को तरङ्ग व्याप्त थियो । विश्वासै नलाग्ने गरी वगेको सपना सँग उनि अति दुखीत भए । वेलावखत मा छोरा छोरीका दयनिय आवाजले उनलाई फेरि विचलित पार्थ्यो । यसै गरि २ दिन त्यहि जंगलमा भोकै र प्यासै विताए पछि तेस्रो दिन त्यही खोलाको तिरमा आएर बसे । विभिन्न सहयोगी संस्थाहरुले दिएको खानेकुराले पेट भरे । उनि भन्छन् , "केहि दिन सम्म त दिउँसो खोलाको छेउ राती जंगलको वास गरेर वस्यौ । त्यस पछि रेडकसले हामीलाई मनहरीको एक विद्यालयमा लगेर राखीदियो । रासन, भाडाकुडा, लता कपडा दियो । हामी सँग त केहि थिएन । त्यसैले केहि दिनको आवाश्यकता पुरा गरेर बस्यौं । १०-१२ दिन त्यहाँ वसे पछि हामीलाई पैङजे भन्ने ठाँउमा सारियो । त्यहाँ बसुन्जेल पनि हामीले मेलापात गर्न थाल्यौ र त्यति कमाइले जिविको निर्वाहा गर्दै आएका थियौं । पछि वाढी पीडित संघको अध्यक्ष चुनिएका मन बहादुर थिङ्ग ले हामीलाई यो नयाँवस्ती को वगरमा ल्याईदिए । डेढ कट्ठा जमिन थियो । खाने र लगाउने केहि थिएन । त्यहाँ आएपछि मेलापात ज्याला निमेक गरेर र जंगल वाट काठपात खोजेर सानो झुपडी बनाएका छौं । तर बारबेर भने छैन । त्यही घरमा जिवन का वाँकी दिन विताउनु पर्ने अप्रत्यारिलो सत्य सँग डराएका छन् ।

जिन्दगीको क्यानभासमा प्रत्येक नमिठा पलहरुलाई आरनको कामले फोरा उठेका हातहरु बाट रङ्गाउने कोशिशमा छन् आजकल तिल वहादुर । विछट्टै सहन नसक्ने क्षण अब उनिहरु लाई सहज भैसकेको छ । कोही नयाँ मान्छेको अनुहार आफ्नो ठाँउमा देख्यो कि केहि गरिदिन्छकी ,केही दिन्छकी भनी आशा जगाइदिन्छ । मिठो खाने र राम्रो लगाउने रहर गर्न छोडीसकेका उनिहरुलाई केवल भरे

खाए भोली के खाने भन्ने सोचले सताइरहन्छ । आशा र उमङ्गहरु ओइलाईसकेका जिवनमा अझै जिउने रहर भने जिवीत नै छ । घर माथी खोला तल घर भएको र अत्याधिक पानी परेको  कारण खोलाले बगाएको सत्य मान्ने तिल वहादुर आजकल विहान भरी कुटो कोदालो हसिया बनाएर दिउसो भरि गाँउतिर वेचेर जिविको पार्जन गर्दै आएका छन् । तिल वहादुरकी श्रीमती मेलापात गरेर घर खर्च चलाउछिन । तिल वहादुरका छोराले आजकल पढाई छाडेर ग्यारेजमा काम गर्छ भने छोरीहरु पढाई छोडेर घरमै वस्छन् । एउटा छोरी सानै छ । सम्पतिको नाममा एक दुई वटा भाडा कुँडा भएता पनि ओढने ओछयाउने लुगा पनि छैन । गर्मीको अति गर्मी र जाडोको अति जाडो एउटै त्रिपालको साहारामा काटेका छन् उनीहरुले । वर्षाको पानी वाहिर नजाने त्यो झुपडीमा उनीहरु ठुलो हावा पानी आउदा सवैजना एउटै त्रिपाल ओडेर टाँडमुनि बस्न बाध्यछन् । कमाएको दिन पेट भरि खाने र नहुदा आधा पेट खाएर पनि चित्त बुझाउने तिल बहादुरको परिवारमा कति छाक त भोकै पनि वस्न परेको नमिठो सत्य छ वा तितो यथार्थ छ । तर पनि वाँचेका छन् उनिहरु । उमङ्ग र आशा छैन । मुजै मुजा परेको अनुहारमा कुनै मुस्कान छैन । आज केहि खायो कि भोली के खाने भन्ने चिन्ताले उनीहरुलाई हरसमय सताइरहन्छ ।

# ३२)पान बहादुर विश्वकर्मा

ठाँउ ठाँउमा च्यातिएको प्लास्टीकको पालले आफ्नो सानो झुपडिमा ओढाएर खोलाको वगरमा आफ्नो दुखि जिवन विताउने कोशिशमा आरन चलाउदैछन् पान वहादुर विश्वकर्मा । झट्ट हेर्दा ४०-५० वर्ष नाघे जस्ता देखिने यी पान बहादुर आज भन्दा ३४ वर्ष अगाडि मकवानपूर को राक्सीराङ्ग गा.वि.स. मा जन्मेका थिए । कुटो, कोदालो, हँसिया बन्चरो बनाउने उनिहरुको आफ्नो जातिय परम्परा भएता पनि उनिहरुको प्रशस्त खान पुग्ने जमिन ज्यथा थियो । १३ रोपनी खेत र अलिकति घरबारी भएका पान वहादुर आज त्यो ठाँउ चटक्कै छोडेर मनहरीको एक वगरमा आफ्नो ठुलो परिवार लिएर बस्न विवश छन् । जहाँ उनि सँग पानी पर्दा राम्ररी ओत दिने छानो छैन । हावा पानी असिना आउदा शिर लुकाउने ठाँउ छैन । पुष महिनाको मुटु कमाउने जाडो होस्  अथवा चैत वैशाखको चर्को घाम होस् उनिलाई र उनको परिवार लाई केहि फरक पार्दैन । किनकी उनिहरु सँग त्यसबाट बचेर बस्ने क्षमता छैन । बारबेर नभएको तर २-४ वटा खामो का भरमा च्यातिएको पलास्टीक र अलिकति खरपराल ले छाएको घर आकारको छाप्रोमा ८ जना ले जिवन व्यथित गर्दै आएका छन् ।

पान बहादुरले पहाडकै ठाँउ भएपनि उनको उमेर छदा २-४ कक्षा पढेका थिए । घरमा खेतिपाति प्रशस्त हुने हुँदा वाल्यकालमा उनले त्यति दुख पनि काटनु परेन । पान बहादुरको वाल्यकाल हुदै समय को रक्तार सगै हुर्कने क्रममा १९ वर्षको जवान भए पछि उनले पल्लो गाँउकी

सिता सँग विहे गरे । घरमा एक हल गोरु, भैसी, वाखा, कुखुरा पाल्थे । बुढा बुढी मिलेर काम गर्थे । दुई वृद्ध बुवा आमा पनि पालेका थिए । पान बहादुरका २ छोरा र २ छोरी जन्मिए । पहाडि गाँउमै भए पनि पान वहादुरले छोरा छोरी स्कुलमा भर्ना गरेका थिए । आफु यताउता हिडदा पनि धेरै नपढेको कारण विभिन्न कार्यलय र ठाँउमा अप्ठयारो परेको अनुभवले गर्दा पान बहादुरलाई छोरा छोरीलाई धेरै पढाउने ठुलो सपना देखेका थिए । आफुले जति दुख गरेर भए पनि छोरा छोरीलाई ठुलो मान्छे बनाउने उनको मनमा एउटै धोको पलाएको थियो । तर समयको उतार चढाप सँगै पान बहादुरको परिवार माथि परेको भयानक संकटले त्यो पान बहादुरको मनको धोको र सपना लाई चकना चुर पारिदियो अथवा कहिल्यै पूरा नहुने गरि मेटाइ दियो ।

हो त्यो समय जुन समयलाई पान बहादुरले कहिल्यै भुल्न सक्दैनन् । जुन समयले पान बहादुरको सुखमय जिवनलाई अध्यारो तिर मोडिदिएको छ । सुख दुख गरेर सिर्जना गरेको सानो संसार लाई एक झडकामै लथालिङ्ग बनाई दिइएको छ । आफ्नै खेतीपातीले खान पुग्ने र आरनमा विहान वेलुकी एक छिन मेहनत गर्दा राम्रो सँग जिन्दगी चलेको पान बहादुरको परिवारको जिवन माथी प्रकृतिले अनौठौ प्रकारले घातक प्रहार गरेको छ । पान बहादुर भन्छन्, “त्यो क्षण सम्झदा अहिले पनि मेरो मुटु दुख्न थाल्छ । मन थरथर काँप्न थाल्छ । यसरी सर्वस्व गुमाएर आज यो अवस्थामा वस्नु पर्ला भन्ने त कहिल्यै कल्पना पनि गरेको थिइन । त्यहि ठाँउ हो, जुन ठाँउमा मेरो वुवा ८० वर्ष पहिले जन्मनु भएको थियो । यति लामो समय सम्म नआएको बाढी पैरो आउछ भन्ने हामीले शंका सम्म गरेनौं । हाम्रो घर माथी जेर्खी खोला वग्थ्यो । वर्षाको बेला ३-४ दिन अगाडि देखि आकाशबाट अटुट रुपमा ठुलो पानी वर्षिरहेको थियो । पाकेको मकै थन्काउने र धान रोप्ने कामको चटारो थियो । हामीले मकै थन्काएका पनि थिएनौ । ३-४ दिन लगातार पानी परेपछि खेत नजिकैको खोला बढेर खेतमा पानी पस्न थाल्यो । पाकेको मकै सबै पानीले विग्रन्छकी भनेर मकै काटेर अलि अग्लो ठाँउमा राख्ने विचार गऱ्यौं र हामीले मकै काट्दै अलि माथि लाँदै थुपाऱ्यौ । बेलुकी साँझ पऱ्यो । हामीले सबै मकै काट्नै भ्याएनौ । भोली पानी घट्यो भने मकै थन्काउला भनेर घर आयौं । घरमा आएको केहिक्षण पछि खाना पकाएर खाने तर्खर गर्दै थियौ । घर वरपर पानीको मात्रा झनझन बढन थाल्यो । घरको दुवै पट्टि खोला वग्न थाल्यो । त्यस पछि हामी घर छोडेर भाग्ने विचार गऱ्यौ । तर हामीले निस्केर भाग्ने ठाँउ सम्म पाएनौ । वालक छोरा छोरी र वृद्ध वुवा आमालाई लिएर त्यहि घरमा वसिरहयौ । हामी साह्रै आत्तियौ ,रोयौ , करायौ ,चिच्यायौ । त्यो शुनशान रातको अन्धकारमा खोला को गडगडाट बाहेक केहि सुन्न सकिदैनथ्यो । जताततै अन्धकार छाएको थियो । त्यो घरमा बसिरहयो भने अवस्य मरिन्छ भने जस्तो लाग्यो । त्यो दिन वि.स.२०५९ साल श्रावण ६ गते रातको

त्यस्तै १२-१ बजेको हुदो हो । म र मेरी श्रीमती मिलेर छोरा छोरी र वुवा आमालाई सामातेर पानी अलिकम भएको तिरबाट झिकेर जंगल छेउको एक अम्बाको रुखमा चढाएर राख्यौ र हामी त्यहि रुख मुनि बसेर भोली विहानको उज्यालोको प्रतिक्षा गरिरहयौ । रातैभरि पानी दर्किरहयो । हामी पानीले नुत्रुक्क भिजेर थरथर काप्दै थियौ । हामी सँग अन्य लुगा थिएन । खोलाबाट जंगलतिर भाग्दै आउँदा लडेर आमाको पेटमा ठुलै चोट लागेको रहेछ । आमा पेट दुख्यो भनेर रुदै हुनुहुन्थ्यो । रातको अन्धकारमा के भए छ भनेर हेरन पनि सकिएन । रातै भरिको झरीमा रोएरै बस्यौ कराएरै बस्यौ । केहि सोच्ने सम्झने शक्ति नै ह्रास भएछ  क्यारे ? हामी शोक विहल भयौ । कालो र लामो रातको छुटकारा सँगै भोलिपल्ट विहान भयो । आकाशबाट पानी पर्न अलि कम भएको थियो । छोरा छोरी भिजेको कपडामा थरथर कापिरहेका थिए । बुढीआमालाई पेटमा लागेको घाउबाट रगत बग्दै थियो । आमाको चाउरिएको अनुहार र धमिलो आखाँमा असिमित दर्द पिडा छाएको देखिन्थ्यो । तर बुबा र म भने आफ्नो घर भए तिर के भयो भनि हतार हतार पाइला अधि बढायौ । टाढाबाट घर चाहि ठाडै देखिन्थ्यो । घर मा बल्ल तल्ल पुग्नै आँटेका मात्र के थियौ । घर नजिकै पुग्न नपाउँदै घर भन्दा पर पट्टि पर्ने डाँडा खसेर घर सबै पुरिदियो । आफ्नै आँखा अगाडी कति दुखले बनाएको त्यो घरको नाम निशाना पैह्रेले पुरेर मेटाइदियो । खेत खोलाले लगिसकेको थियो । घर पैरोले किचिदियो । हामी बुबा र म दङ्ग  पऱ्यौं । हामीले  गर्न सक्ने केहि थिएन । त्यसपछि मलाम गएर फर्के झै आँखा भरी आशु बोकेर एक पटक  आफ्नो घर खेत भएको ठाउँ तिर हेर्दै हामी फरक्क फर्केर फेरि जंगल तिर आयौ । हामी डाको छोडेर रुन पनि सकेनौ । केहि क्षण सपना हो वा विपना छुट्टाउन गाह्रो भयो हामीलाई । बल्ल तल्ल पानी र पैरोमा भासिदै परिवार बसेको ठाउँमा आइपुग्यौ । मलाई साह्रै चिन्ता पऱ्यो । यत्रा बालक छोरा छोरी यी बुढेसकालका बुबा आमा लिएर अब म कहाँ जाँउ ? के खानेहोला ?कहाँ बस्ने होला ? भन्ने जस्ता थुप्रै तरङ्गहरुले मेरो मनलाई उथल पुथल पारि दिन्थ्यो । त्यो दिन पनि दिनै भरि त्यै जङ्गलमा बस्यौ । फेरी रात पऱ्यो । खाने कुरा केहि थिएन । सबै एक अर्काको मुखमा हेर्दै वस्यौ, रोयौ । कति रुने रुँदा रुँदा आशु सुकिसकेको थियो । जाने ठाँउ कतै   थिएन । जतातते खोला बगेको थियो । जतातते पैह्रे खसेको थियो । दिन गयो ,रात आयो ,रात पनि वित्यो । फेरि भोली विहान भयो । हामी त्यै जङ्गगमा भोकै प्यासै बसे पछि हामीलाई दैवि प्रकोप उदार संस्थाले मनहरी स्कुलममा ल्याइदियो । खानको लागी चिउरा दियो । ३ दिनको भोको पेटमा त्यहि चिउरा र पानी खायौ । त्यसपछि केही रासन, भाडाकुडा, पालहरु दियो । करिव १२-१४ दिन त्यहा बसेपछि प्याङचे भन्ने ठाँउमा गाँउ विकास समितिले सारी दियो । करिव एक वर्ष त्यहाँ बसेपछि २०६० साल चैतमा यहाँ नयाँ वस्तीमा आएर वस्न थाल्यौ । खाने कुरा केहि हुदैन । यहाँ डेढकट्ठा जमिन दिइको छ । तर यो

जमिनमा केहि फल्दैन । वर्षा लाग्न साथ यहाँ पनि खोला बग्छ । बाढी र पैरोले घर खेत लगपछि हामी पुरै रित्तो भयौ । हामी सग केहि भएन । स्कुल पढिरहेका छोराछोरी को पढाई पनि छुट्यो । अहिले त झन नजिक स्कुल पनि छैन । दिनभरि कमाएकोले दुई छाक खान धौधौ  पर्छ । कसरी छोरा छोरी पढाउने ? पैरो लागेपछि विरामी हुनुभएको आमालाई सरकारले नै उपचार गरिदियो । पछि फेरी छोरी लाई प्यारालाईसिस भएछ । आफ्नै आँखा अगाडी बालक छोरी रोग लागेर लाचार भएर मर्न आँटेको हेर्न पनि सकिन  । कतै चन्दा मागे त कतै ऋण गरेर ८० हजार जुटाएर इण्डिया लगेर उपचार गरे । त्यहि उपचार गर्दा लागेको ऋण अझै २८ हजार तिर्नै बाकि छ " पुर्पुरोमा हात राख्दै आफ्नै व्याथा पोख्छन्  'पान बहादुर ।

आजकल रात दिन लगाएर आरनमा काम गर्छन् । मेलापात जान्छन् । आज लगभग ३ वर्ष पुगिसक्यो ।यो तिन वर्षमा कहिल्यै पनि पान बहादुरले खुशी र सन्तोषको लामो सास फेर्न पाएका छैनन् । उनि एक्लै मरिमेटेर काम गर्छन र विहान बेलुकी को छाक टार्छन । मिठो त त्यस्तै हो ,पिठो सम्म बेसाएर छाक टार्न गाह्रो भएको छ आज पान बहादुरलाई । उनले कहिल्यै चर्को घाम ,वर्षे झरि र पुषको जाडो भनेर बस्न पाउदैनन् । किनकी उनका छोरा छोरी सानै छन् ।  बुवा आमा वृद्ध छन् । उनको परिवारको प्राण नै पान बहादुरको कमाईमा अडिएको छ । आज कुरै कुरामा दुखको कुरा गर्दा उनि भन्छन् ,"यहाँ भन्दा दुख पनि हुन्छ र ? यहाँ भन्दा दुख हुन्छ भने त्यो दुख कस्तो होलार ? भनेर वेला वेलामा आँशु पनि झार्छन । सबैका बालबच्चा स्कुल गएको देख्दा आफ्नो बालबच्चा पनि पढाउन पाए कस्तो हुन्थ्योहोला भनेर कल्पना गर्छन पान बहादुर । उनको छोराछोरी पढाउने एउटै धोको पनि बाढी पैरोले सबै मेटाइदियो ।

अतितलाई सम्झेर वर्तमानमा हैरान पर्ने पानबहादुर भन्छन्,"कहाँ गएर जिवन काट्ने भन्ने कुनै टुंगो छैन । यहाँ पनि वर्षा लाए पछि खोला आईहाल्छ । ढुक्कले बस्नु पनि छैन । खोला बग्न नदिन बोरामा बालुवा हालेर छेकवार वनाएर वस्ने सबै गाँउलेको योजनामा उनि पनि सामेल भएका छन् । तर पानीको भेललाई उनिहरुको बोरको  वाँधले कहाँ सम्म थिग्ने हो त्यो पछि को कुरा हो । अब अन्य ठाँउमा  गएर फेरि जग्गा जमिन जोडेर बस्ने खुबी अथवा श्रोत उनिहरुमा छैन । अन्तमा पान बहादुर फेरि भन्छन् ,"सुख सँग बस्ने मिठो खाने राम्रो लगाउने इच्छा चाहना त अब हाम्रो जिवनमा त्यति कै होला । खान सम्म त मेरो परिवारलाई म बाचुन्जेल जसरी पनि खुवाउँथे होला । तर छोरा छोरी पढाउने एउटै मात्र मनको इच्छा अधुरै रह्यो ।"